ISSN 2631-2298

nepal.ekantipur.com

आइतबार • १ भदौ २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक



बूढो हुन मन छैन

छोराछोरी बिदेसिँदा आमाबाबु बेसहारा

जथाभावी शल्यक्रियाले शरीर झन् रुग्ण

परिवार र समाजको उपेक्षा बढ्दो

राज्य संवेदनशील हुनु साटो वृद्धभत्ता दिँदै, पन्छिँदै

१६ पृष्ठको विशेष प्याकेज

नेपालीको रेमिट्यान्स : आधा कमाइ दलाललाई, बाँकी साहूलाई

CENTURY BANK

सेञ्चुरी बैंक

SAVE YOUR EARNINGS IN SAFE HANDS

CENTURY PREMIUM SAVINGS

6.5% Interest Rate p.a.

Accidental death insurance Maximum Rs. 5,00,000/-*

50% discount on locker facility*

No charges for using Century Debit Card in other banks ATM all over Nepal

Free Internet and SMS banking, Debit card, ABBS, ASBA facility and DMAT account opening*

Pratibha Mali
National Volleyball Player
Brand Ambassador

*Conditions Apply

6.5% p.a. interest rate in all other saving accounts

सरल बैकिङ्ग... सबैका लागि

CENTURY COMMERCIAL BANK LTD.

Head Office: Putalisadak, Kathmandu, Nepal
Phone: 977-1-4445062, 4440421, Fax: 977-1-4441422,
Email: welcome@centurybank.com.np, Web: www.centurybank.com.np

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

भित्र

आइतबार, १ भदौ २०७६ (वर्ष २०, अंक ३)
Nepal National Weekly, 18 Aug 2019 (Vol. 20, No. 3)



बूढो हुँदै गएका हामी | १४

सम्पादकीय | ३
पाठक मञ्च | ४
स्मरण | ५
प्रवेश | ६
परिहास | ८
पर्सोनाज : कुमार नगरकोटी | ९
नाटक | ५०
पुस्तक | ५२
तीन किताब | ५३
सहरमा | ५४
नोटबुक | ५६

१०
हाम्रो नेपालमा
खुसी लिएर घर फिर्ती

३०
(अ) सहमति
भास्कर गौतम

३२
राजनीति
अपरिपक्व संसद्,
अटेरी सरकार

४०
टिप्पणी
लेखनाथ पौडेल

४४
मर्निङ वाकमाला
खगेन्द्र संग्रौला

४५
रङ
गजुरियल कमेडी

४८
महादेशका कवि र कविता- १
चीनका हिमाली कवि

५१
१० प्रश्न
विराज महर्जन

सम्पादकीय

बचत शून्य रेमिट्यान्सको अँध्यारो पाटो

विदेशमा मजदुरी गर्न गएका नेपालीले बगाएको पसिनाको मूल्यलाई छुटाएर यहाँ गरिने आर्थिक विकास र समृद्धिका बहस पूर्ण हुने छैनन्।

मुगलानिनु नेपालीको इतिहासदेखिकै नियति हो। यो यथार्थलाई आजका दिनमा खाडी मुलुकको श्रमबजारले प्रतिस्थापित गरेको छ। तर डेढ लाखभन्दा बढी खर्चेर अरब मुलुक या अन्यत्र काममा जाने मजदुरले औसत दुई वर्षको बसाइमा कमाउने रकम त्यसभन्दा केही बेसी मात्र हुने तथ्यले जोकोहीलाई संवेदनशील बनाउँछ। तीमध्ये थुप्रै जोखिमयुक्त क्षेत्रमा न्यूनतम सुविधाविहीन भएर खटिएका छन्। कतिको बाँचेर फर्कने ठेगान हुन्न। उतै नारकीय जीवन बिताउनेको हिसाब आर्थिक वृद्धिको तथ्यांकभित्र समेटिएको हुँदैन। हाम्रोमा रेमिट्यान्सलाई 'ग्ल्यामराइज' गरी त्यसको अँध्यारो पाटो नजरअन्दाज भएको अवस्था छ।

राहदानी बनाउँदा, म्यानपावर कम्पनीलाई तिर्ने रकमदेखि उडानका लागि अन्तर्राष्ट्रिय विमानस्थलसम्म पुग्दा औसतमा १ लाख ५० हजार रुपैयाँ खर्च हुन्छ। उक्त रकम कटाउँदा २ वर्षमा १ लाख ३८ हजार रुपैयाँ बचत देखिन आउँछ। त्यसको ब्याज छुट्टै हो। नेपालीले विदेशमा गर्ने आम्दानीका तुलनामा खर्चै बढी देखिन आउँछ।

विदेश जानुका बेफाइदा मात्रै छैनन्, बनिबुतोका भरमा चलेको गुजारामुखी अर्थतन्त्रलाई स्तरोन्नति गराउन रेमिट्यान्सको योगदान रहेको वास्तविकता भुल्नु हुँदैन। तर नागरिकका आर्थिक-सामाजिक आवश्यकताप्रति खासै उत्तरदायी नभए पनि हुने राज्यको प्रवृत्तिका अघिल्तिर यो प्रसंग गौण बन्न जान्छ। सरकारले वैदेशिक रोजगारीमा जानेका लागि सहजता प्रदान गर्ने कबुल पटक-पटक गर्दै आएको छ। त्यसतर्फ चालिएका कदम भने कामकाजी हुन सकेनन्।

केपी ओली सरकारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रहेका गोकर्ण विष्टले यो दुष्चक्र तोड्न केही प्रयास गरे, जसले सार्थकता पाउन भने अझै बाँकी देखिन्छ। शून्य लागतमा मलेसिया पठाउने भनी उनले त्यहाँका समकक्षी मन्त्रीसँग श्रम सम्झौता गरे, जसको कार्यान्वयनमा मलेसियाली दूतावास अवरोधक बन्न गएको देखिन्छ। यति मात्रै होइन, स्वयं सत्तारुढ नेकपाकै कतिपय नेताबाट अड्चन हुँदै आएको छ। उच्च स्रोतले *नेपाल*लाई चुहाएको सूचनाअनुसार नेकपा स्थायी समितिका बैठक म्यानपावर कम्पनीका मालिकबाट प्रभावित भएका छन्, जसबारे हामी थप लेख्दै जानेछौँ।

नेपाली श्रमिकको सबैभन्दा ठूलो गन्तव्य मलेसिया हो, जहाँ १५ महिनायता श्रमिक जान पाएका छैनन्। त्यहाँ नेपालीले चरम असुरक्षा र अमानवीय व्यवहार खेपेको भन्दै सरकारले रोक लगाइदिएपछि मलेसिया श्रम सम्झौता गर्न बाध्य भएको थियो। तर कार्यान्वयनमा काफी अड्चन देखिएका छन्। *नेपाल*को यो अंकमा योगेश ढकालको रिपोर्ट भन्छ : मलेसिया मात्रै नभएर अन्य देशहरूसँग समेत श्रमिकमुखी सम्झौता गर्न अग्रसर भएका मन्त्री विष्टले निर्णय लागू गराउनमा देखिएका चुनौती हटाउन अझै सकेका छैनन्।

सके वैदेशिक रोजगारमा जानै नपरेको राम्रो। नसके पनि श्रमिकलाई शून्य लागतमा तुलनात्मक रूपमा कम जोखिम भएका, सेवासुविधा आकर्षक भएका र सामाजिक सुरक्षाको राम्रो प्रवर्द्धन भएका देशमा पठाउन आवश्यक छ। सरकारले यति गर्न सक्यो भने दुईवर्षे विदेश बसाइँमा आर्जेको कमाइमध्ये आधाजति हिस्सा म्यानपावर कम्पनीका दलाललाई बुझाउन बाध्य श्रमिकको कल्याण हुनेछ। भुइँका ती लाखौं नेपाली, जसको बाँकी कमाइ पनि साहूहरूलाई साउँब्याज बुझाउँदैमा ठिक्क छ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य**
नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** अर्थ : **विजयराज खनाल** कपी डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २६ साउन २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

पाठक मञ्च

प्रहरीलाई पंगु बनाउने पहल

अर्धसैनिक संरचनाको सशस्त्र प्रहरीलाई नेपाल प्रहरीले प्रयोग गर्दै आएका केही अधिकार सुम्पिन खोज्नु सुरक्षा निकायलाई कमजोर पार्ने षडयन्त्र हो *(आमनेसामने, २६ साउन)* । सीमा सुरक्षा र मुलुकभित्रको आन्तरिक द्वन्द्वलाई काबुमा राख्न स्थापना गरिएको सशस्त्र प्रहरीलाई नेपाल प्रहरीकै अधिकार सुम्पिंदा प्रतिस्पर्धी संगठनजस्तो देखिनेमा कुनै विवाद छैन । गृह मन्त्रालयले तयार पारेको मस्यौदाअनुसार सशस्त्र प्रहरीलाई अपराध अनुसन्धान र नियन्त्रणको भूमिका दिने प्रावधान कार्यान्वयन भए दुई संगठनबीच किचलो हुनेछ ।

■ **कपिल कार्की**
चाँगुनारायण नगरपालिका, भक्तपुर

सशस्त्र प्रहरीको मनोबल घटाउने प्रयास

'प्रहरीको मनोबल घट्ने गरी सशस्त्रको क्षेत्राधिकार बढाउने एक दशकदेखिको अनुचित प्रयास उत्कर्षमा' विषयप्रति सशस्त्र प्रहरी बल नेपालको ध्यानाकर्षण भएको छ *(आमनेसामने, २६ साउन)* । उक्त सामग्रीमा सशस्त्र प्रहरी बल प्रमुख जिल्ला अधिकारीको निर्णयले चल्ने फौज नभएको, सशस्त्र प्रहरीको परिचालनमा गलत अभ्यास भइरहेको, गृह मन्त्रालयले सोच्नुपर्नेजस्ता विषय मैले बोलेको थिइनँ ।

सशस्त्र प्रहरी अनुशासित एवं संघीय सरकार मातहत रहेको सुरक्षा निकाय हो । सशस्त्र प्रहरी कस्तो अवस्थामा कसरी परिचालन हुने भन्नेमा स्पष्ट कानुनी व्यवस्था छ । शान्ति-सुरक्षामा परिचालित संगठनबारे तथ्यभन्दा बाहिर गई समाचार प्रकाशित हुंदा नागरिकमा भ्रम सिर्जना भएकाले संशोधनका लागि अनुरोध छ ।

■ **सुरजकुमार श्रेष्ठ**
प्रवक्ता, सशस्त्र प्रहरी नायब महानिरीक्षक

उम्किने पहल

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगमा आफूअनुकूलका व्यक्ति नियुक्त गरेर द्वन्द्वकालीन मुद्दाबाट बच्ने सत्तारूढ र प्रतिपक्षी नेताको मनसाय देखियो *(न्यायमा चालबाजी, ५ साउन)* । सशस्त्र द्वन्द्वका क्रममा राज्य पक्ष र माओवादी दुवैबाट सर्वसाधारण चेपुवामा परेका थिए । दुवै आयोगमा आफू अनुकूल नियुक्त गरेपछि पीडितले न्याय पाउन मुस्किल हुन्छ ।

■ **पदमराज भण्डारी**
तानसेन नगरपालिका, पाल्पा

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np

लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine
@NepalMagazine
@nepalmagazine

ट्वीट

ने

जुधाउने तयारी
Elite Akash-@AkashElite

यिनीहरूको जुंगाको लडाइँमा हामीलाई रुचि छैन । गतिलोसँग अपराध अनुसन्धान गर्ने ढंग छैन, क्षेत्राधिकारमा विवाद ? सरकारलाई जे ठीक लाग्छ, त्यही गरोस् ।

ने

बदलिंदो दाम्पत्य
Nabaraj Pandit@NabarajPandit3

विदेश जानेवालाले स्त्रीको भरणपोषणको प्रबन्ध गरेर जानुपर्ने किनकि अन्न, वस्त्रका लागि स्त्री दुःखी भएर बिग्रन सक्छे । यस अवस्थामा स्त्रीले शृंगार नगर्नू । मद्यपान गर्न, पतिको वियोगमा घुम्न, सुत्नका लागि अरूको घरमा रहन हुंदैन । मनुस्मृति

ने

बोर्ड फेरिए, अड्डा उही
Binod Neupane@binu3

परम्परावादी तथा रूढीवादी राजनीतिक मनोवृत्ति, संघीय संरचनाको सिद्धान्त र अभ्यास घुलित हुंदा हामी 'भीरको चिचिन्डो उधो न उँभो' को अवस्थामा रहेका देखिन्छौं । संघीयता कार्याक्षम देखिन्छ !

ने

मनिंङ वाकमाला
mukesh Ghimire @mukesh_Sindhuli

शुभकामना ! सम्फनाका कुइनेटाहरू फेला पारेको छु । हेर्दै छु, कस्ता-कस्ता कुइनेटा रहेछन् ।

ने

Tej Bar@tej_bar

बूढा नै हुन् कपाल फुलेका । नम्र बोल्ने, चुरोट तान्ने र उत्पात खरो लेख्ने ।

ने

हेगको हिरो
Hello Hi Bye Bye@HelloHiByeBye8

प्रचण्डले हेग सम्बन्धमा जनतालाई आफ्नो व्याकुलता पस्किएका हुन् । उनले आफू जोगिन गुप्त रूपमा मिसन चलाएका छन् । सञ्चार माध्यमलाई नजिक्याउन चारा फ्याँकेका मात्र हुन् ।

पोस्ट

ने

सारथि कि विरोधी ?
Yam Kunwar

यो असम्भव छ । ओलीज्यू मोदीलाई सपथ ग्रहण खुवाएर आएपछि पनि त्यस्तो होला र ? बकवास मात्र हो ।

ने

Tara Bahadur Katwal

केपीभन्दा प्रचण्ड खतरनाक खेलाडी हुन् पहिलेदेखि नै । गत साता विद्या चापागाईंको बितेको कथा हेरेपछि माओवादी नेताहरूको असलियत थाहा भयो । पद र पैसाका लागि जे पनि गर्न सक्छन्, दुवैले ।

ने

सरकारी छक्कापञ्जा
Kishor Raj Paudel

हलका कर्मचारीलाई सरकारले तलब बाँड्ने हो कि ? नेपाली फिल्म हेर्न त दर्शक आउँदैनन् । दर्शक आएनन् भने तलब त आउँदैन अनि फेरि कतिलाई बेरोजगार बनाउनु हुन्छ ?

हिमाली क्षेत्रको तिब्बत साइनो

ताम्ला उक्याब

चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएका नेपालका १५ हिमाली जिल्लालाई भोट (तिब्बत) क्षेत्र मान्ने गरिएको छ । २ हजार वर्ष पुरानो इतिहास बोकेको परम्परागत भोटे अथवा भोट्याहा भनिने जनजातिको बसोबास क्षेत्रलाई भोट मानिएको हो । वर्तमान नेपालको एकीकृत संरचना हुनुअघि नै ताप्लेजुङदेखि दार्चुलासम्मका हिमाली जिल्ला तिब्बतसँग सीमा जोडिएको हुँदा यस क्षेत्रको सामाजिक, आर्थिक तथा धार्मिक संरचना उसैसँग मिल्दोजुल्दो छ ।

विजेताको मात्र इतिहास लेखिने विश्व परम्परा भएकाले हालको नेपालको सीमा समेटिएको भोट क्षेत्र हजारौं वर्षअगाडि तिब्बत अधीन रहेको मानिन्छ । किनभने वर्तमान नेपालको एकीकृत तस्बिर विसं १८२५ देखि मात्र आएको हो । त्यसअगाडि पश्चिमतिर बाइसे/चौबीसे राज्य, पूर्वतिर लिम्बुवान, खम्बुवान र उपत्यकामा पनि भुरे/टाकुरे राज्य स्थापना भए ।

एकीकृत नेपाल निर्माण हुँदै गर्दा हालका भोट क्षेत्र पनि सँगै गाभिए । नेपाल-तिब्बतबीचको पटक-पटकको लडाइँले सिमाना यताउता भए । सीमा हेरफेरले केही मानिस जमिनसहित आए । सीमा पनि आयो । सन् १९५५ मा सम्पन्न नेपाल-चीनबीचको शान्ति तथा मैत्री सन्धिअघि तिब्बतमा पनि नेपालको दक्षिण क्षेत्रजस्तै आउजाउ, बिहेबारी, साइनो/सम्बन्ध सबै खुला थियो । सन् १९५५ मा मात्र पासपोर्ट सिस्टम लागू भएको हो ।

थातथलोसँगै सीमा सरेपछि हिमाली वासिन्दा नेपालका आदिवासी भएका हुन् । सीमा काट्दा एउटा गाउँ तिब्बत र अर्को गाउँ नेपालका भोट क्षेत्र बने । यिनै हिमाली क्षेत्रमा बसोबास गर्नेलाई कालान्तरमा आदिवासी मानियो । नेपालको हिमाली क्षेत्रमा बस्नेलाई अन्तर्राष्ट्रिय स्तरमै संयुक्त राष्ट्रसंघ, विश्व बैंकलगायतका संस्थाले आदिवासीको मान्यता दिए । यो मान्यताको पुष्टि गर्ने आधारचाहिँ यस क्षेत्रमा पर्ने डाँडाकाँडा, खोलाखोल्सी, गाउँसहर, हिमाललगायत स्थान भोट भाषासँग मिल्दाजुल्दा छन् । भोट भाषाको झोमुल्होङ्मालाई शाहकालीन समय सगरमाथा नाम दिइए पनि स्थानीयले चलनचल्तीमा अझै भोट भाषाकै नामबाट पुकार्छन् । कञ्चनजंघालाई पनि भोट भाषाकै घाङचेनच्योन्ङ्गा भन्छन् । औपनिवेशिक राज्यमा जनजातिका नामबाट बनेका स्थानको नाम फेरिदिने चलन नेपालमा मात्र नभई विश्वभर प्रचलित छ । त्यसको उदाहरण भारतमा चेन्नाईबाट मद्रास, मुम्बईबाट बम्बई, कलकताबाट कोलकात्ता आदि बनाइएका थिए । अहिले पुरानै नाम बोलिन थालिएको छ ।



अचम्म के भने विश्वका उच्च १४ मध्ये नेपालमा पर्ने १० हिमालको नाम पनि भोट शब्दबाटै जुराइएको हो । नेपालमा मात्र नभई भारत र मुस्लिम बहुल पाकिस्तानमा रहेका हिमालको नामसमेत तिब्बती शब्दबाट राखिएका छन् ।

सर्भे अफ इन्डियाले यस क्षेत्रका लागि बनाएको नक्सामा समेत भोट क्षेत्र भनेर प्रस्ट्याएको छ । ताप्लेजुङलाई वालुङभोट, संखुवासभालाई सिन्साभोट, सोलुखुम्बुलाई खुम्बुभोट, मनाङभोट, मुस्ताङभोटलगायत तिब्बती शब्दबाट पहिचान दिइएको छ । नेपालकै पुराना मुलुकी ऐन, लालमोहर, ताम्रपत्रलगायतमा पनि भोट/भोट्याहा लेखिएको छ ।

नेपालका भोट क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक परिवेश पनि तिब्बती ढाँचासँग सोह्रैआना मिल्दोजुल्दो छ । पछि भोट क्षेत्रमा बसोबास गरेका अन्य जातिले समेत तिब्बती परम्परा धानेका छन् । हुम्लामा बाहुन/क्षत्री आदि जातिले पनि पहिले-पहिले बख्खु लगाउँथे, जुन तिब्बती भेषभूषा हो ।

भोट क्षेत्रमा पर्ने डोल्पा पूरै महाकाली अञ्चल र उपत्यकाका तीन जिल्लाभन्दा ठूलो छ । तत्कालीन श्री ५ को सरकारले विसं ०२२ मा दुर्गम क्षेत्र विकास समिति गठन गरेको थियो । त्यो समिति हालै मात्र विघटन भयो । ३८ प्रतिशत बसोबास रहेको नेपालको भोट क्षेत्रमा परम्परागत रूपमै तिब्बतसँगको व्यापार, त्यसपछि पशुपालन, गलैंचा तथा राडीपाखी बुनाइ अहिले पनि छ । पछिल्लो समय केही जिल्लामा पर्यटन व्यवसाय थपिएको छ ।

भोट क्षेत्रमा तिब्बतीसँग बिहेबारी हुने चलन सन् १९५५ देखि केही घटे पनि अहिलेसम्म निरन्तर छ । मुस्ताङी राजाका छोराले सन् १९८६ मा तिब्बती महिलासँग बिहे गरेका थिए । अहिले बिहेबारी तिब्बततिर घटे पनि शरणार्थीका रूपमा नेपालमा थातथलो बनाएका तिब्बतीसँग भोट क्षेत्रका मान्छेको बिहेबारी निर्बाध भइरहेको छ । पासपोर्ट सिस्टमले बिहेबारी केही घटाए पनि ३० किमि सीमा वरपरका वासिन्दाले निर्बाध आउजाउ सुविधा पाइरहेकै छन् ।

ओलाङचुङगोलालगायतका कतिपय उत्तरी जिल्लामा सन् १९५५ अघि ५० प्रतिशत बिहेबारी उतै हुन्थ्यो । हाम्रै परिवारको बिहेबारीसमेत तिब्बततिरै भएको थियो । मेरा बुबातर्फको हजुरआमा र आमातर्फको हजुरआमा तिब्बतबाटै बिहे भएर आएका हुन् ।

उक्याबसँग सरकारको कर्मचारी प्रशासनका साथै चीनको स्वशासित क्षेत्र तिब्बतमा महावाणिज्यदूतका रूपमा काम गरेको अनुभव छ ।

■ प्रस्तुति : गोकुल अर्याल

प्रवेश

सोझै

नेपालबाहिर

डेटिङ जान नपाउँदा...

प्रेम र युद्धमा जे पनि जायज भन्नु तर्क मात्रै हो । चोखो मनले प्रेम गरिएको मान्छेलाई आँसु दिन कसरी सकिन्छ ? तर सर्बियाका ६५ वर्ष वृद्धले त्यसलाई नबुझेपछि ठूलो झमेला भएको *न्युजडटस्काईडटकमले* जनाएको छ ।

लुफ्थान्सा फ्लाइटएलएच १४११ को यात्रुवाहक जहाज सर्बियाको राजधानी बेलग्रेडबाट जर्मनीको फ्रयांकफर्टतर्फ जाँदै थियो । जहाज उड्नै लाग्दा कसैले फोनमा भनिदियो, बम छ । त्यसपछि सुरक्षाकर्मीले १ सय ३० यात्रु र ५ जहाजका कर्मचारीलाई बाहिर निकाले पनि केही फेला परेन । अनुसन्धानका क्रममा के पत्ता लाग्यो भने फोनकर्ता तिनै सर्बियाली वृद्ध रहेछन् । उनका अनुसार जहाजका दुई महिला कर्मचारीसँग डिनर डेट जान प्रस्ताव गरे तर दुवैले मानेनन् । त्यसपछि तिनलाई देशमै रोक्नका लागि उनले जहाजमा बम राखिएको भन्दै फोन गरे । उनको फोन कलका कारण यात्रु ८ घन्टा विमानस्थलमै अलपत्र परे । ने

सुर बेसुर

संघीय सरकारमा बस्नेहरूले गरेको मोजमस्ती कसैले देखेका छैनन् । खालि प्रदेश सरकारका मन्त्री सुविधाभोगी भए भन्दै आलोचना गर्छन् । प्रदेशका मुख्यमन्त्री काठमाडौं जाँदा थोत्रा गाडी दिने हुँदा त्यसैको प्रतिरोधस्वरूप महँगो नयाँ गाडी खरिद गरेर चढेको हुँ ।

पृथ्वीसुब्बा गुरुङ
मुख्यमन्त्री, गण्डकी प्रदेश
अनलाइनखबर

K. L. DUGAR GROUP

यूनाइटेड सिमेन्ट्स

हरेक निर्माणको धड्कन

परिहास

सुरेश किरण

लोकतन्त्र र प्रतिपक्षी

देशमा एक पटक फेरि प्रतिपक्षीको खोजी भएको छ। यति धेरै घटना र दुर्घटना देशमा भइरहेका छन् । तर प्रतिपक्षी चुं पनि बोल्दैन । देशमा साँच्चै प्रतिपक्षी नभएकै हो कि क्या हो ?

वास्तवमा प्रतिपक्षी नभेटिनु सानो कुरा होइन । लोकतन्त्रमा प्रतिपक्षी नहुनु भनेको त अत्यन्तै खतरनाक पो हुन्छ । किनभने लोकतान्त्रिक व्यवस्थामा सरकार नभए पनि बरू केही हुंदैन, प्रतिपक्षीचाहिं हुनैपर्छ । लोकतान्त्रिक व्यवस्था भनेकै प्रतिपक्षीसहितको व्यवस्था हो । सरकार भनेको त जुनसुकै व्यवस्थामा पनि हुन्छ । राणाको व्यवस्थामा पनि सरकार थियो । पञ्चायती व्यवस्थामा पनि सरकार थियो । त्यो दुवै व्यवस्थामा नभएको त प्रतिपक्षी मात्रै हो ।

कालान्तरमा दुवै व्यवस्था ढले । यी दुवै व्यवस्था ढलेपछि नयाँ जो व्यवस्था आयो, त्यसको प्रमुख आकर्षण भनेकै प्रतिपक्षी हो । किनभने यो व्यवस्थामा प्रतिपक्षी पनि छ, त्यही भएर त यसलाई लोकतान्त्रिक व्यवस्था भनियो । यदि प्रतिपक्षी नभएको भए यसलाई कसरी लोकतान्त्रिक व्यवस्था भन्ने ? व्यवस्था लोकतान्त्रिक हो कि होइन भनेर छुट्याउनलाई पनि त कुनै न कुनै मापदण्ड चाहियो नि । त्यो मापदण्ड भनेकै प्रतिपक्षी हो । होइन भने पञ्चायती व्यवस्था र यो व्यवस्थामा के फरक छ ? पञ्चायतमा प्रतिपक्षी थिएन । अहिले प्रतिपक्षी छ । यति होइन फरक ? नेपालमा लोकतन्त्र पनि छ भनेर देखाउने एउटै मात्र वस्तु भनेकै प्रतिपक्षी हो । अब त्यो पनि लोप भयो भने कहाँ देखाउने लोकतन्त्र ?

कर नलाग्ने किताब

सरकारले पुस्तकमा पनि कर लिन थालेपछि पाठक कराउन थालेका छन् । यो के गरेको सरकारले ? पुस्तकमा पनि कर लिन पाइन्छ ? पुस्तक भनेको त पढ्ने वस्तु हो । पढ्ने वस्तुमा कर लिन पाइँदैन ।

अब यी पुस्तकका पाठकलाई थाहा हुनुपर्ने हो, कर नलिए त सरकारै चल्दैन । सरकार चल्ने भनेकै कि करले हो, कि डरले हो । त्यही भएर कर लिन पाइँदैन त भन्नै मिल्दैन । त्यसमाथि सरकारले सबै पुस्तकमा कर लिएको पनि होइन । नेपालमै लेखिएका पुस्तकमा कर लगाएको छैन । त्यसैले पाठकले यही पुस्तक पढून् । किन कर लगाएकै पुस्तक पढ्नुपर्‍यो ? जस्तो, प्रधानमन्त्रीकै भाषणको संकलन पुस्तक निस्केको छ । त्यसमा कर लाग्दैन । त्यो पढे पनि हुन्छ । भूपूप्रधानमन्त्री कमरेड झलनाथ खनालको गीतिकाव्य पनि प्रकाशित भएको छ । त्यो पढे पनि भइहाल्यो । कमरेड माधव नेपालले संसद्मा बोल्नुभएको भाषण संग्रह पनि प्रकाशित भएको छ । त्यसमा पनि कर लाग्दैन । हालै मात्र पूर्वराजा ज्ञानेन्द्र शाहको वक्तव्य संग्रह पनि प्रकाशित भएको छ । त्यसको मूल्य त अलि बढी छ तर करचाहिं लाग्दैन । सायद शेरबहादुर देउवाको भाषण संग्रह पनि आउँदै होला, त्यसमा पनि कर लाग्ने छैन । देशभित्रै यति धेरै कर नलाग्ने पुस्तक हुंदाहुंदै किन कर लाग्ने पुस्तक नै पढ्नुपर्‍यो ? आफूचाहिं स्वदेशी पुस्तक छाडेर खोजी-खोजी विदेशी पुस्तक पढ्ने अनि कर लाग्यो भनेर पनि कराउने ?

सत्तापक्षीय चरित्र

नेपाली कांग्रेस त भन्नु मात्रै विपक्षी हो। यसको शिल, स्वभाव, चरित्र, आनीबानी हेर्ने हो भने त्योचाहिं जम्मै सत्तापक्षकै जस्तो देखिन्छ । त्यसको प्रत्यक्ष उदाहरण हो, हाल चलिरहेको पार्टीको केन्द्रीय बैठक । जस्तो, अहिले सत्तारूढ पार्टी नेकपाको बैठक सरेको सऱ्यै छ । ठीक त्यसरी नै कांग्रेसको बैठक पनि सरेको सऱ्यै छ । असारमा सुरू भएको बैठक हो, साउन सकिन लागिसक्यो, सकिने छाँट छैन । यो भनेकै सत्तापक्षीय मानसिकता हो । सायद यही मानसिकताको फल होला- अहिले देशमा महँगी, असुरक्षा, भ्रष्टाचार, तस्करी यति विधि बढ्दा पनि कांग्रेस केही बोलेको छैन । कतै नेकपाको सरकारले गरेका यी जम्मै काम आफैंले गरेको हुं भन्ने भ्रम पो कांग्रेसलाई पऱ्या छ कि ?

मोमिला, हाजिर हो !

पर्सोनाज २.०

कुमार नगरकोटी

"अब आफ्नो कविता पेस गर्न यो कठघरामा आउँदै हुनुहुन्छ, मोमिला, द क्विन अफ पोयट्री रिसाइटेसन । उहाँलाई तालीले स्वागत गरौं । मोमिला, हाजिर हो !"

त्यसपछि ताली बज्यो । बजिरह्यो ।

मोमिला आसनबाट जुरूक्क उठी । स्टुडियोको चारैतर्फ नजर दौडाइ । भित्तामा विभिन्न आकार-प्रकारका तैलचित्र झुन्डिएका थिए । वातावरण पिन-ड्रप-साइलेन्समा चुर्लुम्म डुबेको थियो । एक कुनामा एउटा अधबैंसे चित्रकार मोमिलाको स्वप्निल मुहारलाई एकाग्र चित्तका साथ क्यानभासमा उतारिरहेको थियो । निजले भन्यो, "मोमिलाजी, नचलमलाउनुस् । एउटै पोजमा कुर्सीमा स्थिर बस्नुस् । नत्र बन्न गइरहेको तपाईंको मुहारचित्र बिग्रन्छ ।"

चित्रकारको कुरा नसुन्याझैं गरी मोमिला आत्मकेन्द्रित भावमा टोलाइरही । अनि चित्रकारसामु गई भनी, "तपाईंले कुनै आवाज सुन्नुभयो ? ताली बजेको सुन्नुभयो ?" चित्रकार जिल्ल पर्‍यो ।

विचरोले अलमलिंदै सोध्यो, "कस्तो आवाज ? कस्तो ताली ?" अनि थप्यो, "यो सुनसान स्टुडियोमा त तपाईं र म मात्रै छौं ।" मोमिला बोली, "सुन्नुभएन ? मलाई कोही बोलाइरहेछ ।" चित्रकारले सोध्यो, "कहाँ बोलाइरहेछ ?"

- कठघरामा बोलाइरहेछ ।
- किन बोलाइरहेछ ?
- कविता वाचन गर्न ।
- कठघरामा कविता वाचन ?

अचम्म छ !

अरू प्रश्नोत्तरको झन्झटमा नलागी मोमिला त्यसपछि चित्रकारको स्टुडियोबाट निस्की । फुटपाथमा केही बेर चुपचाप हिंडी । अनि ल्याम्प-पोस्टमुनि उभिएर जेब्राक्रसिङबाट सडक पार गरिरहेका गर्भवती महिलालाई हेर्न थाली । यस्तो लाग्थ्यो, सहरका सम्पूर्ण महिला एकै पटक गर्भवती भएका छन् । ती दोजिया महिला जेब्राक्रसिङ पार गरी कता जाँदै थिए ? मोमिला सोचमग्न भई ।

हिउँदको अपराह्न घमाइलो भए पनि मौसममा चिसोपना लुकेको थियो । परिवेशमा चैहानिक मौनता छाएको थियो । हर्न बजाउँदै गुड्ने धुम्रयानहरूको नाम-ओ-निसान थिएन । चकमन्नता सर्वव्याप्त थियो । यस्तैमा एक अँगालो बतासले कवयित्रीलाई घप्लक्क छोप्यो । र, कानमा साउती मार्‍यो, "मोमिला, हाजिर हो !"

●●

- तपाईंको नाम चैं के पर्‍यो कुन्नि ?
- मोमिला ।
- क्या मिला ?
- क्यामिला होइन, मोमिला ।

त्यसपछि मोमिलाले इन्स्पेक्टरसमक्ष कुरा राखी, "पाँच दिनदेखि कसैले मलाई कठघरामा बोलाइरहेछ । मलाई कविता पाठ गर्न आदेश दिंदै भनिरहेछ : मोमिला, हाजिर हो ! त्यो आवाज हरबखत कानमा गुञ्जिरहेछ । इन्स्पेक्टर साब, मलाई कठघरा जाने चाँजो मिलाइदिनुपर्‍यो ।"

इन्स्पेक्टरले कन्स्टेबललाई भन्यो, "म्याडमलाई कठघरा पुर्‍याइदे ।" कन्स्टेबलले 'हस् साब' भन्दै सलाम ठोक्यो । अनि मोमिलासित भन्यो, "मेरो पछिपछि आउनुस् म्याडम । तपाईंलाई कठघरा पुर्‍याउने जिम्मा मेरो भयो ।"

मोमिला कन्स्टेबलको पछि लागी । भ्यानको अघिल्लो सिटमा गई बसी । गाडी साइरन बजाउँदै गुड्न थाल्यो । गाडी सहर छाडी जंगलतिर प्रवेश गरेपश्चात् मोमिलाका आँखा लोलाउन थाले । ऊ निदाइ ।

●●

ब्युँझदा मोमिलाले देखी : भ्यान एउटा निर्जन गल्लीमा रोकिएको थियो । गाडीबाट ओर्लंदै उसले कन्स्टेबललाई सोधी, "यो कुन इलाका हो ? म अहिले कहाँ छु ?" कन्स्टेबलले भन्यो, "यो फिक्सन डिजाइनरको सर्रियल इलाका हो । तपाईं अहिले नगरकोटीको स्वैरकाल्पनिक मनभित्र हुनुहुन्छ । यो गल्लीको अन्तिम भवनमा कविताको सर्वोच्च अदालत छ । अदालत जानुस् र कठघरामा उभिएर कविता वाचन गर्नुस् ।"

मोमिला हिंड्नै लाग्दा कन्स्टेबलले पुनः भन्यो, "तपाईंझैं अरू कवि सरस्वती प्रतीक्षा, मनु मञ्जिल, श्रवण मुकारूङ, भूपिन, उपेन्द्र सुब्बा आदिलाई पनि मैले यसै गरी पुलिस भ्यानमा हाली यहाँ ल्याइपुर्‍याएको थिएँ । गुड बाई म्याडम ।" कन्स्टेबललाई धन्यवाद दिंदै मोमिला गल्लीको पुछारमा रहेको भवनतिर जान अग्रसर भई ।

यसरी मोमिला मेरो स्वैरकाल्पनिक मनको कठघरामा आइपुगेकी थिई । कविता वाचन गरेकी थिई । दर्शकदीर्घामा देवकोटा, पौड्याल, रिमाल, शेरचन तथा ईश्वरबल्लभजस्ता काव्य-आत्माहरूलाई देखेर मोमिला, द क्विन अफ् पोयट्री रिसाइटेसन, हर्षविभोर भएकी थिई । अरू के भनुँ ! बाँकी कथा भन्न कुनै दिन म तपाईंकै मनभित्र जरूर आउँला । बस्, तपाईंले पुकारे हुन्छ : नगरकोटी, हाजिर हो ! ने

खुसी लिएर घर फिर्ती

राजबहादुर शाही/मुगु

पहिलो बच्चा घरमै जन्माए पनि दोस्रो बच्चा जन्माउन प्रसूतिगृह आइन्, सोरु गाउँपालिका सिपगाउँकी मनदेवी कार्की, २७। सिरुपाटा गाउँकी हेमा विष्टले पनि दोस्रो बच्चा प्रसूतिगृहमै जन्माएकी छन्।

पछिल्ला वर्षमा आमा र शिशु मृत्युदर घटाउने प्रयासस्वरूप सरकारी र गैरसरकारी संस्थाले गर्भवतीलाई प्रसूतिगृहमै ल्याएर भरपर्दो सुत्केरी सेवा दिन थालेका छन्। "हाम्री आमाले हामीलाई गोठमा जन्माइन्," उनी भन्छिन्, "मैले दोस्रो बच्चा अस्पतालमा जन्माउन पाएँ।"

प्रसूतिगृहको भरपर्दो व्यवस्था नहुँदा यहाँका गर्भवती गाईगोठ र ओडारमा असुरक्षित तरिकाबाट बच्चा जन्माउन बाध्य थिए। त्यसरी बच्चा जन्माउँदा धेरै महिलाले अकालमै ज्यान गुमाउँथे।

ब्याक टु लाइफको आर्थिक सहयोगमा जिल्लामा मानव अधिकार तथा वातावरण विकास केन्द्रले दुर्गम गाउँबस्तीमै भरपर्दो प्रसूतिगृह सञ्चालन गरेपछि गर्भवती आमाको ज्यान सुरक्षित हुन थालेको हेमाको अनुभव छ।

केन्द्रले जिल्लाको कार्कीवाडा ढुम, रोवा झाकोट, रारा कच्चे, जिमा सिप, तलिकालै, खमाले, गम्था, सेरीतोली, नर्खर्जी, हयाङ्लु ठामलेख र श्रीकोट जिउका गरी ११ स्थानमा जनशक्तिसहित भरपर्दो प्रसूतिगृह निर्माण गरी सञ्चालनमा छ।

ती प्रसूतिगृहमा सन् २०१२ देखि २०१९ जुनसम्म १ हजार १ सय ४ जना गर्भवतीले बच्चा जन्माउन सफल भएको संस्थाका फिल्ड अफिसर विष्णुबहादुर रावत सुनाउँछन्।

संस्थाले सञ्चालन गरेको प्रसूतिगृहमा सुत्केरी हुन आउने महिलालाई

कम्बल, भित्री कपडा, हर्लिक्ससहित चार छाक खानाको समेत व्यवस्था गरिएको छ। "यसबाट एकातिर आमा र शिशुको ज्यान सुरक्षित, अर्कातर्फ राम्रो सेवा-सुविधाले गर्भवती खुसी हुने गरेका छन्," सेरी प्रसूतिगृहमा कार्यरत अनमी रंगी रोकाया भन्छिन्, "आमा र शिशुको मृत्युदर शून्यमा झर्दै छ।"

चैत ०७५ देखि संस्थाले सोरु गाउँपालिकाको सिप गाउँमा सञ्चालन गरेको प्रसूतिगृहमा २५ गर्भवतीले सहजपूर्वक बच्चा जन्माएको तथ्यांक छ।

अनमी सरिता शाहीका अनुसार प्रसूतिगृहले गर्दा घरमै बच्चा जन्माउने महिला संख्या घटेको छ। महिनाको चार पटक गर्भजाँच र भिडियो एक्सरे गर्न आउने महिला संख्या वृद्धि भएको छ।

निन्याउरो अनुहार लिएर सुत्केरी हुन प्रसूतिगृह आएका गर्भवती आमाले बच्चा लिएर घर फर्किंदा अनमी र अन्य स्वास्थ्यकर्मीलाई धन्यवाद दिने गरेका छन्। सरकारी निकायमार्फत सञ्चालित प्रसूतिगृहमा पनि विगत वर्षभन्दा सुधार देखिएको छ। उक्त प्रसूतिगृहमा अनमीसहित स्वास्थ्यकर्मी बसेर सेवा प्रवाह हुन थालेको छ।

जिल्ला अस्पतालका साथै पिना, गम, ढुंगेधारा, पुलु, बाम, नार्थपु, चिमाढुंग्री र रातापानी गरी ९ वटा सरकारी प्रसूतिगृह छन्। खत्याड गाउँपालिकाभरि सञ्चालित सरकारी प्रसूतिगृहमा मात्र आर्थिक वर्ष ०७५/७६ मा १ सय ९ जना सुत्केरी भएको गाउँपालिका स्वास्थ्य इन्चार्ज दीपबहादुर कार्की बताउँछन्।

गत आर्थिक वर्षमा जिल्ला अस्पताल ठिनीमा २ सय ५३ जना सुत्केरी भए भने सोरु गाउँपालिकाको नार्थपु सरकारी प्रसूतिगृहमा ५८ जना। जिल्लादेखि दुर्गम गाउँसम्म सरकारी तथा गैरसरकारी निकायले सञ्चालन गरेका प्रसूतिगृहमा भरपर्दो र दक्ष जनशक्तिको व्यवस्था भएपछि गर्भवती आमाको ज्यान सुरक्षित बन्दै गएको जिल्ला अस्पतालका डा निर्मल नगरकोटी सुनाउँछन्। घरमै बच्चा जन्माउँदा असुरक्षित त हुने नै भयो, केही सुविधा नपाइने, रक्तअल्पता हुने डर र सेवा-सुविधाबाट वञ्चित हुने सम्भावनाले गर्भवती आमाको मन प्रसूतिगृहतिर तानिन थालेको डा नगरकोटीको धारणा छ।

उनका अनुसार प्रसूतिगृहमा बच्चा जन्माउन आउने गर्भवतीलाई आतेजातेसहित ३ हजार ८ सय नगद, आमा र शिशुलाई न्यानो कपडासहितको झोला उपलब्ध गराउन थालिएको छ। "दुर्गम गाउँबस्तीमा अब सुत्केरी गराउन स्वास्थ्य केन्द्र लैजानुपर्छ भन्ने चेतना बढ्दै गएको छ," नगरकोटी भन्छन्, "राम्रो सेवा प्रवाहले गर्भवती उत्साहित छन्।"

स्थानीय तहले बच्चा जन्माउन आउने महिलालाई चोली, २० किलो चामल, दुई किलो नुन, एक पाकेट, अन्डा र बाबुलाई टोपी दिने घोषणा गरेपछि झन् प्रसूतिगृहमा बच्चा जन्माउने महिला संख्या वृद्धि भएको जनप्रतिनिधिको भनाइ छ।

जिल्ला अस्पताल मुगुमा गत वर्षदेखि शल्यक्रिया सेवा पनि सुरु भएपछि ज्यान जोखिममा रहेका गर्भवतीलाई थप सुविधा भएको छ। पहिले अस्पतालमा गर्भवती शल्यक्रिया नहुँदा महँगो हवाई भाडा तिरेर बच्चा जन्माउन सुर्खेत या नेपालगन्ज जानुपर्थ्यो।

गत आर्थिक वर्षमा जिल्ला अस्पतालमा १३ जना जोखिम गर्भवती महिलाले शल्यक्रियामार्फत बच्चा जन्माएको जिल्ला अस्पतालले जनाएको छ।

राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट दुर्गम जिल्लामा सुत्केरी हुन नसकी ज्यान जोखिममा पर्न थालेसँगै तत्काल हेलिकप्टरबाट उद्धार गरी सुर्खेत या नेपालगन्ज लैजाने सेवा पनि सुरु भएको छ। "गत आवमा मात्रै जिल्लाबाट ४ जना गर्भवतीको हवाइ उद्धार गरियो," सहायक प्रमुख जिल्ला अधिकारी प्रदीपकुमार ढकालको दाबी छ, "हवाइ उद्धारले गर्भवतीको ज्यान सुरक्षित बन्दै गएको छ।" ने

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर को करोडपति सिजन-३

बन्ने होइन त फेरि करोडपति

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको
वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्

१० लाख मासिक पुरस्कार

१ करोड बम्पर पुरस्कार

१ लाख साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछ ।

पक्का पुरस्कार

• शिखर ईन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ



BALTRA एलइडी टिभी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र)। एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन्।

We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY
THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app

2 Scan this code, confirm the payment details and make quick payment.

eSewa
www.esewa.com.np

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

बूढो हुँदै गएका हामी



विश्व पौडेल



सन् २०१२ जनवरी। म आर्कान्सा राज्य (अमेरिका) को फायेटभिलस्थित आर्कान्सा विश्वविद्यालयमा रिसर्च प्रस्तुत गर्न जाँदा विश्वविद्यालय परिसरकै होटलमा बसेको थिएँ। रिसर्च प्रस्तुत गर्ने अघिल्लो साँझ त्यहाँका एक प्राध्यापकसँग डिनर गएँ । फर्कंदा उनले मलाई होटलको पार्किङमा छाडिदिए । पार्किङबाट होटलतिर जाँदा मेरो खुट्टा सानो भऱ्याङको तल्लो खुड्किलामा ठोक्कियो र म लडेँ। त्यसरी लड्दा मेरो टाउको माथिल्लो सिँढीमा फेरि ठोक्कियो र चस्मा फुट्यो । साथै आँखा वरिपरिको भाग केही छिनपछि कालो भयो ।

भोलिपल्ट बिहान पेपर प्रस्तुत गरेर म तत्कालीन बासस्थान बर्कली फर्कें । बर्कलीमा मित्र आमोद पोखरेल र म सँगसँगै अस्पताल गयौँ। नर्सले रक्तचाप नापिन्। वर्षौंदेखि मैले अस्पतालमा रक्तचाप, दिसापिसाब आदि नाप्ने कामलाई सामान्य औपचारिकता मात्र मान्दै आएको थिएँ। डाक्टर मलाई 'यो नाप्नुपर्छ, त्यो जाँच गर्नुपर्छ' भन्थे अनि रिजल्ट आएपछि सबै ठीक छ भन्थे । तर त्यो दिन नर्सले पहिलो पटक नापिन्, दोस्रो पटक नापिन्, फेरि नापिन्। त्यसपछि आत्तिँदै भनिन्, 'ओ माई गड ! यू कुड ह्याभ स्ट्रोक एनी टाइम !' मेरो डायस्टोलिक रक्तचाप उनले तीन पटक नाप्दा सयदेखि १ सय ५ को बीचमा थियो ।

रक्तचाप र स्ट्रोकबारे मलाई त्यस बेलासम्म केही थाहा थिएन। कसैले भने पनि त्यति मतलब गर्दैनथेँ। त्यस दिनदेखि मैले कसैले रक्तचापको कुरा गरे केही क्षण ध्यान दिएर सुन्ने गरेको छु। त्यस दिन नर्स र डाक्टरले रक्तचाप छ र कुनै पनि बेला स्ट्रोक हुन सक्छ भन्दा मलाई पसिना आयो । र, बाहिर आएर मलाई कुरिरहेका मित्र आमोद छेउ रहेको कुर्सीमा एकछिन सुतेँ, रिँगटा लाग्यो भनेर। एक छिनपछि फेरि भित्र गएर डाक्टरसँग

अब के गर्ने, कुन औषधी खाने भनेर छलफल गरें ।

अस्पतालबाट अपार्टमेन्ट फर्कंदै गर्दा मनमा सबैभन्दा ठूलो प्रश्न मलाई के पो हुन लागेको हो भन्ने नै थियो । मेरो विश्वविद्यालयमा मभन्दा केही सिनियर प्रोफेसर जागिर गर्दागर्दै मुटुमा भएको आक्रमणले मरेका थिए । मलाई सधैं त्यस्ता कुरा आफ्ना लागि हैनन्, अरूका लागि हुन् भन्ने लाग्थ्यो । त्यस दिन अचानक सबै जनाको जस्तै मेरो पनि जीवन सीमित छ भन्ने महसुस भयो ।

अज्ञात गन्तव्यतर्फ भयपूर्ण यात्रा

साँच्चै मसँग थोरै समय मात्र बाँकी भए मैले के गर्नुपर्छ होला ? अस्पतालबाट अपार्टमेन्ट जाँदै गर्दा सोचें । मलाई सन् १९५४ को चितवनको बाढीपछि चितवनलाई बासस्थानयोग्य बनाउन सरकारले गरेको प्रयास, अमेरिकी सरकारले त्यहाँ गरेको मिहिनेत, पहिलो पञ्चवर्षीय योजनामा त्यहाँ लगेर ७५ हजार परिवारलाई राख्न गरिएको योजना आदिको सेरोफेरोमा रहेर उपन्यास लेख्ने रहर थियो ।

चितवनमा मेरो घरछेउमा गोरखा, बाग्लुङ, कास्कीजस्ता विभिन्न ठाउँबाट आएका मानिस बस्थे । तर पहिलो लटमा चितवनमा आएका मान्छे कम हुँदै गएका थिए । मेरो घर छेउमै ९३ वर्षका मच्छेश्वर खनालको घर थियो । त्यसबेला आएकामध्ये मैले चिनेका सबैभन्दा वृद्ध व्यक्ति । मेरो सूचनाको स्रोत हुन सक्ने अर्को व्यक्ति मेरो बा हुनुहुन्थ्यो । उहाँको चितवनको प्रथम यात्रा सन् १९५६ को थियो । त्यस दिन मैले बालाई फोन गरें । बाको गुनासो थियो, "तेरी आमा बिरामी भइराख्छे । म पनि बूढो भएँ । तिमीहरू दुवै जना (मेरो दाइ पनि विदेशमा हुनुहुन्छ) यहाँ भएनौ भने हामीलाई सबैले हेप्छन् । तँ अब नेपाल आइज बाबु ।"

> "
> मर्दा हामी यसरी एकएक अंग गर्दै मर्छौं । मृत्यु एक्लो मृत्यु मात्र हैन, यो त विभिन्न अंगको कत्लेआम हो ।

मेरो बुबा र ममा त्यस दिन पहिलो पटक एक समानता थियो, हामी दुवैले जीवनको सीमिततालाई हेरिरहेका थियौं । त्यस दिनसम्म म युधिष्ठिरले यक्षलाई जवाफ दिएजस्तो स्थितिमा थिएँ । यक्षले युधिष्ठिरलाई संसारमा सबैभन्दा आश्चर्यजनक कुरा के हो भनेर सोधेका थिए । उत्तरमा युधिष्ठिरले भनेका थिए :

अहन्यहनि भूतानि गच्छन्तीह यमालयम्
शेषाः स्थावरमिच्छन्ति किमाश्चर्यमितः परम्

(अर्थात्, हरेक दिन धेरै मानिस मरिरहेका हुन्छन् तैपनि बाँच्नेलाई आफू त मर्दिनँ कि जस्तो लाग्छ । यो नै सबैभन्दा आश्चर्यजनक कुरा हो ।) अब म पनि बाजस्तै भएको थिएँ । धेरै बाँच्दिनँ कि क्या हो भन्ने डर मनमा आइसकेको थियो ।

स्ट्यान्फोर्ड विश्वविद्यालयकी मनोचिकित्सक लाउरा क्रिस्टेनसनद्वारा प्रतिपादित सिद्धान्त सोसियोइमोसनल सेलेक्टिभिटी थ्यौरीका अनुसार जतिखेर जीवन लामो छजस्तो लाग्छ, त्यसबेला मान्छेको जीवनमा नयाँ कुरा गरौं, सिकौं भन्ने हुन्छ । तर जब जीवनमा धेरै समय छैनजस्तो लाग्छ, मान्छेले त्यसबेला आफ्ना हिँड्डुल गर्ने साथीको संख्यामा नियन्त्रण गर्छ, जो पायो, त्यो नयाँ साथी बनाउन खोज्दैन ।

युवावस्थाका मानिस नराम्रो र अप्रिय कुरा बढी सम्झन्छन् भने वृद्धावस्थाका मानिस प्रिय कुरा बढी सम्झन खोज्छन् । जीवनमा धेरै समय छैनजस्तो लाग्ने कुरा आफू कति बूढो छ भन्नेमा भर नपर्न पनि सक्छ । ४० वर्षमै क्यान्सर लागेर मर्न लागेको मान्छे र ८५ वर्ष पुगेर मृत्युतिर हेर्दै हिँड्न लागेको मान्छेको व्यवहार र झुकाव लगभग उस्तै हुन्छ ।

आर्कान्सामा घटित त्यो घटनाको केही महिनापछि नेपाल फर्केर काठमाडौं बस्न थालेको मलाई नेपालमा डाक्टरले रक्तचाप अमेरिकामा नापेजस्तो उच्च नभएको भन्दै कसरत गरे पनि हुने सल्लाह दिएका थिए । तर आँखामा केही असर देखिएकाले मैले औषधी खाने निर्णय गरेको थिएँ । रक्तचाप हुँदैमा डराउनुपर्दैन भनेर बिस्तारै बुझ्न थालें । तर रक्तचापको त्यो खबरले भित्रसम्म हल्लाएर मुटु यसो ढुकढुक गर्दा वा सानोतिनो चक्कर आउँदा पनि मलाई केही हुन लागेको त हैन भन्ने डर आउने बनायो । त्यसको केही समयपछि सन् २०१६ मा नेपालको स्वास्थ्य मन्त्रालयले गरेको डेमोग्राफिक एन्ड हेल्थ सर्भे (डीएचएस) का अनुसार नेपालमा १५ वर्षभन्दा बढी उमेर समूहका व्यक्तिमध्ये १ सय ७५ महिला र २ सय ३५ पुरुषमा मलाई जस्तै उच्च रक्तचापको समस्या रहेछ । अमेरिकी हार्ट एसोसिएसनको सन् २०१३ को एक बुलेटिनअनुसार हरेक ३ वयस्क अमेरिकीमध्ये एकलाई उच्च रक्तचापको समस्या छ । रक्तचाप असाधारण हैन भन्ने यसले देखाउँछ । तर त्यो दिनको घटना र जसरी अस्पतालमा मैले खबर पाएँ, त्यसले मलाई युधिष्ठिरको अमर्त्य मानवबाट *हान्ना एन्ड हर सिस्टर्स*को वुडी एलेनजस्तो हरेक सानो घटनामा पनि केही गम्भीर बिरामी हुन लागेको त हैन भनेर सोच्ने नर्भस हाइपोकोन्ड्रियाक बनाएको थियो ।

मेरा बाआमा चितवन बस्नुहुन्थ्यो । आमालाई सधैं केही न केही भइराख्थ्यो तर डाक्टरले उहाँलाई एन्जाइटी भएको भनेर एन्टिडिप्रेसान्ट दिएका थिए । म नेपाल आएपछि आमाको गुनासो ९५ प्रतिशतले कम भयो । मेरी श्रीमती र म हरेक साता वा दुई सातामा एक पटक चितवन भने गइराख्थ्यौं । हामी कहिलेकाहीं विदेश जाने भयौं भने जाने बेला आमा निकै चिन्तित हुनुहुन्थ्यो । उहाँलाई सधैं मैले विदेशमा जाने जागिर त खोजिरहेको छैन भन्ने चिन्ता हुन्थ्यो । मलाई भन्नुहुन्थ्यो, "हामी बूढो भइसक्यौं बाबु, धेरै मन नडुला ।"

मलाई बाआमा जीवनको उत्तरार्द्धमा पुगेको थाहा थियो । यो बेला उहाँहरूको चाहना छोराहरूसँगै बस्ने थियो । चितवनमा हाम्रो घर थियो र उहाँहरूले त्यसलाई तत्कालै छाड्न सक्ने स्थिति पनि थिएन । म पनि तुरुन्त गएर चितवन बस्न सक्दिनथें । त्यही बेला सरकारले मेरो काठमाडौंदेखि चितवन यात्राको समय छोट्याउन सक्ने दुइटा ठूला प्रोजेक्टबारे सोचिरहेको थियो, काठमाडौंदेखि पोखरा चार लेनको सडक बनाउने र मुग्लिङ-नारायणघाट सडक ९ देखि ११ मिटरसम्म चौडा गर्ने । दोस्रो प्रोजेक्ट एसएनआरटीटीपी

कार्यक्रमअन्तर्गत थियो, जसका लागि सरकारले लगभग १० करोड डलर ऋण लिँदै थियो । सन् २०१३ को डिसेम्बरमा म वासिङ्टन डिसीस्थित विश्व बैंकको केन्द्रीय कार्यालयमा नेपाली ब्युरोक्र्याटहरूसँगै उक्त प्रोजेक्टको फन्ड म्यानेजर र अर्थशास्त्रीसँग थिएँ। मैले फन्ड म्यानेजर डिएपलाई सोधेँ, "मलाई मुग्लिङ-नारायणघाट बाआमालाई भेट्न आउजाउ गरिराख्नुपर्छ। तिमीहरूको यो चौडा गराइ अमेरिकाको जस्तो सडक चौडा गर्दा अरू ट्राफिकलाई असर नपार्ने हो कि नेपालतिरको जस्तो सबै रोकेर गरिने हो ?" उनले उत्तर दिइन्, "एक दिन पनि ट्राफिक रोकिँदैन। एक छेउमा काम गर्दै गर्छौं, अर्को छेउमा गाडी चल्दै गर्छ।"

लगभग तीन वर्षअघि चितवनको बजारबाट घर फर्कंदै गर्दा बा एकाएक स्ट्रोकको सिकार हुनुभयो । बाको हात चलेन र वाक्य बस्यो । लगभग आधा घन्टा उहाँ जडवत् हुनुभयो । त्यसपछि बिस्तारै होस आयो। उहाँ आमा भएको ठाउँ पुग्नुभयो। घरमा आमाबा मात्र हुनुहुन्थ्यो । आमाले मलाई काठमाडौँमा फोन गर्नुभयो। मुग्लिङ-नारायणघाट सडक निर्माण भइरहेको र बर्खा पनि भएकाले म तुरुन्त चितवन जान सक्ने स्थिति थिएन।

मेरो अमेरिकामा भएको वार्ताविपरीत उक्त सडक विस्तार लथालिंग पाराले, मनपरी गाडी रोकेर गरिएको थियो । हरेक दिन हजारौँ यात्रुले दुःख पाएको खबर पत्रपत्रिकामा आइरहेका थिए । बालाई तुरुन्त अरू आफन्त र छिमेकीले भरतपुरको चितवन मेडिकल अस्पताल लिएर गए । डाक्टरले स्थिति स्थिर भएको बताएपछि मैले उहाँलाई भोलिपल्ट बिहानको जहाजबाट काठमाडौँ बोलाएँ। नर्भिक अस्पतालमा डाक्टरले चेक गरेपछि उहाँको टाउकोमा साधारण रगत जमेकाले त्यो केही शारीरिक थेरापी र एक साधारण औषधी सेवनले सन्चो हुन सक्ने बताए । बालाई टेस्टपछि जम्मा १८ रुपैयाँजतिको औषधी मात्र किन्नुपर्‍यो ।

त्यो उपचारको दौरान काठमाडौँ तीन साताजति सँगै बस्दा मलाई बामा भएको आफूलाई केही हुन्छ कि भन्ने भय र त्यसले निर्दिष्ट गरेको व्यवहारगत परिवर्तन हेर्ने मौका मिल्यो । बा काठमाडौँमा आफ्ना आफन्तलाई फोन गर्नुहुन्थ्यो र भन्नुहुन्थ्यो, "मलाई यस्तो भयो। म यहाँ छोराकहाँ बसेको छु।" आत्मविश्वास हटेर कोही मान्छे भेट्न आइदिए हुन्थ्यो, केही सान्त्वना दिए हुन्थ्यो भन्ने बानी उहाँमा देखियो । मलाई त्यसबेला एउटा तत्त्वबोध भयो, बा र म धेरै फरक रहेछौँ । ममा बिरामी हुँदा कसैसँग कुरा नगरी, कसैले गरेको फोन पनि नउठाई बस्ने बानी थियो। बाको उल्टो बानी रहेछ । हामी कतिपय नेपालीलाई जस्तै मर्ने बेला सन्तान, छरछिमेक कोही पनि छेउछाउ हुँदैनन् कि भन्ने डर उहाँलाई पनि थियो ।

मैले बालाई कृष्ण र बुद्धका उदाहरण दिएर केही सम्झाउन खोजेँ । *श्रीमद्भगवत गीता*का रचयिता भगवान् कृष्णको मृत्यु हुँदा जम्मा एक जना व्याधा मात्र मलामी गएका थिए । स्टिफन ब्याचलर लिखित *कन्फेसन अफ अ बुद्धिस्ट एथेइस्ट*का अनुसार भगवान् बुद्ध मर्नुभन्दा अघि कौशल नरेश पासेनादिले उहाँलाई दिएको जेथावन आश्रम छाडेर आश्रय खोज्दै पाटलीपुत्र, वैशाली हुँदै वैशाखको चर्को घाममा ८० वर्षको वृद्ध शरीर लिएर कुशीनगर पुग्नुभएको थियो, जतिखेर बुद्धसँग केही मात्र शिष्य थिए। विषालु खाना खाएर मर्दा बुद्धका वरिपरि खासै मान्छे थिएनन्। मलामी कति जना गए भन्ने कुराले मान्छेको महानता मापन गर्दैन। तर बाको दिमागमा एक्लो मृत्युजस्तो अपमानजनक मृत्यु केही हुँदैन भन्ने नै गढेकाले मेरा यी उदाहरणले उहाँलाई खासै असर परेन।

सन् २०१४ मा मैले विश्व बैंकका पदाधिकारीलाई भेट्दा उनीहरूले भनेका थिए, "हामी मुग्लिङदेखि नौबिसे सडक चार लेनमा विस्तार गर्ने कामको डीपीआर गर्दै छौं, डिसेम्बरसम्म सकिन्छ ।" त्यही बेला जापानीले थानकोटको सुरुङ खनेर झ्याप्ले खोलासम्म पुर्‍याउने घोषणा गरे। यी सबै काम समयमै भए मलाई चितवन टाँडीको घरसम्म पुग्न ३ घन्टाभन्दा बढी नलाग्नुपर्ने थियो । त्यसबेला मलाई के पनि थाहा भयो भने शक्तिखोरदेखि माझिमटारसम्म सुरुङमार्ग बनाउने हो र संसारका अरू सबै विकसित देशमा भएजस्ता राम्रा सडक बनाउने हो भने काठमाडौँबाट पूर्व चितवनको टाँडी १ घन्टामा पुग्न सकिन्छ । मैले चीनमा हाम्रोजस्तै हालतबाट उनीहरूले प्रगति गरेर राम्रा सडक बनाएको देखेको थिएँ। हाम्रो मुलुक बलियो नहुनुको पछाडि जनता जोड्ने रणनीति नहुनु हो भन्ने मेरो सोचाइ थियो। ०४८ पछि धेरै सडक बने तर एउटा सर्वांगीण यातायात गुरुयोजना नभएकाले नेताहरूले मान्छे नभएको आफ्नो सानो गाउँमा पनि बजेट लगे। मान्छे नै मान्छे भएका बस्ती जोड्ने कार्य गरेनन्।

यसैले यी प्रस्तावित सडक समयमा बन्ने स्थिति भएन । बाआमालाई चितवनको मोह थियो । तर सन् २०१७ मा बाको स्ट्रोक भएको केही महिनापछि फरक-फरक ठाउँमा बस्नु राम्रो नहोला भन्ने सोचेर मैले बाआमालाई सधैँ बस्ने गरी निवासमा ल्याएँ । त्यहाँ आएपछि पनि बामा अझै स्ट्रोकको भय थियो र बेलाबेला आफूलाई टाउकोमा सन्न हुने कुरा गर्नुहुन्थ्यो। डाक्टरले बालाई हाइपोकन्ड्रिया भएको हो भने ।

हार्वर्ड विश्वविद्यालय मेडिकल स्कुलका प्राध्यापक अतुल गवान्डेको सन् २०१४ मा प्रकाशित किताब *बिइङ मोर्टल*मा हाम्रो वृद्धावस्था कसरी आउँछ भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ : बूढो हुँदै गर्दा हाम्रो दाँतको जरामा जाने रगत कम हुन्छ, गिजा दाँतबाट पर हुँदै जान्छ, दाँत कालो हुन्छ, हल्लिन थाल्छ र जरासम्म देखिन्छ । विकसित देशका जनताको समेत ६० वर्षको उमेर पुग्दा औसत एक तिहाइ दाँत झरेका हुन्छन् भने ८५ वर्षको उमेर पुग्दा ४० प्रतिशत मानिसका एउटा पनि दाँत रहेका हुन्नन्। रगतका नली, जोर्नी, मुटुको मासु र भल्भ तथा फोक्सोमा क्याल्सियम जम्मा हुँदै झन्झन् कडा हुन जान्छन्। रक्तनली सानो हुँदै जाने भएकाले मुटुले पहिलाजत्तिकै रगत पम्प गर्नुपर्दा नलीमा धेरै चाप पार्छ र यसैले ६५ वर्ष कटेका आधाभन्दा बेसी मान्छेमा धेरै रक्तचाप देखिन्छ। मुटुले यसरी रगत तान्नमा बढी मिहिनेत गर्नुपर्ने भएकाले हाम्रो अरू थकाइ लाग्ने काममा उसले मद्दत गर्न सक्दैन। यसैले हामी चाँडै थाक्छौँ, बेसरी हिँड्न सक्दैनौँ, सिँढी चढ्न सक्दैनौँ। ४० वर्ष कटेपछि मासु पनि बिस्तारै घट्छ र ८० वर्ष पुग्दा हामीले हाम्रो २५ देखि ५० प्रतिशतसम्म मासु गुमाएका हुन्छौँ। हाम्रो फोक्सोको क्षमता घट्छ। दिसा गर्न गाह्रो हुँदै जान्छ। ग्रन्थिले बिस्तारै काम गर्न छाड्छन्। दिमाग

बिस्तारै खुम्चिन्छ । ३० वर्षको उमेरमा हाम्रो दिमाग लगभग १ हजार ३ सय ५० ग्रामको हुन्छ र खप्परमा बल्लबल्ल अटेको हुन्छ भने ७० वर्ष पुग्दा दिमागको आकार घटेर खप्परभित्र एक इन्चजति खाली ठाउँ बच्छ । त्यसैले बूढाबूढीहरू लडेर टाउको ठोक्कियो भने युवाको भन्दा बढी सेरेब्रल रक्तस्राव हुन्छ । ८५ वर्ष पुग्दा त हामीमध्ये ४० प्रतिशतको सम्झनाशक्ति र निर्णय क्षमता बिग्रेर डिमेन्सिया भएको हुन्छ। वृद्धावस्थामा मान्छे पोस्चरल हाइपोटेन्सन भएर लड्न थाल्छन् । सबैभन्दा दुःख दिने मानिएको हिप सर्जरी गर्नुपर्ने स्थिति पनि यही लडेर फेमर भनिने हिपको हाड सिसाजस्तै टुक्रिने हुनाले हुन्छ । यसैले वृद्धवृद्धा सकेसम्म तल्लो तलामा बस्नुपर्छ। मर्दा हामी यसरी एकएक अंग गर्दै मर्छौं। मृत्यु एक्लो मृत्यु मात्र हैन, यो त विभिन्न अंगको कत्लेआम हो ।

अंगको अवसान शरीरको भित्री कुरा भयो तर मृत्युबोधले मानिसको व्यवहार, रुचि आदिमा धेरै परिवर्तन ल्याउँछ र उसको संसार हेर्ने तरिका भिन्न भइदिन्छ। मृत्युको ज्ञान भएपछिको जीवनदेखि मृत्युतिरको यात्राबारे जगदीश घिमिरेले *अन्तर्मनको यात्रा*मा प्रकाश पारेका छन् । उक्त किताबमा आफू मृत्योन्मुख छु भन्ने जानेपछि जगदीशको रुचि, आग्रह धेरै फेरिन्छ र संसार हेर्ने एउटा नयाँ आँखा आएको पाठकले देख्छन् । समले पनि अस्पतालको सुविधा नभएको त्यो युगमा आफ्ना हजुरबाको अन्तिम यात्राबारे *मेरो कविताको आराधन*मा मन च्वास्स पार्ने केही विवरण दिएका छन् । बूढा हुँदै गएका आफ्ना हजुरबा डम्बरशमशेरबारे सम लेख्छन्, 'डम्बर नेपालका सर्वश्रेष्ठ भोगीमध्ये एक थिए। दुराचार, अत्याचार, व्यभिचारका उनी प्रसिद्ध नायक थिए। बूढो हुँदै गर्दा डम्बरलाई चलचित्रमा सोख बढेको थियो। दिनदिनै नाच-बैठकमा उनी शो हेर्थे।' अनि बिस्तारै डम्बर बूढो हुँदै गएको समले यसरी वर्णन गरेका छन्, 'डम्बरशमशेरको बोली पक्षाघातले गर्दा अब अस्पष्टबाट नबुझिने हुँदै गयो । उनी धेरै समयसम्म बलिरहेको ज्वालामुखी पर्वत निभेर खरानीको थुप्रो बाँकी भएझैं देखिन थाले । उनी झन्झन् हिँड्नै सक्दैनथे । अरूलाई समाती खुट्टा चाल्न नसकी झुन्डिरहन्थे। बराबर र्‍याल बगिरहन्थ्यो, एक जनाले पिकदानी थापी पुछिरहनु पर्थ्यो । उनी क्रमशः विक्षिप्तजस्ता पनि हुँदै गएका थिए। बृथामा हाँस्थे, रिसाउँथे। त्यसको कारण अरूले नबुझिदिँदा कहिले रुन्थे, कहिले फेरि आफैं हाँस्थे । जससित नेपालका प्रधानमन्त्री वीरशमशेर पनि डराउँथे।'...यी सब कुरा अब उनलाई देख्दा कोही अनुमान गर्न सक्दैनथ्यो किनभने अब त स-साना केटीहरू उनीसित डराउन छाडिसकेका थिए, ती उनलाई हप्काउँथे । उनी बालकजस्तै चञ्चल र चकचके थिए, एउटी साधारण नानी सुसारेले उनलाई ताती गराउनु, घिसार्नु, तान्नु र सम्हाल्नुपर्थ्यो। त्यो देखेर बज्यैज्यू चिन्तित हुन्थिन्, चाँडै मरेर जान चाहन्थिन् ।

मृत्योन्मुख डम्बरशमशेरको बानी धेरै बदलिएको भने पाइँदैन। एक ठाउँमा सम लेख्छन्, 'बाजेज्यू बोल्न नसक्ने, अरूले दुईतिरबाट समाती हिँडाउनुपर्ने, र्‍याल बगाइरहने, अर्द्धविक्षिप्त अवस्थामा पनि हेरिनसक्नु कामुक व्यभिचारी भएर दिन गुजारिरहन्थे।' डम्बरको अन्तिम केही दिनबारे समले यसरी लेखेका छन्, 'मर्ने बेला डाक्टर केशवले डम्बरशमशेरलाई छातीको दुवैतिर निमोनिया भएको पत्ता लगाए।... दिनदिनै व्यथा बढ्दै गयो । व्यथा लागेको सात दिनमा घाट चलाए।'

उपन्यासकार लियो टोल्स्टोयको उपन्यास *इभान इल्यिचको मृत्यु* (सन् १८८२) को मुख्य पात्र इभान इल्यिच एक दिन आफ्नो जागिरमा बढुवा भएर जान लाग्दा सामान सार्ने क्रममा सिँढीमा लड्छ । उसलाई आफूलाई खासै केही भएजस्तो लागेको हुँदैन । तर त्यो ठोक्किएको ठाउँ दुख्दै जान्छ । ऊ बिरामी हुँदै जान्छ र बिस्तारै आफ्नो वरिपरिका मान्छेको कृत्रिमताप्रति घृणा जाग्दै जान्छ । उसका लागि श्रीमती र छोरीहरू नाटक हेर्ने कार्यक्रम पनि छाड्न खोजिरहेका हुन्नन् । डाक्टर भने कोही के, कोही के भन्दै जान्छन् । कोही आशा दिन्छन्, कोही निराश पार्छन् । उसले खोजेको सान्त्वना, दया एक रुसी किसान नोकर गेरासिमले दिन्छ। त्यो गेरासिमप्रति मात्र उसलाई मर्नुअघि केही दया आउँछ ।

आफू मर्दै छु भनेर जान्नु र आफ्ना प्रियजन मर्दैछन् भनेर जान्नुमा के फरक हुन्छ ? महाभारतमा यसका दुइटा उदाहरण छन्। परीक्षित राजालाई एक दिन श्रृंगी ऋषिले सात दिनभित्र मर्छस् भनेर श्राप दिन्छन् र उक्त मृत्यु अकाट्य छ भन्छन् । परीक्षितले त्यसपछि दुइटा प्रतिक्रिया जनाउँछन्- एक, उनी सत्ता सबै छाडेर भागवत् सुन्छन् । दोस्रो, उनी बच्ने केही उपाय छ कि भनेर तक्षकको विषबाट कसैले बचाउन सक्छ भने उक्त व्यक्तिलाई ठूलो पुरस्कारको घोषणा गर्छन्। महाभारतको अर्को एक उदाहरणचाहिँ सावित्री-सत्यवानको छ। शल्वनरेश द्युमत्सेनका छोरा सत्यवानलाई सावित्रीले मन पराइन् । त्यस बेला राज्यच्युत द्युमत्सेनसँग खासै सम्पत्ति थिएन र अन्धा थिए । छोरा सत्यवानसँग ती जंगलमा कुटीमा बस्थे । सावित्रीलाई नारदले सत्यवान बिहे गरेको एक वर्षमा मर्छन् भनेका थिए । पति मर्ने र सासूससुरा पनि विपन्न र अन्धा भइसकेको हुनाले सावित्रीको वैवाहिक जीवनप्रति उनका बुबा अश्वजित चिन्तित थिए । तर सावित्रीले बिहे गर्ने अड्डी छाडिनन् । उनीहरूको बिहे भयो । बिहे गरेको एक वर्ष पुग्न चार दिन अघिदेखि सावित्री निराहार व्रत बस्न थाल्छिन् । चौथो दिन

उनी बिहान उठेर अग्निको पूजा गर्छिन् र त्यसपछि जिद्दी गरेर सत्यवानसँगै काठदाउरा काट्न जंगल जान्छिन्। दाउरा काट्दाकाट्दै सत्यवान थाक्छन् र उनको जीउमा धेरै पसिना आउँछ। त्यसपछि सावित्रीले सत्यवानलाई आफ्नो काखमा राख्छिन् । त्यही बेला यमराज आउँछन् । सत्यवानको आत्मा लिएर दक्षिण दिशातिर हिँड्न थाल्छन् र सावित्री यमराजलाई पछ्याउँछिन् ।

यी दुई उदाहरणबाट महाभारतले दिन खोजेको शिक्षा के हो त ? मृत्युको ज्ञान हुनुले दिने एन्जाइटी सबैलाई हुन्छ। जसलाई आफ्नो मृत्युको दिनबारे ज्ञान हुन्छ, ऊ आफ्नो मृत्युसँग डराउँछ, एन्जिअस हुन्छ। तर प्रियजनलाई थाहा भयो, बिरामीलाई थाहा नभए हुने एक मात्र फरक हो- त्यो एन्जाइटी प्रियजनतिर सर्छ।

महाभारतमा अर्को दुईखाले पात्र छन् । एक, इच्छा मृत्यु भएका (भीष्म) र अर्का चिरञ्जीवी (अश्वत्थामा) । महाभारतले जवाफ नदिने एक प्रश्न के हो भने इच्छामृत्युको वरदान पाएका भीष्मले किन अझै लामो समय बाँचिरहन वा चिरञ्जीवी हुन खोजेनन् ? *लर्ड अफ द रिङ्ल*गायतका स्वैरकल्पनायुक्त किताबका लेखक टोल्किएनले *क्वेन्टा सिल्मरिलिअन*मा मृत्युलाई मान्छेले पाएको एक वरदान भनेका छन्, जुन अमरत्व पाएका एल्फहरूले समेत अन्ततोगत्वा चाहना गर्न थाले । टोल्किएनले लेखेका छन्, मृत्यु यस्तो वरदान हो, जुन समय बित्दै गएपछि सबैभन्दा शक्तिशालीले पनि लोभ गर्छन् । मृत्यु भएन भने न इतिहास हुन्छ, न त भविष्य। ढुंगाजस्तो विरक्त लागुन्जेल तपाईं एकै ठाउँ टाँसिएर बस्नुहुन्छ। मृत्यु एक स्वाभाविक प्रक्रिया र एक वरदान थियो, जुन भीष्मले छाने। अर्कोतिर महाभारतले टोल्किएनले झैँ अभिशप्त अश्वत्थामालाई चिरञ्जीवी बनाएको छ।

स्याहारका समस्या

लाखौँ नेपाली मजस्तो स्थितिमा हुन्छन् । गाउँमा हुर्केर १० कक्षा पास गरेपछि कलेज पढ्न सहर पस्छन्। विदेश जान्छन्। वर्षौंसम्म बाआमासँग नजिकको सम्बन्ध हुँदैन । बुढेसकालमा बाआमालाई हेर्दा हामी धेरै भावनात्मक हुन्छौँ । त्यसैले हाम्रो स्याहारसुसार ‘मैले सकेसम्म केही कमी हुन दिएको थिइनँ’ भन्न पाइयोस् भन्नेमा बढी केन्द्रित हुन्छ। तर धेरै कुरामा निर्णय गर्न हामी मानसिक रूपले तयार हुँदैनौँ ।



चितवनको सौराहामा भैँसी चराउँदै वृद्ध

दुई वर्षअघि डाक्टरले आमाको ओपन हार्ट सर्जरी गर्नुपर्छ भन्दा मलाई निर्णय गर्न निकै गाह्रो भएको थियो । उहाँको मुटुको भित्तामा देखिएको सिउडो अनार्युजमले दैनिकीलाई खासै असर गरेको थिएन। तर डाक्टरका अनुसार त्यो कुनै पनि बेला फुटेर आमाको अचानक मृत्यु हुन सक्थ्यो । उहाँ धेरै खर्च गरेर अपरेसन नगरौँ बाबु भन्दै हुनुहुन्थ्यो र म पनि मानसिक रूपमा ठूलो निर्णय गर्न सक्ने स्थितिमा थिइनँ । मैले सकेसम्म धेरै चिकित्सकको सल्लाह लिएर त्यो अपरेसन गर्ने निर्णय लिएको थिएँ। चिकित्सकका कुरालाई अन्तिम सत्य मान्छन्, धेरै नेपाली। तर प्रमाणले के देखाउँछन् भने चिकित्सक पनि हामीजस्तै प्राणी हुन्, चिकित्सा क्षेत्रमा पनि धेरै गल्ती हुन सक्छ । जनसंख्यामा जतिजति धेरै वृद्ध हुँदै जान्छन्, यी कुरा हामीले झन्झन् बढी आत्मसात गर्नुपर्ने हुन्छ।

वृद्धवृद्धाको हेरचाह भनेको परिवारभित्रको कथा मात्र हैन, यसले मुलुकलाई पनि समग्रमा असर पारेको हुन्छ। सरकार भनेकै मान्छे अशक्त हुँदा उसको हेरचाह गरिदिने एक निकाय हो। धेरै पहिले समाजमा राज्य नहुँदा, मान्छे बलियो हुँदा उनीहरूले मोज गर्थे, अरूको सम्पत्ति, श्रीमती पनि लुट्थे । जुन दिन उनीहरू कमजोर हुन्थे, बलियाले तिनीहरूलाई यसै गर्थे। यो स्थितिलाई प्राचीन रोमन दार्शनिकले ल्याटिन भाषामा ‘होमो होमिनी लुपस’ (अर्थात् एक मान्छे अर्को मान्छेका लागि ब्वाँसो भएको अवस्था) भन्थे । पहिला परिवार र सम्पत्तिमाथिको सुरक्षा प्रत्याभूतिको माध्यमबाट बुढेसकालको सुरक्षा गरिन्थ्यो भने अहिले पेन्सन, बिमा, वृद्धभत्ता आदि विभिन्न औजार प्रयोग गरिन्छ। यसमध्ये कुनैमा प्रत्यक्ष र कुनैमा अप्रत्यक्ष रूपमा राज्यको लगानी हुन्छ।

स्पष्ट छ, यदि वृद्धको संख्या बढ्दै गयो भने राज्यको दायित्व पनि बढ्दै जान्छ। संयुक्त राष्ट्रसंघले सन् २००९ मा निकालेको एक जनसंख्यासम्बन्धी रिपोर्टले नेपालको जनसंख्यामा वृद्धको संख्या बढ्दै जाने प्रक्षेपण गरेको थियो *(टेबल १)* । नेपालमा राष्ट्रिय योजना आयोगले निकालेको अर्को एक तथ्यांकअनुसार नेपालको जनसंख्या सन् २०२८ मा एजिङ (कुल जनसंख्याको ७ प्रतिशतभन्दा बढी ६५ वर्षका) र ०५४ मा एजेड (कुल जनसंख्याको १४ प्रतिशतभन्दा बढी ६५ वर्षका व्यक्ति हुने) हुनेछ।

सार्वजनिक स्वास्थ्यमा आएको सुधारसँगै मुलुकभरि नै अब वृद्धवृद्धा धेरै हुनेछन् । सन् १९९६ मा डीएचएसले प्रतिपरिवार ४.६ बच्चा भएको देखाएकामा सन् २०१६ मा यो संख्या २.३ मा झरेको छ। नेपालको परिवारको संरचनामा आधारभूत परिवर्तन आएको छ। यो प्रवृत्ति लगभग संसारभरि नै देखिन थालेको छ।

एसियाली विकास बैंकबाट सन् २०१२ मा प्रकाशित *एजिङ, इकोनोमिक ग्रोथ एन्ड ओल्ड एज सेक्युरिटी इन एसिया*मा पूर्वी एसियाको आर्थिक वृद्धिको चरण (सन् १९६० देखि ८० सम्मको) लाई पहिलो जनसांख्यिक लाभांश भनिएको छ। त्यसबेला एसियामा धेरै काम गर्ने उमेरका जनसंख्या थिए र केही मुलुकले ठ्याक्क

त्यस अवस्थाबाट कसरी फाइदा लिने भन्ने पत्ता लगाएर नीति बनाए। अहिले एसिया दोस्रो जनसांख्यिक लाभांश लिने अवस्थामा छ। भविष्यमा धेरै मान्छे बूढा हुन्छन्, त्यो बुझेर धेरै बचत गर्दै त्यसलाई उद्योगधन्दा आदिमा लगानी गर्नुपर्छ भन्ने चेतना आयो भने त्यसले हाम्रो वर्तमान अझै समृद्ध बनाउन सक्छ। किनकि हामी धेरै बचत र धेरै लगानी गरिरहेका हुनेछौं। तर त्यसका लागि त्यस्तै चेतना भएको सरकार र नीति जरुरत पर्छ। एडीबीको रिपोर्टले इंगित गरेको दोस्रो जनसांख्यिक लाभ यही हो।

एसियाका अरू देशको वृद्धावस्थाको प्रक्षेपण हेरौं। राष्ट्रसंघीय जनसांख्यिक रिपोर्टमा कोरिया र जापानको जनसंख्यामा ६० वर्ष कटेका व्यक्तिको अनुपात सन् २०५० मा ४० प्रतिशत कट्ने प्रक्षेपण गरिएको छ। सन् २०१६ मा अमेरिकाको नेसनल इन्स्टिच्युट अफ हेल्थको एक अध्ययनअनुसार संसारमा ८.५ प्रतिशत मान्छे (६१ करोडजति) उक्त समयमा ६५ वर्षभन्दा माथि भएकामा सन २०५० मा यो संख्या १ अर्ब ६० करोड (कुल जनसंख्याको १७ प्रतिशतजति) पुग्नेछ। यस्तै सन् २०१५ मा विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को एक रिपोर्टअनुसार संसारमा ८० वर्ष नाघेका साढे १२ करोड मानिस थिए भने सन् २०५० मा चीनमा मात्र यस्ता मानिस १२ करोड हुनेछन्।

> “ वृद्धभत्ता २ हजार बाट ३ हजार रुपैयाँ पुर्‍याउँदा वार्षिक १५ अर्ब खर्च बढ्ने भयो। त्यो रकमले १५ वटा सहरमा ठिक्क खाले पार्क बनाउन हुन्थ्यो।

यति धेरै वृद्धलाई कसले र कसरी पाल्ने हो ? यो प्रश्न पश्चिम युरोप र उत्तरी अमेरिकामा सन् १९५० तिर सोधिएको थियो। तर ती मुलुकमा सुरुमा जब बच्चाको मृत्युदर घट्न थाल्यो, ठीक त्यही बेला महिला मुक्तिका आन्दोलन भए, महिला श्रमशक्तिमा आवद्ध हुन थाले र महिला लेबर फोर्स पार्टिसिपेसन रेट (एलएफपीआर) बढ्न थाल्यो। अर्कोतिर, उनीहरू बिस्तारै आप्रवासनप्रति उदार हुँदै गए। त्यसैले ती मुलुकले सुरुमा त्यो समस्या धेरै भोग्नुपरेन।

नेपालमा सन् २०१७/१८ मा गरिएको केन्द्रीय तथ्यांक विभागको श्रमशक्ति सर्वेक्षणअनुसार महिलाको एलएफपीआर २६.३ प्रतिशत छ। महिलालाई सशक्त बनाएर उनीहरूलाई श्रमशक्तिमा राख्ने रणनीति अरू कुराका अलावा यो आसन्न वृद्धको जनसंख्या बढ्ने अवस्थाले पनि वाञ्छनीय हुने देखिन्छ। त्यसबाहेक अन्तरिम समाधानको एक अर्को सूत्र नेपाली समाजमा आफ्ना घरमा मान्छे कम भए नातेदार ल्याएर घरमा राख्नु पनि भएको छ।

फ्रास्वाँ लिबोइ र भिन्सेन्ट सोम्भिलले केहीअघि *वर्ल्ड डेभलपमेन्ट*मा नेपालको सन् २०११ को लिभिङ स्ट्यान्डर्ड सर्भेमा आधारित एक अध्ययनको नतिजा प्रकाशित गरेका थिए। त्यो अध्ययनले अरू कुराका अलावा यदि नेपालीले आफ्नै बच्चा कम पाएका छन् भने त्यो घरमा नातेदार वा अरू आएर बस्छन्, आफ्नै बच्चा धेरै छन् भने त्यस्ता बाहिरी सदस्य कम आएर बस्छन् भन्ने देखाएको थियो।

महिलालाई सशक्तीकरण गर्नुका अलावा डब्लूएचओले वृद्ध जनसंख्यासँग जुध्न अरू उपाय पनि सुझाएको छ। स्वास्थ्यका अरू क्षेत्रमा प्रगति भए पनि वृद्धावस्थामा हुने मध्यम तथा निम्नस्तरको विकलांगपना रोक्नेसम्बन्धी क्षेत्रमा स्वास्थ्य विज्ञानमा खासै प्रगति भएको छैन। तपाईं नियमित रूपमा व्यायाम गर्नुहुन्छ, हिँड्नु, डुल्नुहुन्छ, त्यस्तो वातावरण छ भने त्यसले तपाईंको वृद्धावस्थाका विकलांगपना घटाउँछ। अमेरिकाको नेसनल इन्स्टिच्युट अफ एजिङले वृद्धावस्थामा धेरै रोग हुने मुख्य रिस्क फ्याक्टर भनेर चुरोट सेवन, मद्यपान र व्यायाम कम गर्नेलाई लिएको छ। यी संस्थाले सुझाव दिएझैं गर्नाले मानिस वृद्धावस्थामा समाजलाई बोझ बन्दैनन्, पक्षाघात हुने सम्भावना कम हुन्छ, हेरचाह गर्ने मान्छे चाहिने सम्भावना कम हुन्छ।

हाम्रो मुलुकको कमजोरी यहीं छ। हाम्रो वृद्धावस्थाको समर्थन खालि केही सरकारी भत्तामा सीमित छ। पार्क बनाउने, मानिसलाई हिँड्न-डुल्न ठाउँ बनाउने र जीवन राम्रो बनाउनेजस्ता विषयमा हाम्रो ध्यान गएको छैन। गत वर्ष वृद्धभत्ता २ हजारबाट ३ हजार रुपैयाँ पुर्‍याउँदा वार्षिक १५ अर्ब खर्च बढ्ने भयो। त्यो रकमले १५ वटा सहरमा ठिक्क खाले पार्क बनाउन हुन्थ्यो। त्यहाँ वृद्धवृद्धा हिँड्न सक्थे, डुल्न सक्थे, बाघचाल खेल्न सक्थे, तिनको रोग कम हुन्थ्यो। चीनमा यस्ता पार्क बनाउने काममा गएको केही दशकमा तीव्रता आएको छ। हाम्रोमा पैसा दिने तर पार्क बनाउन उदासीन हुने गर्नाले त्यसले समाजलाई पुर्‍याउन सक्ने जति फाइदा भएको छैन।

बुढेसकालको चिकित्सा सेवा

बुढेसकालको अप्ठेरोमा एक भरोसा चिकित्सा सेवा पनि हो। चिकित्सकप्रति हाम्रो विश्वास हुँदाहुँदै पनि चिकित्सा सेवा गल्तीहीन पेसा होइन। यो एक अर्थमा कलाजस्तै हो, नैतिकता र इमानदारीले, तीखा आँखा र स्थिर हातको लामो समयदेखिको अभ्यासले यसलाई उत्कृष्ट बनाउँछ भने पैसाका लोभीहरूको हातमा यसको जिम्मा छाडिदिनाले समस्या आउँछ।

नेपालमा मेडिकल गल्तीबारे कम अनुसन्धान भएका छन्। सन् १९७४ मा अमेरिकी सिनेटमा यससम्बन्धी सुनुवाइ हुँदा त्यसबेला वर्षमा २४ लाख नचाहिने सर्जरी डाक्टरले जबर्जस्ती गरेको र त्यसले ११ हजार ९ सय अमेरिकीको अनाहकमा मृत्यु भएको देखाएको थियो। सन् २०१६ मा जोन्स हप्किन्स विश्वविद्यालयका प्राध्यापकद्वय मार्टिन म्याकरी र माइकल डानिएलले लेखेको एक रिपोर्ट अमेरिकामा चर्चित भएको थियो। उक्त रिपोर्टअनुसार वर्षमा २ लाख ५१ हजार अमेरिकी डाक्टरको गल्ती (अर्थात् मेडिकल एरर) ले मर्छन्।

यसरी मान्छे मर्ने गरेकाले यसलाई कम गर्न कसरी स्वास्थ्य सेवाको प्राक्टिस गर्ने भनेर हार्वर्ड विश्वविद्यालयका प्राध्यापक लुसिएन लिपले लामो समयसम्म अभियान चलाएका थिए। र, उक्त अभियानलाई धेरै मानिसको साथ थियो। नेपालमा भने यस्ता सिर्जनात्मक काम गर्ने जाँगर चिकित्सक, स्वास्थ्य सेवाप्रदायक व्यवसायी, सरकार, प्राध्यापक कसैले पनि चलाएको देखिँदैन। यसले नेपालमा भएका सर्जरी कति आवश्यक छन्, कति अनावश्यक

छन् भन्न सकिन्न ।

त्यसबाहेक राम्रो छोरा-बुहारी बन्ने चक्करमा बाआमालाई बुढेसकालमा यो अस्पताल र त्यो अस्पताल लाने, यो अपरेसन र त्यो अपरेसन गर्ने सामाजिक तथा मानसिक दबाबको अर्को पक्ष नेपालमा राम्रोसँग अध्ययन भएकै छैन । यसले गर्दा मान्छे घरमा परिवारको बीचमा बसेर शान्तसँग मर्नुको सट्टा पहिला नानाथरी काटकुट गरेर बेहोस अवस्थामा वा लठ्याउने औषधी लिँदालिँदै आईसीयूमा मर्ने क्रम बढ्दो छ । *लान्सेट जर्नल*मा सन २०११ मा प्रकाशित हार्वर्ड विश्वविद्यालयका प्राध्यापक अल्विन कोकको समूहले गरेको एक अध्ययनअनुसार सन् २००८ मा अमेरिकामा स्वास्थ्य सुविधा पाउने ६५ वर्षभन्दा माथिका १८ लाख मृत अमेरिकीमध्ये ३२ प्रतिशत अमेरिकी मर्दा सर्जरी गरेको एक वर्षभन्दा कम समय भएको थियो । १८.२ प्रतिशत मृत अमेरिकी सर्जरी गरेको १ महिनाभित्र मरेका थिए भने ८ प्रतिशत अमेरिकी सर्जरी गरेको १ साताभित्र मरेका थिए । अर्कोतिर विस्कन्सिन विश्वविद्यालयका प्राध्यापक कुपरको समूहले गरेको एक अध्ययनमा ६५ वर्षभन्दा बढीका र अर्जेन्ट वा इमर्जेन्ट पेटको सर्जरी गरेकामध्ये २० प्रतिशत वृद्धवृद्धा सर्जरी गरेको ३० दिनभित्र मरेका थिए । प्रश्न उठ्छ, किन गरिएका थिए यति धेरै सर्जरी ?

यसबाहेक अमेरिकी रिसर्चले नर्स र डाक्टरले कस्तो वातावरणमा काम गरेका छन्, त्यसले पनि उनीहरूले दिने सेवाको गुणस्तरमा असर पार्ने नतिजा देखाएका छन् । म आफैँले पीएचडी गर्दै गर्दा हाल युनिभर्सिटी अफ मेरिल्यान्ड (कलेजपार्क) मा कार्यरत प्रोफेसर इथान काप्लनको समूहको रिसर्च असिस्ट्यान्टका रूपमा काम गरेको एक अध्ययनको नतिजा सन् २०१६ मा *इन्डस्ट्रियल एन्ड लेबर रिलेसन रिभ्यू*मा प्रकाशित भएको थियो । क्यालिफोर्नियामा सन् १९९६ देखि २००५ सम्म अस्पताल भर्ना भएका सबै बिरामीको करोडौँ तथ्यांक हेरेर गरिएको उक्त अध्ययनमा जहाँजहाँ नर्सले युनियन बनाउन पाएका थिए, त्यहाँ उनीहरूले दिने सेवाको गुणस्तर राम्रो भएको देखिएको थियो । नेपालमा हामी अझै सूक्ष्म तथ्यांकमा हेर्ने, कस्तो वातावरणमा डाक्टर र नर्स काम गरिरहेका छन् भनेर हेर्ने र स्वास्थ्य गुणस्तरको मापन गरेर सोहीअनुसारको नीतिनियम बनाउने संस्कृतिमा अझै गइसकेका छैनौँ । यसले हामीलाई भविष्यमा हामी बूढा हुँदा पाउने चिकित्सा सेवाको गुणस्तर राम्रो नहुने सम्भावना इंगित गर्छ ।

वृद्धावस्थाको स्याहार

मुलुकमा वृद्धको संख्या बढ्दै जाँदा सरकारले सोच्नुपर्ने भनेको कसरी अहिलेको पुस्ताले आफैँ आफूलाई वृद्ध हुँदा पाल्न सक्ने वातावरण बनाउने भन्ने हो ताकि एकातिर ती भविष्यमा अरूका लागि बोझ नहोऊन् भने अर्कातिर तिनीहरूले आफ्नो बचतबाट त्यसबेलाका युवा पुस्तासँग सेवासुविधा किन्न सकून् । त्यसका लागि धेरै नीतिगत बाटा छन् । एक, जनताले गर्ने बचत बढाउने । दुई, मुलुकको उत्पादकत्व बढाउने र त्यसका लागि शिक्षा, यातायात पूर्वाधार तथा स्वास्थ्यमा व्यापक लगानी गर्ने । यसो भए उनीहरूलाई भविष्यमा चाहिने धेरै सेवा थोरै मानिसबाट नै प्राप्त हुन सक्छ । तर यसरी सम्पत्तिलाई एक समयबाट अर्को समयमा लैजान सरकारी नीतिको अहं भूमिका हुन्छ ।

अहिले पूर्वी एसियाका धेरै मुलुकमा जस्तै नेपालमा वृद्धावस्थाको स्याहारसम्बन्धी सरकारको नीति प्रत्यक्ष भत्ता दिने, कर्मचारीको हकमा पेन्सन दिने र अन्य कतिपय विपन्नको हकमा मुख्य रोगको उपचारमा सहयोग गर्ने खाले नगद र सहयोगको मिश्रणबाट बनेको छ । वृद्धको संख्या बढ्दै जाँदा त्यो बोझ पनि कामकाजी व्यक्तिलाई नै सर्छ किनकि वृद्धलाई दिइने भत्ताजस्ता सुविधा बचतबाट नभई करबाट आउँछ । युनिभर्सिटी अफ हवाईका अर्थशास्त्रीद्वय मेसन र लीले सन् २००७ मा गरेको एक अध्ययनअनुसार यदि मान्छे वृद्धावस्थामा आफ्नै बचतमा भर पर्न थाले भने त्यसले अर्थतन्त्रलाई सकारात्मक असर पार्छ किनकि धेरै बाँचिन्छ भन्ने भएपछि मानिसले सोचविचार गरेर लगानी गर्छन् ।

मानौँ, नेपालीले शिक्षामा अहिले बढी लगानी गरे र प्रत्यक्ष व्यक्तिगत बचत बढाए । शिक्षाको लगानी मुख्यतः सरकारमार्फत हुन्छ । अहिले हाइस्कुलसम्म जाने नेपाली विद्यार्थीमध्ये १८.४ प्रतिशत मात्र निजी क्षेत्रमा छन् । त्यसको असर के हुन्छ त ? भविष्यमा नेपालीको उत्पादकत्व बढ्छ र उनीहरू या नेपालमा

टेबल १ : नेपालको वृद्ध जनसंख्याको प्रक्षेपण (स्रोत : राष्ट्रसंघीय रिपोर्ट (२००९))

कुल जनसंख्याको प्रतिशत	१९५०	१९७५	२०००	२०१०	२०२५	२०५०
०-१९ वर्षका जनसंख्या	५१.४	५२.४	५१.६	४७.०	३८.१	२८.७
६५ वर्षभन्दा बढीका जनसंख्या	१.९	३	३.५	४.१	५.२	१०.६

टेबल २ : नेपालमा वृद्धभत्ता वितरणको स्थिति (स्रोत : आर्थिक सर्वेक्षण ०७५/७६)

वर्ष	०७०/७१	०७१/७२	०७२/७३	०७३/७४	०७४/७५
भत्ता लिएकाको कुल संख्या	९,२९,१८०	९,५१,४१९	१०,४९,८१९	१०,८३,२४३	१२,३१,५८६

या विदेशमा काम गर्छन् । नेपालमा काम गर्नेलाई सरकारले सीधै कर लगाउन सक्छ । विदेशमा काम गर्नेलाई कर लगाउन नसके पनि उनीहरूले पठाएको रेमिट्यान्सबाट तिनको उपभोगका लागि आएका सामानलाई कर लगाउँछ । तर सरकारले ती व्यक्तिमा गरेको लगानी व्यर्थ हुन्छ, जो विदेशमा सधैँका लागि बसिदिन्छन् । उत्पादकत्व बढी भएका नेपाली धेरै जना विदेश गएर बस्न थाले भने लगानी खेर त जान्छ नै, त्यसलाई शोधभर्ना गर्न र सरकारले लगाउने कर एकै समूहलाई बढी नहोस् भनेर पनि विदेशबाट दक्ष मानिस आएर यहाँ बस्न सजिलो बनाउनुपर्ने हुन्छ । गत वर्षको लगानी सम्मेलनअघि म आफैँ, अर्थशास्त्री गोविन्द नेपाल र अन्य भएर गरेको एक अध्ययनमा नेपालमा दक्ष व्यक्ति ल्याएर काम गराउन एसियामै सबैभन्दा गाह्रो भएको देखिएको थियो, जसले बाह्य लगानी तान्न पनि मुस्किल भएको थियो । यी नियम पनि अब पुनरावलोकन गर्नुपर्ने स्थिति छ ।

२५ वर्षसम्म लगभग एकै प्रक्रियामा दिइएको वृद्धभत्ताका असरबारे पनि अब मूल्यांकन गरिनुपर्ने बेला आएको छ । हार्वर्ड अर्थशास्त्री मार्टिन फेल्ड्स्टाइन र उनका सहयोगी रिसर्चरले वृद्धावस्थामा दिइने सहयोगको असरबारे गरेको अनुसन्धानको एक प्रश्न नेपालको परिप्रेक्ष्यमा यो थियो । यदि सरकारले अहिले महिनाको

२० हजारका दरले वृद्धभत्ता दिने प्रत्याभूति गर्‍यो भने के हुन्छ ? उनको मोटामोटी उत्तरचाहिँ मान्छेको बचत दर घट्छ भन्ने थियो। यदि त्यसो हो भने या वृद्धभत्ता बचत गर्न सक्ने व्यक्तिलाई दिनुभएन (उदाहरणका लागि प्रगतिशील वृद्धभत्ता पद्धति लागू गरेर) या त जबर्जस्ती बचत गराउन लाग्नुपर्‍यो। के सरकारले त्यसो भए जबर्जस्ती सिंगापुरले गरेजस्तो धेरै बचत गराउन सक्छ ? हामी औपचारिक क्षेत्रका कर्मचारीको रकम जबर्जस्ती बचत (तलबको १० प्रतिशत) गर्छौं तर वृद्धभत्ता बाँड्ने पैसा भने अहिले उठाउने करबाट आउँछ।

यो परिप्रेक्ष्यमा हेर्दा वृद्धभत्ता पाउने उमेर घटाउनेभन्दा बढाउने, अवकाशको उमेर बढाउने, शिक्षामा र सुनौला हजार दिनजस्ता भविष्यमा श्रमशक्तिको उत्पादकत्व बढाउने क्षेत्रमा सरकारमार्फत लगानी बढाउने, बचत बढाउन बल गर्ने र त्यो बचतलाई सडक, ऊर्जाजस्ता उत्पादकत्व बढाउने क्षेत्रमा लगानी गर्नेजस्ता नीतिमा कसरी जोड दिने भनेर बहस गर्नुपर्ने स्थिति अहिले आएको छ। लोकतन्त्रलाई भोटको खेलबाट माथि उठाएर भविष्यको विचार गर्न सक्ने पद्धति बनाउन सकिन्छ कि सकिन्न भन्ने परीक्षा पनि यिनै बहसको निचोडबाट हुन्छ।

यदि अहिलेसम्म चलिरहेको बाटोमा हिँड्यौं भने हाम्रो भविष्य लगभग यस्तो हुनेछ। संसारका धेरै देशको जस्तै हाम्रो जनसंख्या चाँडै वृद्ध व्यक्ति धेरै भएको हुनेछ। तर भएका युवा जनशक्ति त्यसबेला नेपालका वृद्धको हेरचाह गर्नभन्दा वृद्धवृद्धा धेरै भएका कोरिया, जापानलगायतका मुलुकमा काम गर्न गइरहेका हुनेछन्।

गएको वर्ष जापानमा धेरै गाउँमा भएका अस्पतालका नर्स जाडोको बेला गाउँ छाडेर सहर पसेपछि त्यहाँ वृद्धवृद्धालाई हेरचाह गर्ने मानिस पनि भएनन्। र, यो वर्ष उनीहरूले एसियाका गरिब देशबाट मानिस बोलाए। हाम्रो सहरमा भएका भौतिक संरचना हेर्दा अहिले राम्रोसँग हिँडडुल गर्ने ठाउँ पनि छैनन्। हामी बुढेसकालमा रोगी हुने सम्भावना बढी छ। त्यसबाहेक अस्पतालमा सही वा गलत जे अपरेसन गरे पनि हुने र त्यसलाई नियमन गर्ने निकाय नहुने अहिलेको स्थितिमा लगभग आधाभन्दा बढी अपरेसन नै नचाहिने हुने सम्भावना छ। हाम्रो बुढेसकाल सहायताविहीन भएर, द्रव्यलालचीले लुटिएर बित्ने सम्भावना त्यसैले प्रबल छ।

सरकारले ध्यान दिनुपर्ने चार विषय

वृद्धावस्था सबैलाई उराठ हुन्छ। चीनको इन्टिग्रेटेड नेसनल मोर्टालिटी सर्वेलेन्स सिस्टममा भएका मृत चिनियाँको २०१३/२०१४ को तथ्यांक अनुसन्धान गरेर हङकङ विश्वविद्यालयका प्राध्यापक पाओ लियाङ चोङको समूहले सन् २०१६ मा निकालेको एक नतिजामा उक्त वर्ष चीनमा आत्महत्या गर्नेमध्ये ३८.२ प्रतिशत वृद्ध थिए। जबकि चीनले सन् २००३ मा ग्रामीण नागरिकलाई र २००७ मा सहरिया नागरिकलाई सार्वजनिक स्वास्थ्य बिमा उपलब्ध गराउने, सन् २००९ मा ग्रामीण क्षेत्रका लागि विश्वव्यापी पेन्सन सिस्टम दिलाउनेजस्ता वृद्धमैत्री कार्यक्रम ल्याएको पनि थियो/छ। वृद्ध बढ्दै जाँदा सरकारले आवश्यक कुरामा ध्यान दिन सकेन भने अर्थतन्त्र अप्ठेरोमा पर्ने, चिकित्सा सेवामा बदमासको बोलवाला

स्याहारको पर्खाइ : धनकला आचार्य, ७३, अर्किड केयर होम बसुन्धरामा

हुनेदेखि अन्य धेरै नक्कली स्याहारसुसारका कार्यक्रमले मान्छेको बचत लुटिन सक्छ। अर्कोतिर बालबच्चा कम हुँदै गएकाले धेरै घरमा एक्ला वृद्धले निसासिएर आत्महत्यासम्म गर्न पुग्नेछन्, जसले राज्यले प्रत्याभूत गरेको 'होमो होमिनी लुपस' को स्थिति आउन नदिने करार पनि कमजोर हुँदै जानेछ।

यो अवस्थामा अबको हाम्रो वृद्धावस्थाको स्याहारको व्यवस्थापनसम्बन्धी मूल प्रश्न निम्न हुनेछन् :

१. वृद्धभत्तालगायत वृद्ध व्यक्तिलाई लक्षित गरिएका कार्यक्रम कसरी डिजाइन गर्ने ? हामीले गरेको भत्ताको दिगोपनको आधार के हुने हो ? त्यसबाहेक हामीले कति पैसा बूढो हुँदा रोग नलागोस् भनेर व्यायाम गर्ने पार्क बनाउनेजस्ता अन्य सुविधाजनक विषय निर्माण गर्न प्रयोग गर्ने, कति पैसा गरिब घरपरिवारको औषधोपचारमा सरकारी अनुदानको रूपमा खर्चिने ?

यसपालि म जुन २४ मा बुटवलको नगरसभा बजेटसम्बन्धी पूर्वछलफलमा भाग लिन गएँ। बजेटबारे धेरै छलफल भए। एक अवकाशप्राप्त अध्यापक आनन्द शाक्यको भनाइ यस लेखसँग सम्बन्धित छ। शाक्यले भन्नुभएको थियो, "हाम्रो नगरपालिकामा बूढाबूढी हिँड्ने राम्रो ठाउँ छैन। विदेशतिर खानेकुरा किन्यो भने बाहिर खान सकिने स्थिति हुन्छ, हाम्रोमा घर लैजानुपर्छ। डुल्ने ठाउँ पनि छैन। बूढापाकाले एकअर्कालाई भेट्ने ठाउँ पनि छैन।"

चीनमा वृद्धवृद्धालाई लक्षित गरेर धेरै पार्क बनाइएको देखिन्छ। अमेरिका, युरोपले त सहर डिजाइन गर्दा नै धेरैजस्तो यो पक्षलाई हेरेर गरेका थिए। जस्तो, लुई नेपोलियन र हाउसम्यानले

पेरिस डिजाइन गर्दा नै भविष्यको विश्वकै राजधानीजस्तो सुन्दर, कलात्मक सहर, जहाँ राज्यलाई हुलदंगा नियन्त्रण गर्न सजिलो पनि हुन्छ भनेर बनाएका थिए । हाम्रा सहर जथाभावी बन्दै छन्, त्यसको पछाडि कुनै लक्ष्य र दर्शन छैनन् । हाम्रो जनसंख्यामा वृद्धवृद्धाको अनुपात बढ्दैछ भन्ने सोचेर सहर त बनाएका छँदै छैनौं । अब वृद्धवृद्धाको स्वास्थ्य सुधार लक्षित स्तरीय पार्क जरुरत भइसकेको छ ।

काठमाडौंमा आप्रवासन बढेको सन्दर्भमा गाउँबाट सरेर आउने वृद्धवृद्धाको हकमा त अझ बढी समस्या छ । आफ्नो उमेरका मान्छे भेट्न गाह्रो छ । बाटामा भेटेर गफ गरेपछि रेस्टुराँमा जाने उनीहरूको आदत हुँदैन, घरमा यसरी नयाँ भेटेका मान्छे लैजान सजिलो पनि हुँदैन र घरको नेतृत्व उनीहरूको हातमा पनि हुँदैन । छोराबुहारीले कस्तो मान्ने हुन् भन्ने धक पनि हुन्छ । यसरी बाटाबाटामा हिँडेका बूढाबूढी भैंसेपाटीलगायतका आवास क्षेत्रमा पनि धेरै देखिन्छन् । यिनलाई लक्षित गरेर पार्क बनाउन ढिलो भइसकेको छ ।

अर्को प्रश्न हो, चिकित्सा क्षेत्रलाई कसरी वृद्ध व्यक्ति लक्षित बनाउने ? डा गवान्डेले माथि उल्लिखित किताबमा एक प्रसंग यसरी लेखेका छन्, 'डाक्टरहरू जुन क्षेत्रमा विज्ञ छन्, लगभग त्यही क्षेत्रको उपचार गरिहाल्न खोज्छन् ।' उदाहरणका लागि, धेरैजसो ८० वर्षका व्यक्तिसँग उमेरजन्य कारणले पनि कम्तीमा चार-पाँच वटा रोग हुन्छन् । रक्तचाप होला, डायबिटिज होला, ग्रन्थि रससेचनमा कमजोर होलान्, फोक्सोको केही समस्या होला । तर छाती दुख्यो भन्दै तपाईं मुटुको डाक्टरकहाँ जानुभयो भने मुटुको अपरेसन गर्न भन्लान् । त्यसले फोक्सो अथवा अरू ठाउँमा भइरहेको समस्यालाई झन् खराब बनाइदिन सक्छ । त्यसैले कतिपय अवस्थामा तपाईं धेरै बूढो हुनुहुन्छ भने केही नगरीकन बस्दा अपरेसन गरेको भन्दा फाइदा हुन सक्छ । वृद्धावस्थाका यस्ता रोगलाई समग्र रोगको परिप्रेक्ष्यमा राखेर हेर्ने काम जेरियाट्रिसियनले गर्छन् । अमेरिकामा वर्षमा जम्मा ३ सय जना त्यस्ता डाक्टर (एउटा राज्यमा औसत ६ जना मात्र) उत्पादन हुन्छन् ।

नेपालमा मेडिकल काउन्सिलको वेबसाइट हेर्दा त्यसरी छुट्टाछुट्टै विशेषज्ञताका आधारमा मुलुकभित्रको चिकित्सा क्षेत्रको उत्पादनलाई राखिएको पाइँदैन । तर जेरियाट्रिसियनको संख्या कम भएको व्यक्तिगत संवादबाट ज्ञात भएको छ । यस्ता जनशक्ति मिसम्याचका स्थितिलाई कसरी व्यवस्थापन गर्ने ?

चिकित्सा क्षेत्र अपरिहार्य हो तर यो क्षेत्रका नेतृत्वकर्ता चिकित्सक आर्थिक लोभमा नपरीकन अनुशासन र समाज सेवा सिकाउने हुनुपर्छ । अगतिलो नेतृत्व छ भने पछि आउने डाक्टर पैसाका लागि जथाभावी अपरेसन गर्ने र नचाहिने औषधी खान लगाउने हुन्छन् । दुःखको कुरा, अरू क्षेत्रमा जस्तै यो क्षेत्रमा पनि नेतृत्व र नियामक निकायमा गतिला र बदमास दुवैखाले मान्छे छन् । नेपालको चिकित्सा क्षेत्रमा अब निकै सुधार जरुरत छ, जुन आफ्नो पेसालाई निर्मम समीक्षा गरेर अनुसन्धान गर्ने र समाजका लागि योगदान दिने लुसिएन लिपजस्ता चिकित्सकको उत्पादन सुरु गर्नु पनि हो ।

२. हाम्रो अर्थतन्त्र अब वृद्धावस्थामा जाँदाको उत्कृष्ट बचत अनुपात के हुनुपर्छ ? कसरी त्यति बचत हुने कुराको प्रत्याभूति गर्ने ? के-के औजार प्रयोग गर्ने ? यसरी लगानी गर्न वित्तीय मौका प्रदान गर्ने कार्यक्रम कसरी बनाउने ? के सरकारले यसका लागि अहिलेको भन्दा ठूलो बजारको आकार मुलुकमा बनाउन सक्छ ?

विसं ००७ सम्म नेपालमा राणाबाहेकका सीमित मान्छे मात्र धनी हुने कारण बजारको बिस्तार नहुनु पनि थियो । स-साना हाटबजारमा व्यापार गरेर मान्छेको खासै प्रगति हुन सक्दैनथ्यो । क्याम्ब्रिज अर्थशास्त्री आर्थर पिगु समाजवादी धारका भए पनि उनले सय वर्षअगाडि एक ठाउँमा लेखेका थिए, 'मुलुकमा केही साह्रै धनी मान्छे भएको पनि राम्रो हो, तिनीहरूले आर्ट (पेन्टिङ), खेलकुदजस्ता राज्यले खासै ध्यान नदिने क्षेत्र स्पोन्सर गर्छन्, म्युजियम बनाउँछन्, विश्वविद्यालयहरूलाई आफ्नो ढंगले समर्थन गर्छन् । राज्यले यस्ता कुरामा सधैं ध्यान पुऱ्याउन सक्दैन ।'

हाम्रो मुलुकमा भने स-साना बजार मात्र भइन्जेल खासै धनी मान्छे भएनन् । अहिले बजार बिस्तारै बढ्दा अर्बपति जन्माउन थालेका छौं । यद्यपि तिनीहरूमा दिने बानी अझै आइसकेको छैन । धेरै जनसंख्या भएका सहर बनाउने र तिनलाई जोड्ने गर्दा बजार पनि बढ्छन्, धेरै लगानी गर्ने कोषले पनि ठाउँ पाउँछन् । तर सहर बनाउने र जोड्ने जस्ता सार्वजनिक महत्त्वका सकारात्मक बाह्यता (पोजिटिभ एक्स्टर्नालिटी) हुने सरकारले नै गर्नुपर्ने काम हुन् ।

कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोषजस्ता कोष घर भाडामा लगानी गरेर अथवा नेता नजिकका अदक्ष नेतृत्वले हाँकेको वायु सेवा निगमलाई ऋण दिएर मात्र अब चल्न सक्दैनन् । किनकि यस्ता कोष अब धेरै हुँदै गएका छन् र मुलुकमा बजार र लगानी गर्ने अवसरको विस्तार नभए यी सबै पैसा त्यसै खेर जानेछन् । जसले जति बल गरे पनि, जति आदर्शका कुरा गरे पनि यस्ता कोष ३ हजार जनसंख्या भएको सुदूर गाउँमा लगानी गर्न स्वेच्छाले जानेवाला छैनन् । यो तथ्य सरकारले यथाशीघ्र बुझ्नु जरुरी छ ।

३. हाम्रो जनशक्ति निर्माणमा अहिले देखिएको निम्न लगानीलाई कसरी हटाउने ? हामीले विश्वविद्यालय चलाउन नसकेको अहिलेसम्मको अवस्थामा कसरी राम्रा विश्वविद्यालय बनाउने र चलाउने ? किनकि मानव संसाधन विकास गरेर पुँजी सघनतायुक्त (क्यापिटल डिपेनिङ) अर्थतन्त्र निर्माण गर्न नसके लगानीको राम्रो प्रतिफल आउँदैन र युवावस्थाबाट वृद्धावस्थामा स्रोत लैजान सकिँदैन ।

काठमाडौंमा ०५० तिर नाम चलेका धेरै विद्यालय निजी र नाफामूलक थिए । तर ती विद्यालयका मालिकले अर्बौं कमाउँदा पनि सार्वजनिक प्रयोग हुने पुस्तकालय, रंगशालामा लगानी गरेनन् । खालि विद्यार्थी संख्या बढाउने र त्यसका लागि नयाँ र कम गुणस्तरका भवन थप्ने काम गरे । निजी कलेजको स्थिति झनै खराब छ । अर्कोतिर शिक्षामा अमेरिकामा निजी तर गैरनाफामूलक विश्वविद्यालय खोलिए, जुन आजसम्म संसारको इतिहासकै सबैभन्दा सफल हुन सकेका छन् । उच्चस्तरीय विश्वविद्यालय

बनाएर संसारमा आविष्कार र राजनीतिको नेतृत्व विकास गर्ने अमेरिकी मोडल आज अरू देशमा पनि लोकप्रिय छ । जस्तो, चीनमा यो क्षेत्रमा भइरहेको विकास हेरौं । चिनियाँले सन् १९९० तिर एक्काइसौं शताब्दीका लागि एक सय विश्वविद्यालयमा धेरै लगानी गर्ने कार्यक्रम (प्रोजेक्ट '२११') ल्याए । १ हजारभन्दा बढी विश्वविद्यालय भएको चीनमा पहिले नेपालमा जस्तै जो नेताको नजिक छ उसले सरकारी कोष लैजान सक्ने स्थिति थियो । सय वटालाई फोकस गर्ने भनेपछि यो स्थिति अलिकति भए पनि कम भयो । उनीहरूका सरकारी विश्वविद्यालय पनि बिस्तारै सुध्रिन थाले ।

अर्को मुख्य घटना सन् २०१५ मा भयो । मार्चमा सात जना प्रख्यात चिनियाँले एक निजी विश्वविद्यालय खोल्न सरकारलाई निवेदन दिए, जसलाई तुरुन्त अर्को महिना राष्ट्रपति सी चिनफिङले स्वीकृति दिए । नोबेल पुरस्कार विजेता याङ छननिङलगायतका विद्वान् संलग्न उक्त विश्वविद्यालयलाई चिनियाँ अर्बपतिहरू वु याचुन (रियलइस्टेट म्याग्नेट), वाङ चिआनलिन (वान्डा ग्रुप चेयरम्यान) र मा हुआथङ (चीनका सबैभन्दा धनी व्यक्ति, टेनसेन्टका मालिक) ले महत्त्वपूर्ण आर्थिक सहायता दिए । उक्त विश्वविद्यालयले अहिले राम्रा चिनियाँ प्रतिभालाई अमेरिकी विश्वविद्यालयले दिएजत्तिकै तलब दिएर काम गर्न बोलाउँछ ।

नेपालका विश्वविद्यालय हेर्दा, त्यहाँ भएका नेतृत्व र माथि सरकारमा भएका नेतृत्वलाई हेर्दा यति ढुक्कसँग भन्न सकिन्छ- हामी चिनियाँजस्तो मानव संसाधनको आधुनिकीकरण सोच्न सक्दैनौं । हामी अझै पनि हामीसँग भएका स्रोत यो र त्यो नामको भत्तामा, तलबै तिर्नु नपर्ने जनप्रतिनिधिलाई तलब र गाडी दिएर उडाइरहेका छौं । भविष्यको निर्माण कसरी गर्ने, भविष्यका लागि लगानी कसरी गर्ने, भविष्यको उत्पादकत्व कसरी बढाउने भनेर सोचेका छैनौं । तर अब सधैं यसरी चल्दैन र भविष्य सोच्नुपर्ने बेला आएको छ ।

वर्ग विश्लेषणमा छुटाइएकाहरू : **टंकेश्वर फुटपाथमा एक वृद्धा**

हाल श्रमशक्तिमा आबद्ध नभएका महिलालगायतका समूहको अध्ययन र मूल्यांकन गरी उनीहरूलाई श्रमशक्तिमा आबद्ध गराउन छात्रवृत्ति, तालिम आदिको व्यवस्था गर्नुपर्छ । माथि उल्लेख गरिएझैं अमेरिकालगायतका मुलुकमा यो नै पहिलो 'लो ह्याङिङ फ्रुट' थियो ।

४. कसरी सरकारले विद्यमान बचतलाई आफ्नो निहित उद्देश्यमा खर्च गर्न नपाउने बनाउने ? सरकारको वित्तीय पद्धति कहिलेकाहीं मुलुक चलाउन र भविष्य बनाउन बाधक बन्छ । उदाहरणका लागि, केही अघि सुनिएअनुसार सामाजिक सुरक्षा कोषमा भएको पैसा (२० अर्बभन्दा बढी) सरकारले 'रिङ फेन्सिङ' गरेको रहनेछ र खर्च गरिसकेको रहेछ । यदि सरकारले भविष्यका लागि भनेर बचत गरिने सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष आदिमा रहेका पैसा अहिले जथाभावी खर्च गऱ्यो भने भविष्यको पुस्ताले त्यसलाई चुक्ता गर्न झन् बढी कर तिर्नुपर्ने स्थिति हुन्छ । यस्ता अन्तरकालीन स्थानान्तरण (इन्टरटेम्पोरल ट्रान्सफर) को सही उपयोगमा सरकार जाने कि जथाभावी लगानी (जस्तो, व्यवसाय योजनाबिना आएका जहाज किन्ने कार्यक्रममा लगानी) गर्ने ? यी प्रश्न सरकारले अब तुरुन्त सोच्नुपर्ने भएको छ । भविष्यका लागि गरिने बचत भनेको आज सरकारलाई गाह्रो-साँघुरो फुकाउने कुरा होइन भन्ने बुझ्नुपर्छ ।

अन्त्यमा, विज्ञानको क्षेत्रबाट आएका दुई छोटा सकारात्मक खबर प्रस्तुत गर्न चाहन्छु । वैज्ञानिकले अहिले एजिङबारे अध्ययन गर्न धेरै प्रयोग गरेको कीरा (राउन्ड वर्म) हो । यो सेल्फ-फर्टिलाइजिङ कीरा पारदर्शी हुने भएकाले यसका कोष कहाँ छन् भन्न सकिन्छ । यसको जिनलाई यताउता चलाएर उमेर बढाउन वैज्ञानिकलाई सफलता मिलेको छ । अनुसन्धानका धेरैजसो नतिजा जति यिनको जिनलाई तनाव प्रतिरोधी (स्ट्रेस रेसिस्ट्यान्ट) बनायो, त्यति यिनीहरूको उमेर बढ्छ भन्नेतर्फ लक्षित छन् । तर हालै *नेचर*मा प्रकाशित केही रिसर्चले भने तनाव मात्र घटाएर उमेर बढाउन सकिन्छ भन्ने छैन भनेका छन् । अर्कोचाहिँ नानो टेक्नोलोजीबाट छ । अहिले कसैको अंग प्रत्यारोपण गर्नुपऱ्यो भने अरूको अंग लिएर हाम्रो शरीरले त्यसलाई अस्वीकार गर्छ/गर्दैन हेरेर निर्णय गरिन्छ । नानोले तपाईंको आफ्नै कोषबाट अंग बनाउने सुविधा दिन्छ, जुन अस्वीकृत हुँदैन । त्यस्तै शरीरभित्र राखिने नानो बोटले क्यान्सरलगायत रोगलाई सुरुकै स्टेजमा डिटेक्ट गर्न सक्छन् र उपचार गर्न सक्छन् । लेखक नोआ हरारीले *स्यापियन्स*मा त हामी सन् २०५० सम्म एमोर्टल (दुर्घटनाबाहेक अरूले नमर्ने) हुने सम्भावना छ भनेका छन् । नानो टेक्नोलोजीसम्बन्धी धेरै वेबसाइटमा लेखकहरूले लगभग यस्तै दाबी गरेको पाइन्छ । भाग्यवश चाँडै यस्तो भए भविष्यमा हाम्रो जनसंख्या धेरै वृद्ध भए के गर्ने भनेर धेरै पीर गर्नु नपर्ला । तर भाग्यमा भर पर्नु नै हाम्रो समग्र रणनीति भने हुनु हुँदैन । ने

परित्यक्त बुढेसकाल

छोराछोरीको विदेश पलायनसँगै एक्लिएका बूढाबूढीको व्यथा

केयर होम बसुन्धरामा उपचारत एक वृद्धा

आवरणसहित तस्बिरहरू : सरोज बैजु

सुनिता लोहनी

बुढ्यौली टेक्दाटेक्दै पक्षाघात भएका साथीको दुर्गति देखेर कपनका सुवास कोइराला अवकाशदेखि डराउन थालेका छन् । उनीसँगै हुर्केका साथी वाणिज्य बैंकमा जागिरे थिए । अवकाश लिएको एक महिनामै पक्षाघात भई दायाँ भागको हातगोडा नचल्ने भयो । साथीको अवस्थाले त्रस्त ५७ वर्षीय कोइराला भन्छन्, “रिटायरमेन्टपछि मलाई पनि त्यस्तै हुन्छ कि ?”

नेपालमा अवकाश लिनु भनेको बुढ्यौलीको संकेत हो, जसको व्यावहारिक अर्थ सम्पूर्ण कुराबाट निष्क्रिय बस्नु बुझिन्छ । विदेशमा ६० कटेपछि जिन्दगीको ‘सेकेन्ड इनिङ’ अर्थात् दोस्रो पारी सुरु भएको मानिन्छ । तर नेपालमा भने बुढेसकाल डरलाग्दो रोगको रूपमा विकास भइरहेको छ ।

सुवास मात्र होइन, बुढेसकालसँग तर्सिने । कलाकार हरिवंश आचार्य, ६१, ले बुढ्यौलीको गुनासो पोख्दै गीत गाए, ‘बूढो हुन मन छैन...।’ गीतमा बूढाबूढी भएपछि शरीर खिइँदै जाने, बोल्ने साथी नपाइनेजस्ता भाव अभिव्यक्त गरिएको छ । बुढ्यौलीले हरिवंशजस्तो चर्चित कलाकारलाई त सकस पारेको छ भने विपन्न वर्ग, दूरदराजमा बस्ने बूढाबूढीको हालत के होला !

गौशालाको बैंकटेश्वर मन्दिरनजिक साढे दुई तले सिमेन्टी घरमा बस्छिन्, उमेरले ८० नाघिसकेकी इन्दिरा ढकाल । घरअगाडि हिँड्ने बटुवालाई हेरिबस्नु उनको दिनचर्या हो । उनका ३ भाइ छोरा, ३ बुहारी र नातिनातिना छन् तर सबै विदेशमा । विवाहित नातिनी मात्र उनीसँगै बस्छिन् । उनी पनि अमेरिका जाने प्रक्रियामा छिन् । सबै छोराबुहारीलाई किन विदेश पठाएको त ? उनी छोटो जवाफ दिन्छिन्, “नजा किन भन्नु ? त्यही जान कति पैसा खर्च गर्छन् ।”

१४ वर्ष उमेरमा कुपन्डोलबाट बिहे गरेर गौशाला आएकी इन्दिराका पति २२ वर्षअघि बितेका हुन् । खुट्टाका हड्डी खिइँदै गएका कारण दुई वर्षदेखि उनी घरको ढोका नाघेर बाहिर निस्कन सकेकी छैनन् । उनका दुई छोरा डीभी चिठ्ठा परेर अमेरिका गएका हुन् भने एउटा क्यानडामा पर्मानेन्ट रेसिडेन्ट्स (पीआर) प्रक्रियाबाट गएका हुन् । “कान्छो छोरा भर्खर आएर गयो, अब दसैंमा जेठो छोरा आउँछ,” उनी भन्छिन्, “म किन जाने विदेश ? के गर्न जाने त्यहाँ ?”

साँझबिहान छतमै बस्यो, बदलिएको बाहिरी संसार हेर्‍यो, स्मृतिमा रुमल्लियो, बाती कात्यो... इन्दिराको समय यसरी नै बितिरहेको छ । खाना आफैँ पकाउँछिन् । बिहान भात र साँझमा रोटी खान्छिन् । औषधी आफैँ चिन्छिन् । भन्छिन्, “बद्री, केदार दर्शन गर्ने धोको थियो, पूरा भएन । अब कसरी जानू ?” इन्दिरा प्रायः मौन रहन्छिन् । बोल्नुपर्दा छोटो तर खरो जवाफ दिन्छिन् ।

एक्लोपन इन्दिराको मात्र होइन । निःसहाय सेवा सदन, शान्तिनगरमा ६ महिनादेखि आश्रय लिइरहेका उत्तम अधिकारी (नाम परिवर्तन), ६६, स्मार्ट फोनमा धर्मपत्नी र छोराको बाल्यकालीन पुरानो जमानाको श्यामश्वेत तस्बिर हेरिबस्छन् । बानेश्वरको घर छाडी सदनमा बसिरहेका उत्तमको एउटै छोरा अस्ट्रेलिया बस्छन्, छोरीज्वाइँ काठमाडौँमै । छोराबुहारीले उनलाई उता बस्न बोलाइरहेका छन् तर जान मान्दैनन् । भन्छन्, “किन जानू यो उमेरमा त्यहाँ ? न भाषा मिल्छ, न त खानपान । म यहाँ खुल्ला भएर बसेको मान्छे ।”

दुई वर्षअघि पत्नी बितेपछि उत्तम घरमा बस्न चाहेनन् । काठमाडौँबाहिर बसे । घरको भाडा ज्वाइँले उठाउँछन् । ज्वाइँले नै सदनमा पठाए । उनका छोरालाई वृद्धाश्रममा बसेको थाहा छ । तर मिडियामा केही गरी तस्बिर आए छोराको चित्त दुख्ला भनेर उनले तस्बिर खिच्न मानेनन् । भन्छन्, “छोरासँग दिनहुँ कुरा हुन्छ । जे गरे पनि छोराले आफ्नो स्वास्थ्यको ख्याल राख्नू भन्छ ।”

उत्तम सदनका अरू असहाय वृद्धवृद्धालाई लुगा लगाउन मद्दत गर्ने, कसैलाई सदनबाहिर

चितवन देवघाटमा भजनकीर्तनमा सहभागी वृद्धाहरू

जानुपरे सहयोग गर्ने, ह्विलचेयरमा बस्ने अशक्त ज्येष्ठ नागरिकलाई वरपर डुलाउनेजस्ता काममा व्यस्त हुन्छन् । खाली समय कापीमा 'कृष्ण कृष्ण' लेखेर बस्छन् । "म खासै धार्मिक त होइन, अर्को साथीलाई एक लाख अक्षर पुऱ्याउनु रहेछ र लेखिदिएको," कानमा हेयरिङ लगाएका उनी थप्छन् ।

सदनमै ७ वर्षदेखि बसिरहेका छन्, मोरङ, सुन्दरहरैचाका खडानन्द सापकोटा, ८६ । उनी उत्तमका रूमपार्टनर पनि हुन् । उनलाई पत्नी र छोराछोरीले वृद्धाश्रममा आउन बाध्य बनाएका रहेछन् । पत्नी, ५ सन्तान, नातिनातिना जिउँदै भए पनि उनको खोजखबर गर्न कोही आउँदैनन् । सुस्तरी बोल्ने उनी सबै दोष भाग्यलाई दिन्छन्, इशाराले निधार देखाउँदै ।

खडानन्दका एक छोरा कुवेतमा छन्, अर्को दुबईमा । छोरीहरूको विहे भइसकेको छ । जेठी छोरी भारतमा बस्छिन्, बाँकी नेपालमा । सदनदेखि एक किलोमिटर दूरीमा रहेको अन्तर्राष्ट्रिय विमानस्थलबाट दुई-दुई वर्षमा छोराहरू नेपाल आउजाउ गरिरहन्छन् तर खडानन्दलाई भने ज्यूँदै छ कि मऱ्यो भन्ने जानकारीसमेत लिन चाहँदैनन् ।

एक्लोपन

स्वयम्भूको सेतो गुम्बानजिक कार्यालय छ, एजिङ नेपाल । त्यही संस्थामार्फत १० वर्षयता बूढाबूढीबारे अनुसन्धान, तालिम तथा नीति नियमका क्षेत्रमा काम गरिरहेका कृष्णमुरारि गौतम उर्फ चट्याङ मास्टर, ६६, दिनमा एक पटक राधाकृष्ण मन्दिरनजिकको पातलीको पसलमा चिया खान पुग्छन्, टोलका अन्य बूढासँगै । अधिकांश बूढाका छोराछोरी अमेरिका, क्यानडा, अस्ट्रेलिया, जापानलगायतका देशमा छन् । बूढाबूढी भने राम्रा चिटिक्क परेका घर रुँदै बस्छन् । भन्छन्, "समूहमा हुँदा फुर्तिफार्ती लगाउँछन्, छोराछोरीले यति कमाउँछन् उति कमाउँछन् भनेर । तर एक्लै भेट्दा विचरा बूढाहरूको विजोग छ । कसरी बस्ने एक्लै घरमा ?" तर त्यो भन्ने मान्छेको कहानी पनि त्यही हो चट्याङ मास्टर भन्छन् । उनका पनि दुवै छोरा विदेशमा बस्छन् ।

कति ज्येष्ठ नागरिकलाई छोराछोरी युरोप, अमेरिकाजस्तो कमाउ देशमा छन् भन्नु पनि आत्मरति मात्र हो । रहरले छोराछोरी उता पठाए पनि उल्टै यहाँबाट उनीहरूलाई उता पैसा पठाइदिने बाबुआमा पनि छन् । बानेश्वरकी भारती श्रेष्ठ, ६३, एकल महिला हुन् । उनका छोरा अमेरिका बस्छन् । स्नातकोत्तर गर्न गएका छोरा उतै बसेको ८ वर्ष हुन लाग्यो । पढ्ने बेलामा पनि २५/३० लाख खर्च गरेको उनी सम्झिन्छिन् । भन्छिन्, "जग्गा बेचेर बैंकको ऋण चुक्ता गरेँ । अहिले फेरि घर किन्न दिनू ममी भनिरहेको छ ।"

चट्याङ मास्टरका अनुसार नेपालमा ६० लाग्नेबित्तिकै जिन्दगी खत्तम भयो भन्ने परिभाषाले बुढेसकाल डरलाग्दो भएको छ । वृद्धका लागि न गीत रचिन्छ यहाँ, न त अखबार र पत्रपत्रिकामै लेखिन्छ । वृद्धा महिलामाथि बलात्कार भयो भने महिला आयोगले मुद्दासमेत लिन नमानेको अनुभव सुनाउँछन् उनी । भन्छन्, "यो देशमा वृद्धको लिंगसमेत छुट्टिँदैन । वृद्ध हुनेबित्तिकै नमागे पनि २/४ पैसा हातमा राखिदिन्छन् । अनि भन्छन्, बूढाबूढीलाई सम्मान गर्छौं ।"

खोइ सेवा-सुविधा ?

६० वर्ष उमेर कटेकालाई ज्येष्ठ नागरिक भन्ने गरिन्छ । विश्वमा हाल ६० वर्षमाथिको जनसंख्या ९० करोड छ । नेपालमा ०६८ को जनगणनाअनुसार ६० वर्षमाथि कुल जनसंख्याको ९.१ प्रतिशत छ, जुन करिब ३० लाख हो । ज्येष्ठ नागरिकको संख्या बढ्ने क्रममा छ । संयुक्त राष्ट्रसंघको तथ्यांकअनुसार १ जना शिशु जन्मिदा ३ जना वृद्धवृद्धा तयार भइसकेका हुन्छन् । विश्वभरि नै ज्येष्ठ नागरिकको संख्या वृद्धि भइरहेको छ ।

एक्लै अस्पतालमा

उमेरले ७० कटेकी तारा खड्गी वीर अस्पतालमा पैसा तिर्न लाइन लागिन् । छाती दुख्ने, खोकी धेरै लाग्ने भएपछि उनी ललितपुर लगनबाट अस्पताल आएकी थिइन् । छोटो कदकी उनी अग्ला मान्छेको चेपमा परिन् । केही बेरको पर्खाइपछि बल्ल पैसा तिर्ने काउन्टर पुगिन् । पैसा तिरेपछि उनलाई डाक्टरले एक्सरे, ईसीजी जाँच गर्न भनेका रहेछन् । उनी अलमल परेपछि एक युवकले फाइल हेरेर पहिला रगत जाँच्न जानू भने । तपाईं कोसँग आउनुभएको आमा भनी सोध्दा उनी खिस्स हाँसिन् । भन्छिन्, "३ छोरी छन् । सबैको बिहे भइसक्यो । नाति आएको थियो, कता लाग्यो, थाहा भएन ।"

वीर अस्पतालमा सबै कुरा एकै ठाउँमा छैन । धेरै भवन छन् । पढेलेखेका मानिस त झुक्किन्छन् भने यी आमा अलमलमा पर्नु स्वाभाविकै हो । तर दुःखको कुरा ! यस्ता बिरामीलाई सहजीकरण गरिदिने स्वयंसेवक भेटिँदैनन् ।

सोधपुछ शाखामा अंग्रेजीमा लेखिएको छ, हेल्प डेस्क । हाम्राजस्ता निरक्षर बाआमालाई कति गाह्रो होला ? हेल्प डेस्कमा ०४९ देखि स्वयंसेवकका रूपमा काम गरिरहेको बताउँछन्, सञ्जीवनी सेवा संघका अध्यक्ष दामोदर गौतम । उनका अनुसार संघले निःसहाय, गरिब बिरामीलाई निःशुल्क औषधोपचारलगायत मरेपछिको दाहसंस्कारसमेत गरिरहेको छ । सञ्जीवनी विराटनगरमा पनि छ ।

तारालाई सुईसँग डर लाग्दो रहेछ । नर्सले रगत झिक्ने बेला उनी आत्तिइन् । तर नआत्तिनू आमा, म छु भन्ने कोही थिएनन् । वीर अस्पतालमा ज्येष्ठ नागरिकलाई हेरिरहेका डा उमेश बोगटी रोगभन्दा पनि अस्पतालमा आउने बिरामीको सामाजिक,आर्थिक अवस्थाका कारण चिन्तित छन् । उनका अनुसार करिब २५ प्रतिशत बिरामी एक्लै अस्पताल आउँछन् । उनीहरूलाई चाहिने औषधी र थप उपचारबारे सूचित गर्न कठिनाइ हुन्छ । भन्छन्, "हामीसँग समय छैन, न त कोही सहायक छ, जसले वृद्धवृद्धालाई अन्य शाखामा लगिदिओस् ।"

कतिपय बिरामीलाई अप्रेसनका लागि डाक्टरले सुझाव दिन्छन् । बुढेसकालसम्म आइपुग्दा मान्छे धेरै रोगको सिकार भइसकेका हुन्छन् । धेरै रोगसँगै धेरै औषधी खान्छन् । डा उमेशका अनुसार बिरामी मानसिक तथा स्वास्थ्यावस्था हेरेर मात्र उसलाई अप्रेसन गर्न सुझाव दिइन्छ । भन्छन्, "बिरामीले थेग्न सक्छ कि सक्दैन, त्यो हेरेर मात्र अप्रेसन गर्ने हो । कतिपय अवस्थामा अप्रेसन नगरे बिरामी बाँच्दैन भनेपछि गरिन्छ ।"

तथ्यांक विभागका अनुसार ०८० सम्म नेपालीको औसत आयु ८० वर्ष पुग्नेछ। हालको औसत आयु ७१ छ। सरकारी जागिरमा ५८ वर्षमा अवकाश पाउँछन्। अवकाशपछिको २० वर्ष कसरी सक्रिय बनाउने भन्नेमा राज्यले सोचेको देखिँदैन। राज्यले बूढाबूढीलाई सक्रिय बनाउनेभन्दा भत्ता दिएर लथालिंग छाडिदिएको छ। सन् १९९१ अक्टोबर १ तारिखमा अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन सुरु भएको हो।

नेपालको संविधान २०७२ को धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने उल्लेख छ। २० वैशाखमा सरकारले नीति तथा कार्यक्रममै सामाजिक सुरक्षा भत्ता वृद्धिको घोषणा गरी वृद्धभत्ता ५ हजार रुपैयाँ पुऱ्याएको थियो। चुनावमा वृद्धवृद्धाको कल्याणको काम गर्छौं भन्दै मत मागेकाले बढाउन बाध्य भएको सरकारले घोषणा त गऱ्यो तर त्यसलाई कार्यान्वयन गर्न सकेन। १५ जेठमा बजेट भाषण गर्दै अर्थमन्त्री युवराज खतिवडाले ज्येष्ठ नागरिकको भत्ता बढाउँदै ५ नभई ३ हजार रुपैयाँ पुऱ्याएका थिए। यसबाटै देखिन्छ, सरकार भत्ता दिलाएकै भरमा आफ्नो कर्तव्य पूरा भएको सन्तुष्टि लिइरहेको छ।

सम्मान होइन, माया

ज्येष्ठ नागरिक भन्नेबित्तिकै सम्मानको कुरा हुन्छ। के ज्येष्ठ नागरिकले सम्मान मात्रै खोजेका हुन् त ? ज्येष्ठ नागरिकको क्षेत्रमा ३० वर्षदेखि काम गरिरहेका प्रेमप्रसाद उप्रेती भन्छन्, "उनीहरू सम्मान होइन, मायाका भोगी हुन्। मायाले बोलिदिनुस्, कुरा सुनिदिनुस्। के छ बा ? के छ आमा भनेर सोध्नुस्, त्यसै खुसी हुन्छन्।"

कैयौँ वृद्धवृद्धा परिवार तथा आफन्तले दुर्व्यवहार गरेका कारण घरबार छाड्न बाध्य छन्। एजिङ नेपालका प्रकाश गौतमका अनुसार बूढाबूढीमा हुने दुर्व्यवहारबारे १० वर्षदेखि अनुसन्धान गरिरहेको छ। नतिजा निराशाजनक छ। भन्छन्, "पढेलेखेका छोराबुहारीको दुर्व्यवहार सहन बाध्य हुन्छन्, कसैलाई गुहार्न सक्दैनन्।"

एजिङ नेपालले बूढाबूढीका लागि अक्षर सिकाउने, स्मार्ट फोन, टीभीको रिमोट चलाउन सिकाउने गर्छ। नेपालमा बूढाबूढीको हेरचाह गर्न जानेका व्यावसायिक मानिस अत्यन्त कम छन्। चट्याङ मास्टर आफैँले ८४ वर्षीय बुबालाई सेवा दिन खोज्दा निकै कठिनाइ भोग्नुपऱ्यो, त्यसपछि संस्थाको परिकल्पना गरे।

थरीथरीका रोग

४० नाघेपछि नै शरीरमा अनेक रोग देखिन थाल्छन्। नेपालको सन्दर्भमा खानपानमा ध्यान नदिनु र निरन्तर व्यायाम नहुनुले रोगको लक्षण देखिन थाल्ने चिकित्सक बताउँछन्। अहिले प्रायः मधुमेह, दम, उच्च रक्तचाप, हृदयघात, क्यान्सर, डिमेन्सिया, अल्जाइमर्स, पार्किन्सन्सजस्ता रोगका सिकार भइरहेका छन्। त्यसैगरी मानसिक रोगमा विचार दोहोरिरहने (ओसीडी), उदासीनता तथा एक्कासि बिनाकारण हुने अधिक त्रासजस्ता रोग ज्येष्ठ नागरिकमा देखिने गरेको छ।

मनोसामाजिक काउन्सिलर सिरु भण्डारीका अनुसार अधिकांश बूढाबूढी जागिर छुटेपछि फुर्सदिला हुन्छन्। अचानक महत्त्वपूर्ण व्यक्तिबाट साधारण बन्न पुग्छन्। बूढाबूढी

बसिबियाँलो : पाटन दरबार स्क्वायरमा भलाकुसारी गर्दै वृद्धहरू

भएपछि छिटो र स्पष्ट बोल्न सक्दैनन् । एकोहोरो, मुडी स्वभावका हुन्छन् । एउटै कुरा दोहोर्‍याइरहन्छन् । त्यसले पनि मान्छे रिसाउँछन् । उनीहरूसँग कुरा गर्ने, कुरा सुन्ने मान्छे नै हुँदैन । भन्छिन्, "मकहाँ यस्तै बिरामी आउँछन् । म उहाँहरूको कुरा सुनिदिन्छु । खोजेजस्तो व्यवहार गरिदिन्छु ।" नेपालमा अधिकांश बूढाबूढी शारीरिक परिवर्तन, एक्लोपन, परनिर्भरता, अवकाशपछिको योजना, नयाँ प्रविधिसँग परिचित नहुँदा बढी उदासीन हुने गरेका छन् ।

ज्येष्ठ नागरिक संघर्ष समितिले ज्येष्ठ नागरिकको हेरचाह, आदर, सुरक्षा र सम्मानको माग गर्दै विगतमा पटक-पटक आन्दोलन गरेको थियो । यसको परिणाम उनीहरूले सार्वजनिक यातायातमा ५० प्रतिशत र स्वास्थ्योपचारमा केही छूटसमेत पाएका छन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ज्येष्ठ नागरिकका लागि तलबभत्ता सहज हुने, क्षमताअनुसार आयमूलक काम दिने भन्ने जनाए पनि नियम नबनिदिँदा यी कार्य योजनामै सीमित छन् । तलबभत्ता बूढाबूढीले सहजै पाउँदैनन् । दिवा सेवा केन्द्र, सशुल्क वृद्धाश्रम भने सञ्चालनमा आएका छन् ।

अर्किड केयर होममा अशक्त वृद्धवृद्धालाई सशुल्क राखिन्छ । बसुन्धरामा रहेको होममा अहिले २९ बिरामी बूढाबूढी त्यही बस्छन् । बूढाबूढीलाई दिनमा काममा व्यस्त राख्न होमले भर्खरै दिवा सेवा केन्द्र खोलेको छ । होमकी परिकल्पनाकार यमुना कटुवाल भन्छिन्, "हाम्रा बाआमालाई बूढो हुन पनि आउँदैन । बूढो भएपछि विकसित देशमा आफूलाई इच्छा लागेका कामकुरा गर्ने चलन छ । तर हामीकहाँ ठीक उल्टो ।"

आमाको दिनचर्या बिताउन धागो कात्ने, सिउनेजस्ता काम दिँदै आएकी उनी बाका लागि के काम दिने भनेर रन्नभुल्लमा परेको बताउँछिन् । "बाहरूले कहिल्यै घरको काम गर्नुभएन, अहिले आएर धागो कात्न सक्नुहुन्न," उनले भनिन्, "राज्यले बूढो भएपछि उनीहरूका लागि के-कस्ता सेवा-सुविधा र काम दिने भन्नेबारे सोच्नु जरुरी छ ।"

यमुनाका अनुसार बूढाबूढीलाई स्याहार दिन सक्ने दक्ष जनशक्तिसमेत अभाव छ । बूढाबूढीसँग काम गर्न धैर्य चाहिन्छ, विशेष सीप पनि । थोरै पैसामा काम गर्न मान्दैनन् । आफ्नैका गुहुमुत स्याहार्न नचाहने छोराछोरीले अर्काका बुबाआमाको सुसार गर्न गाह्रो मान्नु स्वाभाविकै हो । यमुना अल्जाइमर्सपीडित एक वृद्धाले आफूले बाल्यकालमा गाउँमा भित्तामा गोबर टाँसेको सम्झँदै आफ्नो दिसालाई पोतेको प्रसंग सुनाउँछिन् ।

अब त गाउँगाउँमा सिंहदरबार छिरेको छ, स्थानीय निकायको रूपमा । स्थानीय निकायका वडा कार्यालयले प्रत्येक वडामा कति बूढाबूढी छन्, तथ्यांक संकलन गरी उनीहरूका लागि चाहिने सेवा-सुविधा दिनुपर्ने धारणा राख्छन्, ज्येष्ठ नागरिक । भन्छन्, "बाआमालाई कस्तो छ भन्ने तथ्यांक राखेपछि छोराछोरीले गरेका दुर्व्यवहारका घटना दर्ता गर्न सहज हुन्छ । हाम्रो सरकार रहेछ भन्ने अनुभूति हुन्छ ।"

जबसम्म राज्यले आफ्ना युवा नागरिकलाई देशमै रोजगार दिन सक्दैन, तबसम्म वृद्धवृद्धाको अवस्था दर्दनाक हुँदै जानेछ । कमाउ युवाको संख्या घट्दै जानु र वृद्धवृद्धा बढ्दै जानु देशका लागि खतरा हो । ने

कश्मीरले बोकेको सन्देश

कश्मीरीले आफ्नो भविष्य निर्क्योल गर्ने अधिकारको उपयोग गर्ने बेला फेरि आएको छ ।

भास्कर गौतम

लामो समयदेखि विवादित क्षेत्रमध्ये कश्मीर संसारको थोरै त्यस्तो ठाउँमा पर्छ, जसको समाधान भारत र पाकिस्तानका लागि कदापि सहज रहेन । अन्योलको अन्त्य आह्वान गर्दै नरेन्द्र मोदी सरकारले भारतीय संविधानको धारा ३७० खारेज गऱ्यो । निर्णयसँगै कश्मीरको स्वायत्तता अन्त्य भएको छ । कश्मीरी जनतासामु अब तीन विकल्प उपलब्ध छन् ।

पहिलो, भारतको सर्वोच्च अदालतमा सरकारी घोषणाविरुद्ध मुद्दा लड्ने । दोस्रो, केन्द्र सरकारको निर्णय स्वीकार्दै मूलधारमा मिसिने । यसबारे कश्मीरभित्र र बाहिर मत विभाजित छ । तेस्रो, कश्मीरमा आन्दोलन गर्ने, जसको तुलना सम्भवतः वेस्टब्यांकसँग गरिनेछ । यस्तो सम्भावना नकार्न सकिन्न । सात दशकयता कश्मीरले आत्मनिर्णयको अधिकार प्राप्त गर्न नसकेकाले यी तीन विकल्पबीच जनता रुमल्लिन बाध्य हुनेछन् । मोदी सरकारले कश्मीरसम्बन्धी निर्णय जसरी गऱ्यो, त्यसमा केही सन्देश र संकेत निहित छ ।

धार्मिक असहिष्णुता : मोदीको पछिल्लो कदम धर्मनिरपेक्षतामाथिको प्रहार हो । यस कदममा हाबी हिन्दुत्वको राजनीति दक्षिण एसियाली राष्ट्रमा फैलिने सम्भावना छ । दशकौँदेखि कश्मीरमा बलशाली द्वन्द्वले द्विपक्षीय वा बहुपक्षीय प्रयासलाई निस्तेज तुल्याएको इतिहास छ ।

कश्मीरमा हाबी द्वन्द्वको जड दक्षिण एसियाको आधुनिक राज्य निर्माणसँग जेलिएको छ । भारत स्वतन्त्र हुने ताका स्वतन्त्रताको नेतृत्व गरेका नेताहरू नयाँ भारतलाई मूलतः बहुल धार्मिक-सांस्कृतिक नागरिक राज्य बनाउन चाहन्थे । उता पाकिस्तानको जन्म एकल धर्मलाई बढावा दिने राज्यको रूपमा भयो । कश्मीरमा मुसलमानको बाहुल्य रहेकाले भारतका लागि यो क्षेत्र धर्मनिरपेक्षताको साख जोगाउने महत्त्वपूर्ण माध्यम थियो । पाकिस्तान दक्षिण एसियाका मुसलमानका लागि बनेकाले उसले कश्मीरमाथिको दाबीलाई स्वाभाविक ठानेको थियो । सन् १९७१ मा जब बंगलादेश स्वतन्त्र राष्ट्र बन्यो, धर्मको आडमा मात्र पाकिस्तानले कश्मीरमा दाबी कायम राख्ने आधार गुमायो । त्यसपछि सह-धर्मका आधारमा पाकिस्तानले कश्मीरमाथि दाबी गरिरह्यो ।

उपनिवेशकालीन प्रशासन भारतीय उपमहाद्वीपबाट निस्किने क्रममा भारतीय संघमा दुई किसिमका राज्य जोडिएका थिए । एक थरी राज्य उपनिवेश प्रशासनबाट प्रत्यक्ष रूपमा शासित थिए । ती राज्यहरू बेलायती साम्राज्यको संरक्षणमा थिए । अर्को थरी नाम मात्रले स्वतन्त्र थिए । ती राज्यहरू 'नृपयोग्य राज्य' (प्रिन्स्ले स्टेट) का रूपमा चिनिन्थे । नृपयोग्य राज्यमा स्थानीय राजाले शासन गरे पनि बेलायती राजलाई भारतीय महाद्वीपको उच्चतम शक्तिको रूपमा स्वीकार्थे । त्यसताका महाराजा हरि सिंहको शासनमा कश्मीर पनि नृपयोग्य राज्यमध्ये एक थियो । सिंहको नेतृत्वमा कश्मीरले भारत वा पाकिस्तानसँग नगाभिने अडान लियो । त्यही समयदेखि कश्मीरमा दुवै राष्ट्रको दाबी रह्यो ।

भाजपा र राष्ट्रिय स्वयंसेवक संघका कार्यकर्ताबीच कश्मीरको ऐतिहासिक रूपान्तरणबारे खास किसिमको भाष्य हाबी छ । चौधौँ-पन्ध्रौँ शताब्दीदेखि कश्मीरबाट हिन्दु विस्थापित हुन थाले । मुसलमानले त्यसको नेतृत्व गरे । हिन्दुलाई जबर्जस्ती विस्थापित गरिरहँदा उनीहरूका धार्मिक प्रतीकमाथि समेत प्रहार गरियो । कतिपय अवस्थामा ती नष्ट गरिए । जोनाराजाले राखेको लगतको आधारमा कट्टरपन्थी हिन्दु यस्तो मान्यता राख्छन् । कश्मीरमा मुसलमानको उदयको समय जोनाराजा कष्टपूर्वक त्यहीँ बसे । जोनाराजाको कथ्यलाई मानक बनाउँदै करिब पाँच शताब्दीदेखि मुसलमानले हिन्दुलाई केवल उत्पीडन दिएको भाष्य आरएसएस कार्यकर्तामाझ लोकप्रिय छ ।

मध्यकालीन कश्मीरदेखि वर्तमानसम्म हिन्दुमाथि उत्पीडन भएको भाष्य हिन्दुत्वको राजनीति गर्नेहरूमा पुस्ता-पुस्ता सर्दै गयो । सन् १९९० मा जब कश्मीरी पण्डितहरू त्यहाँबाट भाग्न बाध्य भए, यो भाष्यमा नुनचुक थपियो । हिन्दुमाथि दमन भएका नयाँ कथ्य रचिए । कश्मीरमा हिन्दुले पुनः शासन गर्न पाउनुपर्छ भन्नेमा उनीहरू दृढ रहे ।

मोदी सरकारको नजरमा कश्मीरमा मुसलमानको बाहुल्य छ । राज्यको शासनसत्तामा समेत उनीहरूको पकड छ । भाजपालाई यो वास्तविकता सहज थिएन । त्यसैले ३७० को खारेजी भयो । धर्मनिरपेक्षता परास्त भयो । यसको गहिरो असर भारतको आन्तरिक राजनीति मात्र होइन, विदेश नीतिमा समेत पर्ने निश्चित प्रायः छ ।

कमजोर संघीयता : धर्मनिरपेक्षतालाई कमजोर बनाउनु भारतीय संघीयतामाथि प्रहार गर्नु हो । प्रारम्भमा भारतमा संघीयताले त्यस्तो भाषिक राज्यहरूको कल्पना गऱ्यो, जहाँ फरक धर्मावलम्बीसमेत थिए । भिन्न भाषा संघीयताको जग भएकाले विभिन्न राज्यमा धार्मिक बहुलताले समेत बढावा पाएको थियो । कश्मीरमा त झन् विशिष्ट

स्वायत्ततासहितको संघीयता थियो ।

कश्मीरलाई दिल्लीले कहिल्यै बलियो हुन दिएन । सन् १९५२ मा शेख मोहम्मद अब्दुल्ला जम्मु-कश्मीरका लागि निर्वाचित भएपछि राज्यको स्वायत्ततालाई भारतीय संवैधानिक व्यवस्थाभित्र प्रारम्भदेखि नै बलियो बनाए । तर दिल्लीले उनलाई पदबाट निष्कासित र पुनर्स्थापित गर्ने काम पटक-पटक गऱ्यो । दिल्लीले आफूअनुकूल अन्य नेतालाई बढावा दिन खोजे पनि शेख अब्दुल्ला कश्मीरी राजनीतिको केन्द्रमा रहिरहे । सन् १९८२ मा उनको मृत्युपछि केन्द्र सरकारले उनका पुत्र फारुक अब्दुल्लालाई च्याप्यो । सन् १९८३ मा उनी निर्वाचनमार्फत शासनमा आए । उनको कार्यकाल प्रारम्भदेखि नै अशान्त रह्यो । दिल्लीले उनलाई गोटीको रूपमा प्रयोग गऱ्यो । शक्तिबाट बर्खास्तसमेत गऱ्यो । पुनः सत्तामा ल्यायो । सन् १९८७ को चुनावमा उनले कंग्रेससँग शक्ति साझेदारीको सम्झौता गरेर सत्तामा आए ।

मतदान आधारभूत रूपमा सम्झौतापरस्त हुने र राज्यका निर्वाचित नेताहरूलाई केन्द्रले नचाउने कार्यबाट स्थानीय आजित भए । केन्द्रप्रति उनीहरूको विश्वास मात्र टुटेन, विद्यमान व्यवस्थाप्रति जनगणको मोहभंग भयो । सन् १९८९ मा जनगणको ठूलो तप्काले हतियार उठाए । त्यसबेला प्रारम्भ भएको जातीय-धार्मिक युद्ध आजसम्म जारी छ । कश्मीरी जनगणले मोदी सरकारको पछिल्लो निर्णयलाई स्थानीयमाथि लादिएको जातीय-धार्मिक राज ठान्ने सम्भावना प्रचुर छ । अर्थात्, उनीहरूको संघीय स्वायत्ततामाथि हिन्दुत्वको प्रहार ।

सैन्य राजनीति : हिन्दुत्वको राजनीतिमा सैन्य उन्मादसमेत हाबी छ । सैन्य उन्मादका आन्तरिक र बाह्य दुवै पाटा छन् । मोदी सरकारलाई ज्ञात छ, पछिल्लो निर्णयले कश्मीरमा हिंसा भड्किन सक्छ । त्यसैले कश्मीरलाई सैन्य निगरानीमा राखिएको छ । प्रत्यक्ष-परोक्ष रूपमा सैन्य नियन्त्रण लामो कालसम्म रहन सक्छ ।

विकेन्द्रीकृत शासन पद्धति र धर्मनिरपेक्षताविरुद्ध केन्द्र सरकारले बल प्रयोग गर्न थालेको धेरै भयो । सन् १९८० को दशकदेखि नै स्थिति खस्कँदो छ । धर्मनिरपेक्षता र संघीयता आवरणमा मात्र सीमित हुँदै गए । सन् १९८४ को शिख नरसंहारलाई नै हेरौं । अकाली दलले पञ्जाबमा थप स्वायत्तता माग गर्दै आन्दोलन सुरु गऱ्यो । तत्कालीन कंग्रेस सरकारले त्यसलाई अलगवाद ठान्यो । शिखको मागलाई पूर्णतः

अस्वीकार गऱ्यो । विकेन्द्रीकृत राज्यको मागलाई पूर्ण अस्वीकार गर्दा शिखले खालिस्तानको माग अघि सारे । आन्दोलनले गति लियो । अलग राज्यको माग पञ्जाबमा सर्वत्र फैलियो । प्रतिउत्तरमा इन्दिरा गान्धीको सरकारले शिखहरूलाई छानीछानी मार्न थाल्यो । पञ्जाब र दिल्ली युद्ध क्षेत्रमा परिणत भए । अलग राज्यको मागले केन्द्रमा धार्मिक विवाद आयो । केन्द्रले ठूलो संख्यामा शिखहरू माऱ्यो । बदलामा उनीहरूले तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको हत्या गरे ।

संघीय राज्यलाई बलियो बनाउने मागसँगै धार्मिक अल्पसंख्यकले पञ्जाबमा मात्र नभएर भारतभित्र र बाहिर असुरक्षित महसुस गर्न थाले । सामुदायिक हिंसाको सिलसिला पञ्जाबमा मात्र सीमित रहेन । दक्षिणतर्फ त्यो तमिलनाडु र श्रीलंकासम्म फैलियो । उत्तर-पश्चिमतर्फ कश्मीर र पाकिस्तानसम्म । सैन्य राजनीतिले दक्षिण एसियालाई यसरी गाँज्यो कि भारतभित्र सामुदायिक हिंसा राजनीतिको केन्द्रमा रह्यो । भारतबाहिर मालदिभ्समा रचिएको 'कु' लाई भारतले समर्थन गऱ्यो । श्रीलंकामा तमिलसँग बढी चलखेल गरेकै पृष्ठभूमिका तत्कालीन प्रधानमन्त्री राजीव गान्धीको हत्या भयो । एक दशक बित्दा-नबित्दै कश्मीरलाई लिएर पाकिस्तानसँग पुनः अर्को युद्ध छेडियो । भारतभित्र र बाहिर फैलिएको हिंसात्मक राजनीतिले मूलतः साम्प्रदायिक विद्वेष बढायो ।

अधिनायकवादी राज : लोकतन्त्रको आवरणमा अधिनायकवादलाई मोदी सरकारले बढावा दिँदै आएको छ । विधि, पद्धति र व्यवस्थामा निहित मूल्यमान्यता केही होइन, मोदी नै सर्वेसर्वा हो । सबै समस्याको समाधान उनीसँगै छ । कश्मीरको भविष्य पनि । पछिल्लो कार्यशैलीले यस्तै अधिनायकवादी राजतर्फ इंगित गर्छ ।

मोदी सरकारले जम्मुकश्मीरलाई लद्दाखबाट अलग्याउँदै केन्द्रबाट शासित हुने निर्देशन दिइरहँदा कश्मीरमा कर्फ्युसँगै इन्टरनेट, फोन र सञ्चारका अन्य माध्यम अवरुद्ध गरियो । राज्यका मुख्यमन्त्री, राज्यसभाका अन्य मन्त्री र नेताहरू नजरबन्दमा राखिए । सम्पूर्ण राज्यलाई सैन्य नियन्त्रणमा लिइयो । 'संवैधानिक कु' त्यस्तो राज्यविरुद्ध भयो, जसले दशकौंदेखि विशिष्ट संवैधानिक प्रावधान उपयोग गरिरहेको थियो । दुई तहको संवैधानिक व्यवस्थाबाट कश्मीरको राज्य सञ्चालित थियो । केन्द्रीय सरकारको मातहत सेना, सञ्चार, सिमाना र विदेश नीति पर्थ्यो । राज्य सञ्चालनसम्बन्धी कानुन जनवरी १९५७ देखि राज्यले तय गरेको संविधानमार्फत प्रभावकारी थिए । दुई तहको संवैधानिक व्यवस्थाले कश्मीरको स्वायत्ततालाई विभिन्न किसिमको हस्तक्षेपबाट बचाएको थियो । यस्तो व्यवस्थाको मूलः ध्येय कश्मीरबारे त्यहाँका स्थानीयले निर्णय गर्न पाउनुपर्छ भन्ने हो ।

कश्मीरको आत्मनिर्णयको अधिकारलाई भारत र पाकिस्तान दुवैले सदैव अस्वीकार गरिरहे । कश्मीर द्वन्द्वको चक्रमा फसिरह्यो । राज्यकौशलसँग कश्मीरको सवाल जेलिएको भए पनि स्थानीयले कहिल्यै हार मानेनन् । पुनः एक पटक कश्मीरीले आफ्नो भविष्य आफैं निर्क्योल गर्ने अधिकारको उपयोग गर्ने बेला छ । कश्मीरीहरू थकित भए पनि अपराजित रहेसम्म सत्ताले मात्र चाहेर स्थिति बदलिन्न । जुन समुदायसँग आफ्नै सरकारसँग लड्ने शक्ति रहन्छ, त्यसले विदेशी चलखेललाई स्वतः कमजोर बनाउनेछ । ने

अपरिपक्व संसद् अटेरी सरकार

संसदीय समितिका निर्देशनमा सत्ता-सदन जुहारी

जनक नेपाल

टीकापुर घटनाबारे डेढ वर्षअघि बुझाइएको अध्ययन प्रतिवेदन सार्वजनिक गर्न सभामुख कृष्णबहादुर महराले सरकारलाई चार-चार पटक रुलिङ गरिसके । तर सरकारले बेवास्ता गर्दै आएको छ। संसद्का निर्देशन पालना हुनुको सट्टा सरकार-संसद् जुहारीका विषय बनेका छन् । त्यसो हुनुको एउटा कारण झन्डै दुई तिहाइ बहुमतको दम्भ त हुँदै हो, लोकप्रियताकै लागि गहिराइमा नपुगेर गरिने निर्देशनले संसदीय समितिको अपरिपक्वतामाथि पनि प्रश्न उठेको छ ।

चार वर्षअघि ७ भदौमा कैलालीको टीकापुरमा थरुहट आन्दोलन भड्किएर हिंसात्मक रूप लिएको थियो । सात प्रहरी र एक बालकको ज्यान गएको उक्त घटनाबारे अध्ययन गर्न गिरीशचन्द्र लालको संयोजकत्वमा २ असोज ०७३ मा आयोग गठन गरिएको थियो। आयोगले २९ माघ ०७४ मा प्रतिवेदन बुझाए पनि सरकारले सार्वजनिक गरेको छैन। घटनामा आफ्ना सांसद रेशम चौधरीलाई जिल्ला अदालत कैलालीले २२ फागुन ०७५ मा जन्मकैदको फैसला सुनाएपछि राष्ट्रिय जनता पार्टीले बारम्बार प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै आएको छ । राजपाले संसद् अवरुद्ध पारेपछि सभामुख महराले पहिलोपल्ट २६ फागुनमा सरकारको ध्यानाकर्षण गराएका थिए । पाँच महिनापछि २० साउनमा प्रमुख प्रतिपक्ष कांग्रेस र राजपाको अवरोध हटाउन पनि उनले उही प्रतिवेदन सार्वजनिकको रुलिङ गर्नुपर्‍यो ।

सभामुखको बारम्बारको रुलिङप्रति सरकारको एउटै जवाफ आउने गरेको छ, 'प्रतिवेदन अध्ययन भइरहेको छ ।' प्रधानमन्त्री केपी ओलीले संसद्को रोस्ट्रममै उभिएर आवश्यकताका आधारमा सार्वजनिक हुने बताएका थिए । सभामुखको रुलिङलाई उनले आवश्यक ठानेका छैनन् । सरकारका प्रवक्ता गोकुल बाँस्कोटा टीकापुर घटनाको संवेदनशीलता ख्याल गरेरै प्रतिवेदन सार्वजनिक गर्न हतार नगरिएको जिकिर गर्छन् । "सरकार यस्ता घटनाका प्रतिवेदनबाट थप तनाव सिर्जना नहोस् भन्ने चाहन्छ," उनको प्रस्टीकरण छ ।

संसद्लाई उपेक्षा गरिएको यो पहिलो घटना होइन । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले उपसमिति बनाएर वाइडबडी जहाज खरिदमा भएको अनियमितताको प्रतिवेदन तयार पार्‍यो । दिनैपिच्छे संशोधन गर्दै १८ पुसमा समितिमा पेस गरिएको प्रतिवेदन आफैंमा विवादरहित थिएन। वाइडबडी खरिदमा अन्तिम किस्ता भुक्तानी गर्ने पर्यटनमन्त्री रवीन्द्र अधिकारीदेखि निर्णयका बेला नभएका मन्त्री र सचिवसमेतलाई मुछिएको थियो। तर समितिले

निम्छराले सम्बन्ध चिसो

२४ वैशाखमा नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री केपी ओलीले आक्रोश, कुण्ठा र निम्छरा अभिव्यक्तिको वास्ता नगर्ने अभिव्यक्ति दिएका थिए। सो अभिव्यक्ति असंसदीय भन्दै विरोध भएपछि सभामुख कृष्णबहादुर महराले २७ वैशाखमा रेकर्डबाट हटाइदिए। उक्त घटनाले पनि प्रधानमन्त्री र सभामुखबीच सम्बन्ध चिसिएको धेरैले महसुस गरेका छन्।

निर्णय नगर्दै सरकारले छुट्टै जाँचबुझ आयोग गठन गरेर 'मिनी संसद्' लाई निस्तेज पार्न खोज्यो । उच्च अदालत पाटनका पूर्वमुख्य न्यायाधीश गोविन्द पराजुलीको अध्यक्षतामा गठित तीन सदस्यीय समितिका लागि ४५ दिने म्याद दिइएको थियो । तर सो आयोगले कुनै काम नगरेरै म्याद गुजार्‍यो ।

संसद् र सरकार आरोप-प्रत्यारोपमा उत्रिएको अर्को प्रकरण हो, भारतीय फिल्म अवार्ड । सरकारले भ्रमण वर्ष-२०२० को प्रचारप्रसार हुने दाबीसहित अवार्ड कार्यक्रमका लागि अनुमति प्रदान गर्‍यो । अवार्ड आयोजकले पर्यटन बोर्डलाई विभिन्न सर्तसहित प्रस्ताव पठाएका थिए । कुनै सम्झौता भइनसक्दै सरकारले आलोचना बेहोर्नुपर्‍यो । त्यही पृष्ठभूमिमा अन्तर्राष्ट्रिय सम्बन्ध समितिले १७ असारमा इन्टरनेसनल इन्डियन फिल्म एकेडेमी (आइफा) अवार्ड रोक्न सरकारलाई निर्देशन दिएको थियो । त्यसको तीन दिनपछि २० असारमा पार्टी कार्यालयमा प्रधानमन्त्री ओलीले संसदीय समितिले दिएको निर्देशन अनधिकृत भनिदिए । हल्लाको भरमा दिइएको उक्त निर्देशन सरकारलाई मान्य नहुने मात्र भननन्, अनुकूल समयमा अवार्डको आयोजना गरेरै छाड्ने दाबी गरिदिए ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले २७ जेठमा स्थानीय तहका लागि लोकसेवा आयोगले गरेको विज्ञापन संविधानको मर्म र भावनाअनुरूप नभएको भन्दै रद्द गर्न आयोग र सरकारका नाममा निर्देशन दिएको थियो । उक्त निर्देशन कार्यान्वयन त भएन नै, समितिको कार्यक्षेत्रमाथि पनि प्रश्न उठ्यो । सर्वोच्चले अन्तरिम आदेश दिन नमानेपछि अहिले परीक्षा चलिरहेको छ ।

राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिले संयुक्त राष्ट्रसंघले निर्धारण गरेको 'दिगो विकास लक्ष्य' पूरा गर्न प्रत्येक मन्त्रालयमा सम्पर्क-व्यक्ति तोक्न निर्देशन दिएको थियो । त्यो पनि पालना भएन । समितिलाई निर्देशनको यस्तो भूत चढेको छ कि सचिवालयका स-साना काममा समेत निर्देशन दिइरहेको हुन्छ । जस्तो, १ चैत ०७५ मा पुरानो संसद् भवनको भुइँतलामा रहेका पुराना फर्निचर, मेच, टेबुल, दराज, सोफा, कम्प्युटर र फोटोकपी मेसिन व्यवस्थापन गर्नसमेत संसद् सचिवालयलाई निर्देशन दिन भ्यायो ।

आफ्ना निर्देशन निष्प्रभावी भएपछि समितिले पुराना निर्देशन कार्यान्वयन भए/नभएको अध्ययन गर्न सचिवालयलाई अर्को निर्देशन दिएको छ । सरकारी प्रवक्ता मन्त्री बाँस्कोटा संसदीय समितिले जथाभावी निर्देशन दिए पालना गर्न सरकार बाध्य नहुने बताउँछन् । "अपरिपक्व ढंगले नबुझेरै सतही ढंगले समितिबाट आउने निर्देशन पालना हुँदैन," उनी भन्छन्, "मिनी संसद्का निर्देशन पालना हुन सरकार सहमत हुनैपर्छ ।"

पूर्वसभामुख दमननाथ ढुंगाना सभामुखको रुलिङ र समितिका निर्देशन पालना गर्नु बाध्यताभन्दा धेरै दायित्वबोधको कुरा भएको बताउँछन् । "अत्याधिक बहुमतप्राप्त सत्ता पक्ष संसद्लाई सरकारको सहयोगी मात्र होस् भन्ने चाहन्छ । प्रतिपक्षको भूमिका पनि ठीक ठाउँमा छैन," उनी भन्छन्,"संसद्लाई संसद्जस्तो बनाउन पार्टीहरू, सरकार र प्रतिपक्ष प्रतिबद्ध हुनुपर्छ । अन्यथा, संसद्को गुणस्तर खस्किँदै जान्छ ।"

लोकप्रिय निर्देशन दिने तर पालना भए/नभएको वास्तै नगर्ने प्रवृत्तिले संसद्लाई कमजोर बनाएको छ । पूर्वसभामुख ढुंगाना सांसद र समितिहरूमा पनि अपरिपक्वता देखिएकाले नयाँ सांसदलाई संसदीय अभ्यास, परम्परा र अनुभव सिकाउन संसदीय ब्युरोको खाँचो औंल्याउँछन् । "समितिले लोकप्रियताका लागि मिल्ने/नमिल्ने निर्देशन दिइरहेको छ," उनी भन्छन्, "संसद्को काम कार्यकारिणीजस्तो आदेश दिने होइन । नियमितता र अनियमितता हेर्ने र प्रतिवेदन दिने हो ।"

संसद् नियमावलीले सरकारको निगरानीको काम संसदीय समितिलाई दिएको छ । त्यसैले समितिले विधेयकमा छलफलसँगै सरकारले गर्ने त्रुटिको समेत निगरानी गर्नुपर्छ । संसदीय सुनुवाइ समितिका सभापति लक्ष्मणलाल कर्ण सरकारको जन्म नै संसद्बाट हुने भएकाले संसद्का निर्देशन पालना गर्न जिम्मेवार र उत्तरदायी हुनुपर्ने बताउँछन् । मानव अधिकार आयोगबाहेक सबैलाई निर्देशन दिन सक्ने उल्लेख गर्दै भन्छन्, "समितिमा मन्त्री वा सचिव आफैँ उपस्थित हुन्छन् । निर्देशन पालनामा कानुनी अप्ठेरो छ भने सरकारले समितिलाई नै फर्काउने हो, अटेरी गर्ने होइन ।"

पछिल्लो समय प्रतिपक्षी दलहरूले संघीय तथा प्रदेश संसद्मा सभामुख र उपसभामुख संविधानविपरीत एउटै पार्टीको भएको भन्दै



> संसद्लाई संसद्जस्तो बनाउन पार्टीहरू, सरकार र प्रतिपक्ष प्रतिबद्ध हुनुपर्छ । अन्यथा, संसद्को गुणस्तर खस्किँदै जान्छ ।
>
> – **दमननाथ ढुंगाना**, पूर्वसभामुख

विरोध जनाउँदै आएका छन् । निर्वाचनका बेला एमाले र माओवादी केन्द्रले यी दुई पद बाँडेका थिए । पार्टी एकतापछि एउटै पार्टीका हुँदा संवैधानिक व्यवस्थासँग बाझिएको छ । सत्तारुढ नेकपा प्रतिनिधिसभा, राष्ट्रिय सभा र ६ प्रदेशका एक-एक पद त्याग्न तयार देखिँदैन । तर कांग्रेसले हरेक दिनजसो प्रश्न उठाउन थालेपछि १२ साउनमा सभामुख महराले त्यसबारे सदनमा छलफल हुन नसक्ने भन्दै रुलिङ गरे । उक्त मुद्दा अदालतमा विचाराधीन रहेकोले छलफल गर्न नमिल्ने उनको रुलिङ थियो ।

संसद् सरकारलाई उत्तरदायी बनाउने जनप्रतिनिधिको थलो हो । समितिका निर्देशन निरन्तर पालना नभए त्यसको विस्तृत प्रतिवेदनसहित संसद्मा पठाएर विस्तृत छलफल हुन सक्छ । तर समितिकै तर्फबाट त्यसमा चासो देखाइएको छैन । उपसभामुख शिवमाया तुम्बाहाम्फेले सभामुखको रुलिङ कार्यान्वयन गर्नु र संसदीय समितिका निर्देशन पालना गर्नु सरकारको दायित्व हुने बताउँछिन् । तर संसदीय समितिले निर्देशन दिनुअघि सम्बद्ध मन्त्रीसँग समन्वय गर्दा संसद्-सरकार समन्वय बढ्ने उल्लेख गर्दै भन्छिन्, "निर्देशन प्रचारमा आउन दिइने विषय होइन । पर्याप्त छलफल, समन्वय गरेर परिपक्व ढंगले दिने र इमानदारीपूर्वक पालना भए सरकार र संसद् दुवैको गरिमा बढ्छ ।" आफूले संसदीय समितिका सभापतिसँगको बैठकमा पालना हुने र प्रभाव देखिने गरी निर्देशन दिन सल्लाह दिएको तुम्बाहाम्फे बताउँछिन् ।

आधा कमाइ दलाललाई, बाँकी साहूलाई

आर्थिक विकासको सूचकका रूपमा रेमिट्यान्सको बढाइचढाइ व्याख्या हुँदै गर्दा विदेशमा मजदुरी गर्न जाने नेपालीको मर्का बुझिएन ।



हेमन्त श्रेष्ठ

योगेश ढकाल

एक साताभन्दा बढी समयदेखि साउदी अरबको रियादस्थित नेपाली दूतावासको शरणमा छन्, ३५ नेपाली कामदार । १ लाख ४० हजार रुपैयाँभन्दा बढी खर्चेर साउदी पुगेका उनीहरूले ३ महिनासम्म न काम पाए, न त पाउने छाँट नै छ ।

सुन्दर सपना बोकेर साउदी पुगेका उनीहरूले सुका आम्दानी गर्न त सकेनन् नै, ऋणको चर्को ब्याजको पीडा झनै चहऱ्याइरहेको छ। महोत्तरीका नामेमुद पासवान भन्छन्, “३ महिनामा काम त पाइनँ, बरु कम्पनी मात्र फेरबदल भइरह्यो ।”

साउदीसँग जोडिएको यो सन्दर्भ न पहिलो हो, न त अन्तिम। ०७५ असारमा पनि ३६ जना कामदार साउदीको अल्खोबर टुम्बामा अलपत्र परेका थिए । कम्पनीले सम्झौताअनुसार काम र पैसा नदिएको ती कामदारको गुनासो थियो । ती सबै जना १ फागुन ०७४ मा सोनमार ट्रेडिङ कम्पनीमा क्याटरिङ कामका लागि पुगेका थिए। सम्झौतामा १४ सय रियाल तलब सुविधा तोकिए पनि उनीहरूले ८ सय रियाल पनि पाएनन् ।

साउदी र नेपाल सरकारबीच ०६९ मै कम्तीमा १ हजार रियाल तलब हुनुपर्ने सहमति भएको थियो। तर ६ वर्षको दौरानमा त्यो सहमति कार्यान्वयन गर्नु त परको कुरा, नेपाली दूतावासको पटक-पटकको आग्रहको सुनवाइसमेत भएको छैन । साउदी अरबस्थित नेपाली दूतावासले १९ असोज ०७५ मा फेरि नेपाली कामदारलाई सचेत गराएको थियो- तलब १ हजार रियाल र खानामा ३ सय रियालको व्यवस्था नभएसम्म साउदी नआउनू। तर अहिले पनि कामदार ७ सय ५० रियालमै काम गर्न बाध्य छन् ।

साउदी जाने खर्च महँगो छ भन्ने पुष्टि गर्न १९ साउन ०७६ को घटना काफी छ। वैदेशिक रोजगार विभागले प्याराडाइज इन्टरनेसनल म्यानपावर कम्पनीमा छापा माऱ्यो, कामदारसँग बढी शुल्क लिएको आरोपमा । यूएई पठाइन लागेका कामदारसँग १ लाख रुपैयाँभन्दा बढी शुल्क लिएपछि विभाग छापा मार्न पुग्यो ।

झन्डै १ लाख ५० हजार खर्चेर दुईवर्षे करारमा निस्कने कामदारले विदेशमा कमाएको एक वर्षको आम्दानी ऋण तिर्नमै ठिक्क हुन्छ। नेपाल राष्ट्र बैंकको तथ्यांकले नेपाल आउने रेमिट्यान्समध्ये २५.३ प्रतिशत रकम ऋण तिर्नमा खर्चिएको देखाउँछ । त्योभन्दा पनि दुःखद पाटोचाहिँ वैदेशिक रोजगारीमा जाने कामदारले साहू-महाजन/व्यापारीबाट ५२ प्रतिशतसम्मको चर्को ब्याजमा रकम लिनुपर्ने बाध्यता छ। त्यसले कामदारको खर्चको भारी अग्लो बनाएको छ ।

रोजगारका लागि विदेश उड्नुअघि परिवारसँग एक युवा, अन्तर्राष्ट्रिय विमानस्थलमा

महँगो रेमिट्यान्स

कतारमा दुई वर्षमा कति बचत गर्न सक्छन् ? सरदर १ लाख ३८ हजार रुपैयाँभन्दा कम । चाडवाडमा थपिएको रौनक । रंगीन बनेको जीवन र पैसा चलायमान भएका गाउँघर । बोर्डिङ स्कुल जाने केटाकेटीको लर्को । सुबिस्ताको खोजीमा निस्कनेको ताँती हेर्दा यो पत्यार लाग्ने हिसाब होइन ।

कतारमा एक अदक्ष कामदारले मासिक ६ सयदेखि साढे ७ सय कतारी रियाल अर्थात् १८ हजारदेखि २२ हजार ५ सय रुपैयाँ तलब बुझ्छन् । यही तलबमानलाई औसतमा ७ सय रियाल मान्ने हो भने मासिक २१ हजार रुपैयाँ हुन्छ र २ वर्षमा करिब ५ लाख ४ हजार रुपैयाँ कमाइन्छ । तर यो रकमसँग कतार बस्दाको खर्च मात्र होइन, जाँदा लागेको खर्चको हिसाब पनि दुरुस्त पार्नुपर्ने हुन्छ ।

भर्खरै फर्किएका कतारका लागि नेपाली राजदूत रमेश कोइरालाको अनुभवमा ७ सय रियालमध्ये खानामा कम्तीमा २ सय र अन्य व्यक्तिगत खर्च करिब १ सय रियाल हुन्छ । त्यस हिसाबले मासिक ९ हजारका दरले २ वर्षमा २ लाख १६ हजार रुपैयाँभन्दा बढी खाना र व्यक्तिगत खर्चमा सकिन्छ ।

ओभरटाइम काम नपाउने हो भने ऋण बोकेर आउनुपर्ने अवस्था छ ।

– रमेश कोइराला
पूर्वराजदूत, कतार

२ वर्षमा कमाएको जम्मा आम्दानीमा खाना र व्यक्तिगत खर्च कटाउँदा करिब २ लाख ८८ हजार रुपैयाँ बचत हुने देखिन्छ ।

त्यसमा पनि विदेश जानुभन्दा पहिला गरेको खर्च थप कटाउनुपर्ने रकम हुन्छ । राहदानी बनाउँदा, म्यानपावर कम्पनीलाई तिर्ने रकमदेखि उडानका लागि अन्तर्राष्ट्रिय विमानस्थलसम्म पुग्दा औसतमा १ लाख ५० हजार रुपैयाँ खर्च मानेर त्यसलाई पुर्ताल गर्दा २ वर्षमा १ लाख ३८ हजार रुपैयाँ बचत हुन्छ । अझ १ लाख ५० हजारको ब्याजै जोडिएको छैन ।

कतारको भन्दा डरलाग्दो तस्बिर देखिन्छ, मलेसियाको कमाइमा । मलेसियाको सन्दर्भमा आम्दानी र खर्चको हिसाबकिताब गर्दा २३ हजार ९ सय ९० रुपैयाँ घाटामा हुन्छन्, कामदार । मलेसियासँग जोडिएको मन कुँडिने यो तथ्यांकप्रति झट्ट सुन्दा विश्वास नलाग्न सक्छ । तर तत्कालीन रोजगार प्रवर्द्धन आयोगको अध्ययनले घाटाको रेमिट्यान्स हिसाब निकालेको थियो, भलै त्यो अध्ययन औपचारिक रूपमा बाहिर आएन र बहस पनि गरिएन । आयोगले जतिबेला अध्ययन गर्‍यो, त्यसबेला मलेसियामा कामदारले औसतमा ४ सय ७८ रिंगिट तलब बुझ्थे ।

त्यही तलबमानको हिसाबमा २ वर्षमा करिब ११ हजार ६ सय ८८ अर्थात् २ लाख ३३ हजार ७६० रुपैयाँ आम्दानी हुन्थ्यो । सरकारी लेबी मासिक १ सय र खाना तथा व्यक्तिगत खर्च करिब १ सय ६० रिंगिट आधार मान्दा २ वर्षमा १ लाख ४४ हजार रुपैयाँ सकिन्थ्यो । मलेसियाको आम्दानी र त्यहाँ हुने खर्चको हिसाबकिताबमा जम्माजम्मी ८९ हजार ७ सय ६० रुपैयाँ बच्थ्यो ।

त्यस अध्ययनमा मलेसिया जान करिब १ लाख १३ हजार ७ सय ५० लाग्ने हिसाब निस्केको थियो । यही हिसाब हेर्दा मात्रै पनि २३ हजार ९ सय ९० रुपैयाँ घाटामा आउँछ । अध्ययनमा संलग्न कोइरालाको भनाइमा मलेसिया जाने युवाले ओभरटाइम कामको रकम मात्रै बचत गर्न सक्ने अवस्था थियो । "झन्डै ६ वर्ष पहिलाको त्यो अवस्थामा अहिले पनि फरक आएको छैन," कोइराला भन्छन्, "ओभरटाइम काम नपाउने हो भने मलेसियाबाट ऋण बोकेर आउनुपर्ने अवस्था छ ।"

सगोलमा देख्ने धेरै रकमभित्र वास्तविक कमाइको दुरुस्त बहिखाता व्यक्ति त के, राज्यसँग पनि छैन । अझ मलेसियामा एक वर्षअघिसम्म स्वास्थ्य परीक्षणलगायतको शीर्षकमा कामदारका लागि थप १८ हजार रुपैयाँ लागत लाग्थ्यो । मलेसियामा वृद्धि भएको तलबमानसँग स्वास्थ्य परीक्षण शीर्षकमा बढेको लागतले बचतमा फरक नपरेको विज्ञहरूको भनाइ छ । गत वर्ष

बिग्रँदै बालबालिका

पारिवारिक विखण्डनको मूल्य समाजले चुकाउँदै छ, वैदेशिक रोजगारीका कारण । पारिवारिक विखण्डन र रोजगारीका कारण हुने अभिभावकको अनुपस्थितिले बालबालिका आफन्त र छरछिमेकीबाट उपेक्षित र अपहेलित हुनुपरेको छ । श्रमविज्ञ सरु जोशीको अनुभवमा त्यस्ता बालबच्चामा आक्रोश, रिस, अटेरीपन, खर्चिलो जीवनशैली र अनुशासनहीनता देखिएको छ ।

"वैदेशिक रोजगारमा गएका परिवारका बच्चा डाङडुङ गर्ने, झगडा गर्ने, मात लागेकाजस्तो हुने गरेको भेटिएको छ," जोशी भन्छिन्, "त्यस्ता बालबालिकामा विद्यालयमा पनि अटेरीपन, अनुशासनहीनता, बेखुसी, चुपचाप बस्ने, झनक्क रिसाउने खालका बानीव्यवहार देखिने गरेको छ ।"

एक अध्ययनअनुसार ती बालबालिकाले विद्यालय पोसाक सफासुग्घर नगरी विद्यालय आउने, गृहकार्य नगरीकन विद्यालय आउने, खाना नखाई र खाजाको बन्दोबस्तबिनै विद्यालय आउँछन् । त्यसैगरी कक्षाकोठामा पछाडि बस्ने, अरूसँग घुलमिल नगर्ने, धेरै साथी नबनाउने, पढाइ बीचैमा छाड्ने, कक्षामा पूरै समय नबस्ने आदि प्रवृत्ति पनि देखिएको छ ।

०७६ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गरेको वैदेशिक रोजगारीले बालबालिकामा परेको प्रभावमाथिको अध्ययनले त मनोसामाजिक प्रभावसहित मानसिक रोग, कुलत र यौन हिंसाको उच्च जोखिम पनि देखाएको छ । अर्थात्, त्यो अध्ययनले नेपालको भविष्यको चित्र निकै निराशाजनक देखाइदिएको छ । वैदेशिक रोजगारमा रहेका बाबुआमाका सन्तान-सन्तापले सामाजिक सम्बन्धको तस्बिर मात्रै झल्किँदैन, रेमिट्यान्सको रमाइलोभित्रका रहस्यको पर्दा खुलेको छ ।

प्रस्तावित नयाँ गन्तव्य





पाँच वर्षमा कति बिदेसिए





नेपाल-मलेसिया सरकारबीच सम्पन्न श्रम सम्झौता कार्यान्वयनमा आए शून्य लागतमा कामदार मलेसिया जान सक्नेछन्। तर त्यो सम्झौता कार्यान्वयनमा आउनै सकेको छैन, नेपालस्थित मलेसियाली दूतावासले पनि तदारुकता देखाएको बुझिन्न।

उल्लिखित उदाहरण र विभिन्न अध्ययनको तथ्यले रेमिट्यान्स चर्चा गरिएभन्दा महँगो मात्र होइन, उल्टै घाटाको व्यापार भइरहेछ। अर्थात्, २ वर्षका लागि वैदेशिक रोजगारमा गएका एक कामदारले कम्तीमा एक वर्ष बराबरको कमाइ रोजगारीमा जान लागेको रकम पुर्ताल गर्न खर्चिनुपर्ने देखिन्छ।

यो विडम्बनापूर्ण तथ्यमाथि अर्थशास्त्री र श्रमविज्ञहरूको कुरा त परै जाओस्, सरकारले समेत ध्यान दिएको छैन। अधिकांश अर्थशास्त्रीले रेमिट्यान्सलाई 'ग्ल्यामराइज' मात्रै गरे। थोरै आम्दानीका लागि गर्नु परेको महँगो लगानीमाथि बहस नहुँदा शून्य लागतमा केन्द्रित हुन सकेको छैन।

मलेसिया र खाडी मुलुकबाट आउने रेमिट्यान्स निकै महँगो पर्छ। हुन पनि विश्वमै रेमिट्यान्स भित्र्याउन महँगो लगानी गर्ने क्षेत्रमा नेपालसहित दक्षिण एसिया क्षेत्र पर्छ। राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष शंकर शर्माको भनाइमा रेमिट्यान्सका लागि गरिने महँगो

खाडीको विकल्प खोजिँदै

कामदारको पारिश्रमिक मात्र होइन, सुरक्षामा समेत खाडी र मलेसिया असंवेदनशील छन्। कतार, दुबई, साउदी अरेबिया र मलेसियामा नेपाली सस्तो कामदारका रूपमा परिचित छन्। अझ ती देशमा जाने कामदारको मृत्युको संख्या पनि अधिक छ। सरकारसँग सहमति गरेको तलब दिन पनि ती देश राजी हुँदैनन्। उदाहरणका रूपमा साउदी अरब ०६९ वैशाखमै १ हजार रियाल तलब दिन राजी भएको थियो, ६ वर्षसम्म कार्यान्वयनमा आउन सकेको छैन।

यस्तै परिघटनाले सरकार खाडीको विकल्प खोज्न लागेको छ। सकेसम्म सुरक्षित र आकर्षक सुविधा भएका युरोपियन देशलाई श्रम गन्तव्य बनाउने प्रयासमा छ। त्यसैका लागि उदयराज पाण्डे नेतृत्वको कार्यदलले साउन ०७५ मा १८ नयाँ श्रम गन्तव्य मुलुकको सूची श्रम मन्त्रालयलाई बुझाएको थियो। त्यही सुझावपछि जापान र मौरिससँग श्रम सम्झौता गर्‍यो। र, अहिले टर्की र ओमानसँग श्रम सम्झौताको प्रयासमा छ। अहिलेसम्म व्यक्तिगत प्रयासमा कामदार टर्की पुग्ने गरेका छन्।

श्रमविज्ञ गणेश गुरुङको भनाइमा खाडी मुलुकबाट विकल्पको खोजी गर्न ढिला भइसकेको छ। त्यसको विकल्पमा सुरक्षित र आम्दानी प्रशस्त हुने गन्तव्य खोजी गर्नुपर्छ। श्रममन्त्री गोकर्ण विष्ट शून्य लागतमा सुरक्षित गन्तव्यको पहिचानमा सरकार सक्रिय रहेको बताउँछन्। विष्ट भन्छन्, "तुलनात्मक रूपमा कम जोखिम भएका, सेवासुविधा आकर्षक भएका र सामाजिक सुरक्षाको राम्रो प्रवर्द्धन भएका देशमा ध्यान केन्द्रित गरेका छौँ।"

सरोज बैद्य

'शोषणको परिपाटी जोगाउन लाग्दिनँ'

– गोकर्ण विष्ट
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री

नेपालमा जति रेमिट्यान्स आउँछ, त्यसको तुलनामा यहाँबाट जाँदा नै कामदारले आधा रकम खर्चिनुपर्ने बाध्यता देखिन्छ नि ?

देशभित्र रोजगारी अभावमा रोजीरोटीका लागि विदेसिने युवाको हितमा काम गर्नु सरकारको दायित्व हो। त्यस्ता युवा नठगीकन शून्य लागतमा जाने वातावरण निर्माणको प्रयास भइरहेको छ । उनीहरूको गन्तव्य सुरक्षित र मर्यादित बनाउन सकियोस् भन्नेमा पनि पहल गर्दैछौं। कानुनी संरचना निर्माणमा केही काम गरेका छौं ।

राहदानी बनाउँदादेखि म्यानपावर कम्पनीमा पुग्दासम्म ठगिने शृंखला छ। त्यो शृंखलामा राज्यकै संरक्षण पनि देखियो नि ?

ठगीरहित ढंगले कामदार जान सकून् भन्नका लागि रोजगारदाता देशसँग श्रम सम्झौतामा जोड दिइरहेका छौं। जापान, दुबई, मलेसियामा त्यो प्रक्रिया टुंगो लगाएका छौं । कार्यान्वयन गर्न केही प्राविधिक पक्षमा काम भइरहेको छ । देशभित्र ठगिने, गएपछि पनि ठगिने दुवै समस्याबाट छुटकाराका लागि प्रयत्न भइरहेको छ। कामदार चेतनाका लागि सचेतना कार्यक्रममा पनि जोड दिँदै छौं। सरोकारवाला निकायलाई पारदर्शी र समन्वयकारी बनाउने प्रयास भइरहेको छ । उनीहरूलाई सकेसम्म आईटी प्रणालीमा जोड्ने प्रयास छ ।

श्रमिकले श्रमका लागि शुल्क तिर्नु गलत होइन ?

श्रम गर्न जाने श्रमिकले शुल्क तिर्नुपर्ने कुरा गलत हुन्छ । अन्तर्राष्ट्रिय रूपमा पनि यसविरुद्ध आवाज उठेका छन् । कामदारले शून्य लागतमा जान पाउनुपर्छ । नेपाली श्रमिकको पक्षमा सरकार देखिने गरी काम गर्ने प्रयासमा छ ।

एक वर्षदेखि मलेसिया रोजगारीमा समस्या छ। यो समस्या कहिले टुंगिन्छ ?

मलेसियामा कामदार पठाउने सन्दर्भमा देखिएको सिन्डिकेट हटाउने प्रयास भएको छ । त्यो अन्तिम चरणमा छ । सिन्डिकेटमा संलग्नलाई कारबाही गरेयता ८ साउनसम्म ५३ हजार २३ जना मलेसियामा रोजगारीका लागि गएका छन्। नयाँ श्रम सम्झौताअनुसार सहज ढंगले जाने विषयमा प्राविधिक समिति बन्छ। स्वास्थ्य संस्था छनोट अन्तिम अवस्थामा छ। त्यो टुंगिएपछि सिन्डिकेट अन्त्य हुनेछ।

नयाँ गन्तव्यको खोजी पनि भइरहेको छ ?

तुलनात्मक रूपमा कम जोखिम भएका, सेवासुविधा आकर्षक भएका र सामाजिक सुरक्षाको राम्रो प्रवर्द्धन भएका देशको खोजीमा केन्द्रित भएका छौं। सुरक्षित र गुणस्तरीय गन्तव्य मुलुकको विविधीकरण गर्ने प्रयासमा छौं।

तर यो प्रयास रोक्न त तपाईंविरुद्ध नै व्यवसायी लागेको देखिन्छ ?

विकृति-विसंगति रोक्न खोज्दा त्यसको परकम्प आउँछ । सरकारको जिम्मेवारी लिँदा देश र जनता प्रमुख हो। त्यसकारण कहिलेकाहीँ आउने परकम्प सामान्य हुन् । आफ्नो पदमा एक मिनेट रहँदासम्म देश र जनताको हितमा सोच्नुपर्छ। अमूक पात्रको स्वार्थ पूरा गर्न र शोषणको राज जोगाई राख्न सरकार साधन हुन मिल्दैन। हामी साधन हुन चाहँदैनौं । मेरो पद जनतालाई शोषण गर्ने परिपाटी जोगाउन दुरुपयोग हुन सक्दैन ।

'प्रधानमन्त्री रोजगार कार्यक्रम' को अर्बौं बजेट दुरुपयोग भएको सार्वजनिक भएको छ।

त्यसैबेला विश्व बैंकको ऋण लिने कुरा सही हो र ?

हामीले सफ्टलोनमा लिन लागेको हौँ, एक प्रकारले ब्याजबिनाको ऋण । रोजगार कार्यक्रमका नाममा खुलामञ्चमा लाइन लगाएर रकम वितरण गर्ने होइन । आयोजनामा काम गर्दा पारिश्रमिकबापत दिने हो । प्रधानमन्त्री रोजगार कार्यक्रम काम गर्न र उत्पादनसँग जोड्न सीपयुक्त दक्ष जनशक्ति उत्पादनमा खर्चिने हो । कामका अवसरसँग जोड्न खर्चिने हो । अर्थशास्त्रीले यस्ता कार्यक्रममा ऋण ल्याउन हुँदैन भन्ने पनि पढेँ । तर पदमा हुँदा कस्ताकस्ता शीर्षकमा उहाँहरूले सहायता लिनुभएको थियो, त्यो विचार गर्नुभएको छ ? हिजो आफूले गरेको कामको प्रायश्चित्त गर्नुहुन्छ ? कुलो खन्ने, भवन बनाउने, नहर बनाउने मात्र विकास भनेर बुझियो । मानिसको जीवनलाई कसरी दक्ष बनाउन सकिन्छ, रोजगार प्राप्त गर्न योग्य बनाउन सकिन्छ, कसरी व्यक्तिको उत्पादकत्व बढाउन सकिन्छ भन्ने मुख्य हो ।

सामाजिक सुरक्षा कोष कार्यक्रम पनि कार्यान्वयनमा किन समस्या ?

यो पनि प्रभावकारी रूपमा चलेको छ । सामाजिक सुरक्षा कोषमा सबै मानिसलाई ल्याउन ३०/४० वर्ष लागेको इतिहास छ । नर्वे, स्वीडेन, फिनल्यान्ड, मलेसियालगायत देशमा दशकौँ लागेको थियो । हामीले छोटो समयमै गति लिएका छौँ । ४ हजारभन्दा बढी रोजगारदाता कम्पनी सूचीकृत भइसकेका छन् । यो कार्यक्रमको सबैभन्दा पहिला औपचारिक क्षेत्रमा काम हुनेछ । त्यसपछि अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा जोड्नेछौँ । नेपालमा अहिले हरेक कार्यक्रम सुरु हुनेबित्तिकै परिणाम खोज्ने र नकारात्मक हिसाबले प्रचार गर्ने मनोविज्ञान छ । यसले कार्यक्रम गलत थियो भनेर थडथिलो बनाइदिने गरिन्छ । रचनात्मक, मौलिक र जनपक्षीय कार्यक्रम, आत्मनिर्भर राष्ट्र निर्माण गर्ने यस्ता कार्यक्रम असफल र कमजोर पारियो भने देशलाई फाइदा हुँदैन । त्यसमा सहयोग र धैर्य चाहिन्छ ।

मलेसियामा मोलमोलाइ

धेरै नेपालीले रोजगारी पाएको तर पर्याप्त सुविधा र आकर्षक तलब नभएको गन्तव्य हो– मलेसिया । विगत १५ महिनादेखि मलेसिया रोजगारीका लागि बन्द छ । कामदार विदेश पठाउँदा ठगी भएको आरोपमा सरकारले २ जेठ ०७५ मा मलेसिया पठाउन बन्द गर्‍यो । त्यसपछि मलेसिया सरकार श्रम सम्झौता गर्न बाध्य भयो र १२ कात्तिक ०७५ मा भयो पनि । तर, त्यसले समस्या सुल्झाउन सकेको छैन ।

नेपालस्थित मलेसिया राजदूतको कार्यालयले नै श्रम सम्झौता कार्यान्वयन गर्न आलटाल गरिरहेको छ । कतिसम्म भने श्रम सम्झौतामा आधारित स्वास्थ्य परीक्षणको मापदण्डका आधारमा कम्पनी छनोटमा पनि समस्या पैदा गरिदियो । दूतावास आफैँले ९९ वटा स्वास्थ्य संस्था छनोट गरेको घटना पनि आइदियो । सरकारले साउन तेस्रो साता मात्रै १ सय २२ वटा स्वास्थ्य संस्था छनोट गर्‍यो ।

मलेसिया कतिसम्म असुरक्षित गन्तव्य हो भने ११ जनवरी २०१९ मा वैदेशिक रोजगार विभागले रोक्का गरेका ६६ वटा म्यानपावर कम्पनीमध्ये मलेसियाका मात्रै ५२ वटा छन् । अझ दुःखको कुरा हरेक वर्ष मृत्यु हुने नेपाली कामदारको संख्या मलेसियामा सबैभन्दा धेरै हुन्छ । जस्तो, १० वर्ष यताको तथ्यांकमा मलेसिया मात्रै २ हजार ४ सय २० जना नेपाली कामदारको मृत्यु भएको छ ।

साउदी अरबमा १ हजार ८ सय २५ जना नेपालीले ज्यान गुमाए । अझ मलेसिया जाने कामदारले डेढ लाखभन्दा बढी खर्चिनुपर्ने अवस्था थियो । स्वास्थ्य परीक्षणको नाममा करिब १८ हजार रुपैयाँ अतिरिक्त शुल्क लिइन्थ्यो । शून्य लागतमा कामदार पठाउन श्रम मन्त्रालयले अवैध खर्चमा निगरानी बढाएपछि मलेसियाको रोजगारी मोलमोलाइमा परेको छ । अझ मलेसियाबाट डिमान्ड लेटरका लागि करिब ४ सय ५० डलर कमिसनमा खर्चिनुपर्थ्यो ।

लगानीका कारण अपेक्षित आम्दानी वैदेशिक रोजगारबाट भइरहेको छैन । "दक्षिण एसिया महँगोमा रेमिट्यान्स भित्र्याउने क्षेत्रमा पर्छ, त्यसभित्र नेपाल झन् अगाडि देखिन्छ," शर्मा भन्छन्, "नेपालले रोजगारदाता देशसँगको श्रम सम्झौता कडा नहुँदा महँगो भएको हो ।" अझ नेपाली दूतावासले रोजगारदाता कम्पनीसँग डिल गर्न सक्दैनन् ।

अध्ययनअनुसार नागरिकता, राहदानी बनाउने तथा अन्य खर्चमा करिब १० हजार, प्रस्थान गर्नुअघिको करिब ३ महिने अवधिमा काठमाडौँ आउजाउ गर्दाको यातायात, खाना र बसाइ, लत्ताकपडा, टेलिफोन र आवश्यक कागजातको खर्च करिब ५० हजार हाराहारी हुन्छ ।

दुई वर्षपहिले श्रमविज्ञ गणेश गुरुङ टोलीको एक अनौपचारिक अध्ययनअनुसार ती मुलुकमा जाने कामदारले एक वर्षको कमाइ बराबरको रकम यस्तै खर्चमा सकेका हुन्छन् । गुरुङ भन्छन्, "७० हजारदेखि २ लाखसम्म त म्यानपावर कम्पनीले नै रकम लिएका हुन्छन्, यी सबै खर्च हिसाब गर्दा खाडी र मलेसिया गएका कामदारले एक वर्षको कमाइ विदेश जाँदा लिएको ऋण तिर्दैमा सकिन्छ ।" त्यसरी हेर्दा, खाडी तथा मलेसियामा जाने कामदारको खास आम्दानी ओभरटाइममै भर पर्ने गरेको छ ।

वैदेशिक रोजगारमा जाने युवाले नागरिकता र राहदानी बनाउनदेखि सुरु भएको खर्च भिसा हात पर्दासम्म लाखभन्दा बढी भइसकेको हुन्छ । भिसाका लागि काठमाडौँ आउजाउ, स्थानीय एजेन्ट र म्यानपावर कम्पनीलाई बुझाउने शुल्कलगायतको खर्चले रेमिट्यान्सलाई महँगो बनाएको हुन्छ । म्यानपावर कम्पनीलाई ७० हजारदेखि २ लाखसम्म बुझाउने गर्छन् ।

बर्सेनि करिब ३ लाख ५० हजार कामदार खाडी तथा मलेसियामा कामका लागि जाने गरेका छन् । एक कामदारले रोजगारीमा जान गरेको खर्च १ लाख ५० हजार रुपैयाँ मान्दा करिब ५२ अर्ब ५० करोड रुपैयाँ हुन्छ । त्यसमा कामदारले लिएको रकमको ब्याज जोड्दा झनै महँगो पर्छ । श्रमविज्ञ सरु जोशीको भनाइमा वैदेशिक रोजगारीमा जानेहरूले साहूसँग महँगो दरमा रकम ब्याजमा लिनुपर्दा पनि

रेमिट्यान्स

विप्रेषणले बदलेको गाउँ

खेतीमा निर्भर मेरो गाउँ २० वर्षको अन्तरालमै वैदेशिक श्रममा निर्भर भएछ । गाउँ त अन्तर्राष्ट्रिय श्रमबजारका लागि मजदुर उत्पादन र पुनरूत्पादनको कारखानामा पो बदलिएछ ।

[टिप्पणी]

लेखनाथ पौडेल

पहिले कच्ची घर भएको गाउँ एकैनासे कंक्रिटका घरले भरिएछ। कच्ची बाटा कालोपत्रे भएछन्। यातायातका हिसाबले सहरोन्मुख बस्तीमा परिणत भइसकेछ । सडकमा मोटरसाइकल बाक्लै गुड्न थालेछन् ।

मैले गाउँ छाड्दा दुइटा मात्र बाइक थिए, आज प्रत्येक घरमा रहेछन् । सडकमा कार/अटो बाक्लै भएछन् । यो परिवर्तनले मलाई एक-दुई दिन साह्रै उत्साही बनायो। लाग्यो, मेरो गाउँमा विकास भएछ ।

जब म सडक किनारकेन्द्रित घरका दौँतरी र गाउँलेका घरघर पस्दै प्रत्येकसँग विप्रेषणसँग जोडिएका, ग्रामीण अर्थव्यवस्थासँग जोडिएका अनुभव सँगाल्दै गएँ, दिनप्रतिदिन उदेक लाग्न थाल्यो । मेरो उत्साह निराशामा परिणत हुँदै गयो । विप्रेषणले बनाएको वित्तीय पर्यावरण, त्यसको सामाजिक मूल्य र ग्रामीण विकासका नाममा मोटाएका लघुवित्तको उदेकलाग्दो कथा मेरो विद्यावारिधिमा समेट्न सायदै सकूँला ।

कुरा गरौँ, विप्रेषणको । समाजका अगुवालाई विप्रेषण उत्पादनमूलक काममा उपभोग भएन भन्ने चिन्ताले गाँजेको देखियो । तर घर नहुनेले घर बनाउने कुरा पनि अनुत्पादक मान्यो । त्यही विषय विप्रेषण बुझ्नेका लागि असुरक्षाबाट मुक्तिजस्तो भयो । लगानीको प्राथमिकतामा घरजग्गा नै देखियो । पहिले खेतीका लागि जग्गा जोडिन्थ्यो, अहिले सुरक्षित र सबैभन्दा नाफामूलक लगानी ठानिन्छ । लगानी गर्नेको उद्देश्य नाफा कमाउने हुँदा उसका लागि त्यो सबैभन्दा उत्पादक बन्यो ।

त्यसपछि सुन दोकानमा आना खोज्ने तोला खोज्न लागे, सुनको सिक्री पनि नबिक्ने मेरो गाउँमा रानीहारको चमकले ढाकेछ। थुप्रै सौन्दर्य प्रसाधन र मासुको व्यापार बढेछ। घरमा हाँस, कुखुरा, बाखा गाईभैँसी पाल्ने चलन भने घटेछ। हिजो खेतमा हुने मेरा दौँतरीलाई वैदेशिक रोजगारीबाट फर्केपछि फुर्सदै फुर्सद भएछ। तर खेत अधियाँमा लगाउन थालेछन्। अनि विप्रेषणले आर्थिक असमानता पनि उत्तिकै बढाएछ। को वैदेशिक रोजगारका लागि कहाँ गयो, त्यो सोध्नै नपर्ने भएछ। घर हेर्दैमा को दक्षिण कोरिया, जापान पुगे, को खाडी र भारतका गल्लीमा छन्, प्रस्टै देखिन थालेछन्। आकर्षक भनिएका गन्तव्यमा जान सक्ने र नसक्नेको सामाजिक प्रतिष्ठामा रहनसहन सबैको असर सडकबाटै छुट्टिँदो रहेछ।

बढेको महँगी, बढेको तामझामले खाडीका गन्तव्य र मलेसिया त केवल दैनन्दिन गुजारामा सीमित हुन थालेछ। राजधानीमा श्रममन्त्री गोकर्ण विष्टले मलेसियाको रोजगारलाई नियमन र ठगी रोक्न गरेको प्रयत्नको पक्ष-विपक्षमा कुरा सुन्थेँ । केही हदसम्म म पनि द्विविधामै थिएँ, यो कदमले फाइदा वा नोक्सानी के गरेको छ भन्ने विषयमा । वर्षौं बिताएकालाई सोधेँ अनि बल्ल मन्त्री विष्टको प्रयासलाई धक फुकाएर साथ दिने निष्कर्षमा पुगेँ ।

मलेसिया पुगेकाको अनुभूति सुन्दा लाग्यो, श्रमको ज्यालाको हिस्सा श्रमिकले भन्दा अधिक वैदेशिक रोजगारको व्यापारले लिँदो रहेछ। गाउँबाट महिनावारी सयकडा ३ देखि ५ रुपैयाँसम्म तिरेर मलेसिया पुग्दा नठगिएको खण्डमा डेढ वर्षमा आफू जाँदाको ऋण तिर्न नसक्दा रहेछन् । बाँकी समयको आम्दानी केवल गुजाराका लागि ठिक्क हुन्छ। ठगिएकाको त कुरै छाडौँ, घरखेत बिल्लीबाँठका दृष्टान्त थुप्रै रहेछन्। यस्तो अवस्थामा उत्पादक क्षेत्रमा लगानीको रोइलोको के अर्थ हुन्छ र ?

लागत महँगो पर्छ। "कतिपय अवस्थामा त ६० प्रतिशतसम्म ब्याजदर लिएको देखिएको छ," जोशी भन्छिन्, "त्यही दरमा हिसाब गर्ने हो भने खर्च रकम झनै बढ्छ।"

महँगो रेमिट्यान्सको हिसाबसँगै जोडिएर आउँछ, म्यानपावरबाट बाहिरिने रकमको हिस्सा । तत्कालीन रोजगार प्रवर्द्धन आयोगको अध्ययन मात्र होइन, व्यवसायी तथा विज्ञहरूको भनाइमा 'डिमान्ड लेटर' का लागि म्यानपावर कम्पनीले कमिसनबापत खर्चिने रकमको हिस्सा पनि महँगो छ ।

कतारका लागि पूर्वराजदूत कोइरालाको विश्लेषणमा म्यानपावर कम्पनीले 'डिमान्ड लेटर' का लागि ४/५ सय अमेरिकी डलरसम्म कमिसन दिन्छन्, जुन रकम हुन्डीमार्फत जाने गरेको श्रमविज्ञ गुरुङको भनाइ छ । यसरी हेर्दा पनि कामदार कोटाका लागिसमेत

गाउँदेखि राजधानी र गन्तव्यका थोकदेखि खुद्रासम्मका यो प्रक्रियामा संलग्न एजेन्डाको मुनाफा त्यही श्रमिकको श्रम शोषणले सुनिश्चित गर्दो रहेछ। त्यसैले मलेसिया नखोलिएको विषय, मलेसिया जान खोज्ने श्रमिकको चासो जति छ, त्योभन्दा बढी त्यही श्रम शोषणमा टिकेको माफियाको एजेन्डा रहेछ । गाउँमा मलेसिया जान पाइन्न वा त्यो रोकिएर जनता मर्कामा परे भन्ने भ्रमको सिर्जना गरेर फेरि आफ्नो शोषण उद्योग चलाउने दाउ रहेछ। अब भारत पुग्ने अधिकांश युवामा खाडी, मलेसियाका लागि आवश्यक लगानीको जोहो पनि गर्न नसक्ने र केवल गर्जो टार्ने आशा मात्र रहेछ। मूलतः खाडी मलेसिया र भारतबाट आएकाको पारिवारिक गर्जो टार्न आवश्यक ऋणको स्रोत हिजो गाउँका साहू भएका ठाउँमा आज लघुवित्त बन्न पुगेछ ।

आकर्षक गन्तव्यबाट विप्रेषण आउने परिवारको झकीझकाउको देखासिकी गर्न खोज्दा लघुवित्तको ऋणमा गुज्रिन पुगेछन्। अन्तर्राष्ट्रिय वित्तीय शक्ति-केन्द्र र हाम्रै सरकारले विकासको परियोजनाका रूपमा सञ्चालन गरेको लघुवित्तले महिला उत्थानका नाममा बिनाधितोको ऋण लगानी र जोखिमको नाउँमा ग्रामीण कर्जा बिमा, पशु बिमाको व्यापार गरिरहेका छन्। तर गाउँमा आएका यस्ता लघुवित्तले ऋण प्रवाह गर्ने महिला समूहको मूलतः आर्थिक स्रोत केही नै नहुने या विप्रेषण रहेछ। महिलाको समूहमा प्रवेश गरेपछि निस्कनै असम्भवजस्तै रहेछ । यसले ग्रामीण भेगका महिलामा ऋणको प्रकोप बढ्दो रहेछ ।

प्रायः टोलमा एकाध महिला ऋण तिर्न नसकी भागेका, घरपरिवार छाडेर हिँडेका वा आत्महत्या गरेकासम्म घटना सुनिए। गाउँपालिकामा पनि नसुल्झिएको ऋणसम्बन्धी मुद्दा बढ्दो देखियो। यसले नेपालमा विगतमा रहेको ऋण-सत्ताको झझल्को दिन थालिसकेछ।

यसो हेर्दा झकीझकाउ कालोपत्रे सडक र बजारले ढाकिन लागेको मेरो गाउँ त भित्रबाट खोक्रिँदै रहेछ । वैदेशिक रोजगारमा गएका परिवारका सन्तान पर्याप्त आम्दानी भएकाहरू पढ्न-लेख्न छाड्ने र फेरि आफू पनि वैदेशिक रोजगारमै जाने भएछन्। गाउँको सरकारी विद्यालयमा विद्यार्थी संख्या घट्दो रहेछ तर निजी तवरमा खोलिएका स्कुल बढ्दै गएछन् । वैदेशिक रोजगारमा गएकाहरूको बुझाइमा अंग्रेजी र निजी विद्यालय प्रतिष्ठित बन्दै गएछन्। तर निजीमै पढे पनि विद्यालय तह पार गरेपछि युवाको चाहना वैदेशिक श्रम नै भएछ । गाउँमा रहेको क्याम्पसमा भर्ना घट्दो र भर्ना गरे पनि पढ्नेको संख्या झन् घट्दो रहेछ। केही वर्ष छात्राले धानेको क्याम्पस अहिले जापान जाने अवसरले त्यो संख्या पनि घट्दो रहेछ। तर जापानी र कोरियाली भाषा पढाउनेहरू सम्पन्न बन्दै गएका छन्। यो गाउँमा सामान्यतया उच्च शिक्षामा उत्तीर्ण गर्नेको प्रतिशत घट्दो छ। यसको सामाजिक मूल्य कति होला ? गाउँमा विप्रेषण पैसाको उपलब्धताले युवामा खर्चिलोपन र विभिन्न अम्मल बढाएछ। जाँडरक्सीदेखि 'धूलो' (ब्राउन सुगर) सम्मको प्रकोप भित्रिएछ।

वैदेशिक श्रममा गएकाहरू आफ्ना सन्तानको शिक्षामा गरेको लगानी खेर गएको दुखेसो मात्र पोख्दै छैनन्, छोराछोरी बिग्रेको गुनासो बढी छ। रोजगारीबिना नयाँ मोबाइल, बाइक लिने र बरालिनेको संख्या बढ्यो भन्ने गुनासो रहेछ । अब तिनको पनि विदेश जानेबाहेकको अर्को उपाय नभएको भन्दै छन् । कसैले जापानी, कोरियाली भाषा पढ्दै छन्, कसैले पासपोर्टमा भिसा लगाएका छन्। मूलतः खेती गरेर आफ्नै उत्पादनमा निर्भर मेरो गाउँ २० वर्षको अन्तरालमै वैदेशिक श्रममा निर्भर भएछ। मेरो गाउँ त अन्तर्राष्ट्रिय श्रमबजारका लागि मजदुर उत्पादन र पुनरुत्पादनको कारखानामा पो बदलिएछ। निकै ठूलो सामाजिक मूल्यका बीच वैदेशिक रोजगार र विप्रेषणले ग्रामीण जीवनस्तरलाई सुधारेछ। सँगै ग्रामीण अर्थव्यवस्थामा घरव्यवहारदेखि लगानीको निर्णयमा महिलाको प्रभावलाई विस्तार गरेछ । ग्रामीण अर्थव्यवस्था/वित्तव्यवस्थामा सामान्यतया महिला निर्णायक सहभागिता बढाएछ । त्योसँगै विप्रेषणले सामान्यतया समाजमा विगतमा रहेका ग्रामीण सम्भ्रान्तको प्रभावलाई विघटन गरेछ।

अझ, मेरो गाउँसँगै जोडिएका मधेसी समुदायका बस्तीमा जमिनदार कमजोर बनेछन्। त्यससँगै उनीहरूको सामाजिक, राजनीतिक हैसियत खुम्चिँदो रहेछ। दैनिक उपभोगका लागि हाटमा निर्भर मेरो गाउँमा आज विप्रेषणले पर्यावरण तयार गरेछ। विप्रेषणका कारण बैंक बग्रेल्ती खुलेछन्, करिब १६/१७ लघुवित्तको कार्यक्षेत्र बनेछ, सुन पसल, निर्माण सामग्री, रेस्टुराँ, भाषा पाठशाला आदि । यही विप्रेषण पर्यावरणको हिस्सा बनेछन्। त्यसै पर्यावरणमा लघुवित्त फस्टायो, वैदेशिक श्रमको ज्याला लघुवित्तको भरपर्दो मुनाफाको स्रोत बनेछ । त्यही विप्रेषणले घरजग्गाको मूल्यलाई ह्वात्तै बढाएछ। विप्रेषण पर्यावरणमा मुनाफा कमाएकाहरूको हातमा राजनीति पनि पुगेछ। अर्थात्, हाम्रो राज्य त काठमाडौँदेखि हरैयासम्म घरजग्गा (लघुवित्त) विप्रेषणको कम्प्लेक्सका रूपमा परिणत भएछ। अर्थात्, विप्रेषण पर्यावरणका माफियाको राज्यमा नियन्त्रण बढेछ। मेरो गाउँमा बजार पसेछ अनि त्यो बजारसँगै दलाली। सायद यो नै दलाल पुँजीवाद हो, जसको आधार विप्रेषण पर्यावरण ।

दौँतरी, शिक्षक र शुभचिन्तकले मलाई गाउँ फर्कन आग्रह गरे, मेरो विगतको राजनीतिक आबद्धताका आधारमा। तर मेरा दौँतरी भन्दै थिए, केही करोड जम्मा गरेर आउनू नि। त्यसले मेरो मनमा अनेकन प्रश्न उठ्यो । के म गाउँ फर्कूं ? किन फर्कने ? त्यही रियल इस्टेट (माइक्रोफाइनान्स) रेमिट्यान्स कम्प्लेक्सको हिस्सा बन्न ? यो कम्प्लेक्स तोड्न सकिएला वा राज्य दोहनमा आधारित राजनीतिक अर्थतन्त्र टुट्ला वा रेमिट्यान्सले बनाएको इकोसिस्टम भत्काउन सकिएला ? ने

रोजगारदाता देशका म्यानपावर एजेन्टलाई तिर्नुपर्ने पैसाको रूपमा रेमिट्यान्स विभिन्न बाटोबाट उतै फर्किन्छ।

म्यानपावर कम्पनीले विदेशी एजेन्टलाई दिने कमिसनको हिस्सा पनि निकै ठूलो हुन्छ। अहिले पनि एउटा भिसाका लागि कम्तीमा ४ सय ५० डलर कमिसनको हिसाबमा म्यानपावर कम्पनीबाट विदेश गएका करिब ३ लाख कामदारको डिमान्ड लेटरका लागि १३ करोड ५० लाख डलर अर्थात् करिब १४ अर्ब ८५ करोड रुपैयाँ कमिसनबापत रकम विदेशिन्छ।

यति मात्रै पीडादायी तथ्यांक छैन नेपालसँग। गत वर्ष मात्रै विदेशका काम गर्दा मृत्यु भएका र अलपत्र परेका कामदारका लागि करिब ६२ करोड ३६ लाख रुपैयाँभन्दा बढी रकम खर्चिनु परेको छ। यस्तो खर्च निरन्तर बढ्दो छ।

सरकारले तोकेको खर्च

बिमा
६,०००
(उमेरअनुसार फरकफरक)

कल्याणकारी कोष
१,५००

भिसा शुल्क
१०,०००

जम्मा खर्च
१७,०००–२०,०००

तर

कहाँ, केमा खर्च

म्यानपार कम्पनी र स्थानीय एजेन्ट
औसत १,००,०००

नागरिकतादेखि राहदानी बनाउन तथा अन्य खर्च
औसत १५,०००

प्रस्थान खर्च (३ महिने भिसाका लागि काठमाडौं आउजाउ, बसाइ र खानपिन, कागजात तयारी, लत्ताकपडा, टेलिफोन)
करिब ३५,०००

जम्मा खर्च
औसत १,५०,०००

ठाँटबाँट चर्को

गाउँघरमा चाडबाड रंगीला हुनमा होस् वा लवाइखुवाइमा आएको सुधार । ती उज्याला पाटा केलाउँदा रेमिट्यान्सले नै देश बचाएको र अर्थतन्त्र चलायमान बनाएको कथा बुनेर थुप्रै अर्थशास्त्रीले वैदेशिक रोजगारलाई ग्ल्यामराइज गरे । तर दुःख, कष्ट र अमानवीय व्यवहारसँग पारिवारिक विखण्डन, सामाजिक मूल्य मान्यताको ह्रासमाथिको बहस कमजोर छ ।

श्रमविज्ञ जोशी अर्थशास्त्रीहरूले वैदेशिक रोजगारीलाई ग्ल्यामराइज गर्दा परिस्थिति पराश्रित मात्र नभई देखासिकी बढेको बताउँछिन् । "अर्थशास्त्रीले रेमिट्यान्सलाई अनावश्यक रूपमा ग्ल्यामराइज गरेका छन्," जोशी भन्छिन्, "जसले गर्दा स्वदेशमा काम गर्ने मनोविज्ञान कमजोर बन्दै छ ।"

जोशीले भनेझैं गाउँघरमा विदेश नगएको परिवार एक्लो महसुस गर्न बाध्य छ । त्यसमा वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजनप्रसाद श्रेष्ठ थप्छन्, "विदेशका दुःख गर्नुपर्छ, समस्या छन् भन्दा पनि देखासिकीमा विदेश जाने क्रम बढ्दो छ, त्यसो हुनुको कारण अनावश्यक रूपमा गरिएको ग्ल्यामराइजेसन हो ।"

तथ्यांकले जोशी र श्रेष्ठको भनाइ पुष्टि मात्र गर्दैनन्, बिदेसिने स्रोत गरिबीको दुष्चक्र मात्रै हो भन्ने पनि देखाउँदैन । जस्तो, असोज ०७३ मा राष्ट्र बैंकले गरेको अध्ययनले वैदेशिक रोजगारमा गएका परिवारमध्ये करिब ८० प्रतिशत परिवार अन्य स्रोतबाट पनि घर खर्च धानिरहेका छन् । अर्थात्, करिब १८.८ प्रतिशत परिवारले मात्रै रेमिट्यान्सको रकमबाट परिवार धानेका छन् । यसले प्रस्ट भन्छ, बिदेसिने ठूलो संख्या गरिबीका कारण मात्र होइन ।

नेपाल भित्रिने रेमिट्यान्स यस वर्ष अमेरिका अग्रपंक्तिमा देखिएको छ जबकि धेरै नेपाली कामदार रहेको कतार, मलेसिया पछाडि छन् । राष्ट्र बैंकका अनुसार औसतमा एक नेपालीले वर्षमा करिब ५ लाख ३२ हजार अर्थात् मासिक ४४ हजार ३ सय ३३ रुपैयाँ पठाउँछ । युरोप, अमेरिका, जापानलगायत आर्कषक गन्तव्यबाट भित्रिने ठूलो हिस्साको योगदानले मासिक ४४ हजारको आर्कषक तथ्यांक देखाइदिन्छ ।

स्मरणीय सन्दर्भचाहिँ अन्तर्राष्ट्रिय कानुनमा श्रमिकले रोजगारीका लागि रकम तिर्नुपर्दैन । र, त्यसरी रकम लिनु गैरकानुनी हुन्छ । तर नेपाली कामदारले लाखौं रकम खर्चेर रोजगारीका लागि जानुपर्ने बाध्यता छ, जुन अन्तर्राष्ट्रिय श्रम संगठनको फेयर रिक्रुट्मेन्ट सिस्टमविपरीत हुन्छ । पूर्वराजदूत कोइराला भन्छन्, "अन्तर्राष्ट्रिय कानुनले श्रमिकबाट शुल्क लिन मिल्दैन भनेको छ, त्यो कानुन उल्लंघन त भएकै छ, अझ कतिपय देशले कामदारलाई किनेर ल्याएको बँधुवा मजदुरजस्तो व्यवहार गर्छन् ।" यही अन्तर्राष्ट्रिय कानुनमा टेकेर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मलेसियासँग श्रम सम्झौता गऱ्यो । तर कार्यान्वयनको सकसमा फसेको यो सम्झौता तत्काल फुक्ने देखिँदैन ।

अन्तर्राष्ट्रिय कानुनको टेकोमा शून्य लागतको प्रयासमा रहेको सरकारलाई रोजगारदाता कम्पनीले टेरपुच्छर लगाएका छैनन् । एकातिर श्रम सम्झौता गरेका मुलुकले नै सम्झौता कार्यान्वयनमा अवरोध खडा गरेका छन् भने अर्कोतिर केही देश सम्झौताका लागि इच्छुक पनि देखिएका छैनन् । ■

कामदारका समस्या

- श्रम शोषणका निम्ति बेचबिखन
- इच्छाविपरीत फरक काम लगाउने
- कम तलब दिने, तलब रोक्का गर्ने, तलबै नदिने
- तोकिएभन्दा बढी शुल्क
- गैरकानुनी महँगो ब्याजदरमा साहूसँग सापट लिनुपर्ने र त्यसको पूर्तिका लागि बाध्य भई जस्तोसुकै अवस्थामा पनि श्रम गर्नुपर्ने
- ओभरटाइमको भुक्तानी नगर्ने
- राहदानी वा अन्य कागजात रोजगारदाताले नियन्त्रणमा लिने
- शारीरिक यातना दिने
- प्रहरीको जिम्मा लगाइदिने, धम्की दिने, झूटा आरोप लगाई दिने समस्या
- औषधोपचारको सुविधाबाट वञ्चित गर्ने
- बिदा र विश्राम नदिने
- अस्वस्थकर आवास
- असुरक्षित कार्यस्थल
- स्वदेश फर्कन नदिने
- असम्बन्धित निकायमार्फत ठगीमा पर्ने
- एकभन्दा बढी नक्कली सम्झौता गर्ने
- बहिर्गमन अनुमति नदिने
- आवासीय अनुमति र स्वास्थ्यसम्बन्धी कागजात नबनाइदिने
- जरिवाना गर्ने/तलब कटौती गर्ने
- मानवीय व्यवहार नगर्ने
- गुनासो नसुन्ने

"अर्थशास्त्रीले रेमिट्यान्सलाई ग्ल्यामराइज गर्ने हुँदा स्वदेशमा काम गर्ने मनोविज्ञान कमजोर बन्यो ।

– सरु जोशी
वैदेशिक रोजगार विज्ञ



KMG
WITHOUT FEAR OR FAVOUR
The road to the truth is difficult.
A path filled with division, diversion and danger.
A path filled with validation and temptation.
There are voices to be heard and stories to be told.
The road is long and the road is hard.
But this is the road we walk.
Without fear or favour.
THE KATHMANDU POST

बाघे बर्दीधारी, सादा पोसाकधारी



खगेन्द्र संग्रौला

अनौठो संयोग पर्‍यो । ज्ञानेन्द्रको सिंहासन र मेरो मर्निङ वाकको सँगै जन्म भयो । उमेरले सिंहासन दाजु, मर्निङ वाक भाइ । कथा कौतुकमय छ । र, डरलाग्दो पनि । दाजु वीरेन्द्रको वंश मासियो । भाइ ज्ञानेन्द्रका तालुमा आलु फल्यो । दाजुको खरानीमाथि रगतपच्छे सिंहासनमा उक्लिए, ज्ञानेन्द्र । र, भुइँफुट्टा सिंहासनधारीले गमक्क फुल्दै गम खाए- दाजु कांतर थियो, म भनेको मै हुं । म हुं वीर बाबु महेन्द्रको वीर छोरो । पिताश्रीको अमूल्य दीक्षा छ- झ्याप्प प्रजाका मुख थुन । र, मिसिनगनले मिडिया कब्जा गर । बस्, सब चीज आरामले चल्छ । मनलाग्दी हैकम चल्छ । चौतर्फी शान्ति छाउँछ । र, हुन्छ- यता तैं चुप, उता उही चुप । त्यसपछि, इहलोकमा अखण्ड शान्ति । छेलोखेलो विकास । र, अपार सुख ।

चुपचापको कष्टकर याममा सधैंजसो हाम्रो भेट हुन्छ । भेट्ने थलो हो- सबैकी दिदीको ठर्राशाला । यहां पहिले नेवारी ऐला चल्दो हो । अहिले कुराले लोकल ठर्रा चल्छ, वास्तवमा हो यो भुस र युरिया मलको जहरतुल्य तरल । ठर्राशाला सडकको छेवैमा छ । भित्र पसेको देखे पवित्र नाक काटिन्छ । नाक जोगाउन हामी अन्धकारमा लुकेर भित्र पस्छौं । दिदीले असी हिउँद काटेकी छिन् । तथापि उनको अटल अठोट छ- मान्छेले हातखुट्टा चलुन्जेल आफ्नै कमाइमा जिउनुपर्छ । दिदीको पकेट साइजको घर छ । कोठा छ, सेमिपकेट साइजको । त्यस्तै सात बाइ आठ फिटको । दिदीको बैठक, भान्सा, शयन कक्ष, रेस्टुरां जे भने पनि यही हो । यही फिस्टे कोठा ।



यो कोठामा चित्तको निसास पोख्न मित्रमण्डलीको भेट हुन्छ । उनै गोविन्द वर्तमान, भोला शर्मा, केशव आचार्य र मेरो भेट । साथमा प्रायः ध्रुव लामा हुन्छन् । सबैका ध्रुव दाइ । जमानाका धनाढ्य, हाल बुटिटाट । बाठा अन्यहरूले जम्मै माटो खाइदिएर सुकुम्बासी भएका मतवाली । लामा दाइ किञ्चित् पठित छन् । पत्रपत्रिका पढ्छन् । समयको नाडी नाम्छन् । र, इतिहासका पदचापबारे हामीसँग बात मार्छन् । त्यसैले उनी हाम्रा प्रिय छन् । जब नशाको अन्धवेगी अश्वमा सवार हुन्छन्, ध्रुव दाइ मेघसरी गर्जिन्छन् । गर्जनमा आकाश र बतासलाई आफू लुटिएको कथा सुनाउँछन् । र, भन्छन्- दिस इज ध्रुव लामा कलिङ काइरो । कलिङ काइरोको अर्थ बुझिँदैन । जेहोस्, शोषित ध्रुव दाइ ठर्राशालाका एक मनोरञ्जक तत्त्व हुन् । एक आभूषण । एक जीवन्त स्पन्दन ।

हाम्रो भेटमा विचारका कुरा हुन्थे । वागी विचारका । अब त्यो बर्जित छ । सडकमा फौजी बुट बज्रिरहेका छन् । भित्ताको माउसुलीधरी जासुस हो कि जस्तो लाग्छ । फौजी ताण्डव, जहररूपी ठर्राको राग र दमित मुद्राको सन्तापबाट जीवन आहत छ । यस्तोमा चित्तको निसास पोख्न मर्निङ वाकको कुरा उठ्यो । तीन मित्रले मलाई वाकको महात्म्य सुनाए । यतै फाइदा रे, उतै फाइदा । तीन बन्धुको दाउ मलाई वाके वृत्तमा हुल्नु थियो । म किन हुलिऊँ ? न मेरो भुँडी विस्तारित छ, न त ज्यानमा विकारवाहक बोसो छ । तिनले मलाई तर्साउँदै हौस्याए । के थाहा, शरीरमा अज्ञात रोग बास पो बसिसके कि ! हजार रोगको एक दबाइ, नित्य मर्निङ वाक !

म परेँ बिहानको लास्टै अल्छी । कति छिटो उज्यालो भएको हो ? मलाई बहुधा कालचक्रसँग रिस उठ्छ । हाइ काड्दै सात बजेतिर उठ्छु म । अनि बित्थामा केको वाक ? तर उल्का भयो । मित्रहरू मलाई आफ्नो वृत्तमा फसाउने दाउमा लिप्त, म पत्तै नपाई मनमनै मर्निङ वाकमा प्रवृत्त । सोचेँ- यो फौजी आतंकमा कमसेकम एकाध घन्टा त म मित्रहरूसँग हुन्छु । केही बात हुन्छ । बातसँगै मनमा केही आशा, केही उमंग, केही साहस र केही संकल्प सञ्चार हुन्छ । आखिर फौजी ताण्डवविरुद्ध लड्नु त छँदैछ ।

बस्, बाघे बर्दीधारी ज्ञानेन्द्र फौजी वाकमा निस्के । सादा पोसाकधारी म खगेन्द्र मर्निङ वाकमा निस्कें । ने

गजुरियल कमेडी

गोकर्ण गौतम

तस्बिर : सरोज बैजु

'आज राष्ट्रिय पञ्चायतमा बसेको बैठकले घरजग्गाविहीन जनतालाई ऐलानी माटोबाट हटाई लाठी र मुंग्रोले ठटाई उत्तरतिर खेदाउने निर्णय पारित गरेको छ ।'

०४५ मा मनोज गजुरेलले स्कुले कार्यक्रममा वाचन गरेको हास्यव्यंग्य समाचार हो, यो । तिनताका रेडियो नेपालमा 'राष्ट्रिय पञ्चायतमा के भयो' भन्ने कार्यक्रम आउँथ्यो । मनोजले त्यही शीर्षकमा पञ्चायत व्यवस्थामाथि व्यंग्य कसे, जनआन्दोलनको माहोल बनिरहेका बेला । त्यतिबेला उनको उमेर थियो, १५ वर्ष ।

कृष्णप्रसाद भट्टराई

व्यंग्य पचाउने प्रचुर पाचन शक्ति भएका नेता

केपी ओली

किसुनजीपछि पाचन शक्ति बलियो भएको नेता तर अहिले प्रधानमन्त्री भएपछि पाचन कमजोर भएको अनुमान ।

प्रचण्ड

प्रचण्डलाई ब्यंग्य नपचाएर सुख्खै छैन । अरू के गर्नु !

शेरबहादुर देउवा

देउवा त कलाकार नै चिन्दैनन् । व्यंग्यको के कुरा !

माधव नेपाल

नेपाललाई व्यंग्य घोलेर मात्र खुवाउनुपर्छ ।

८ कक्षा पढ्थे । कलिलै उमेरमा राजनीतिक चेत आउनुको कारण यसरी सुनाउँछन्, "पञ्चायतविरोधी सामाजिक र पारिवारिक माहोलले मेरो बालमस्तिष्कमा प्रभाव पारेको थियो सायद ।"

उक्त व्यंग्य समाचार मनोजको पहिलो औपचारिक प्रस्तुति थियो । त्यसमै उनी प्रथम भए । समयक्रमसँगै स्ट्यान्ड-अप कमेडीमा नेपालकै पहिलो दर्जामा दरिए । अहिले पनि उनको स्थान अरूले ओगटेको छैन । स्ट्यान्ड-अप कमेडीमा उनीजति राजनीतिक चेत भएका कलाकार सम्भवतः छैनन् पनि । भलै मनोज आफूलाई पहिलो होइन, दोस्रो नम्बर (गियर) मा राख्न रूचाउँछन् । तर्क यस्तो छ, "पहिलो गियर खहरे हो, ती भाइरल हुन्छन्, हराइहाल्छन् । दोस्रो गियरचाहिं संघर्ष हो, नदीजस्तै बगिरहन्छ निरन्तर ।" कलाकारिता मात्र होइन, पढाइमा पनि मनोज दोस्रो गियर नै रहेछन् ।

जब गाईजात्रा नजिकिन्छ, धेरैलाई चासो हुन्छ, मनोज यस पटक कुन पात्र बन्दैछन् ? हरेक वर्ष कुनै एक परिचित पात्रको हुलियामा आफूलाई ढालेर दर्शकलाई चक्मा दिन्छन् । सुनाए, "यो वर्षचाहिं सञ्चारमन्त्री गोकुल बाँस्कोटा बन्ने खतरा छ ।" काठमाडौं केन्द्रित गाईजात्रा यस पटक ३१ साउनदेखि सातै प्रदेशको राजधानी पनि पुग्दै छ । कार्यक्रमको नाम नै छ, 'प्रदेश प्रदेशमा गाईजात्रा' अर्थात्, गाईजात्रालाई पनि शासन प्रणालीजस्तै विकेन्द्रित बनाउन तम्सँदै छन् । राजधानीमा जसरी सत्ता र शक्तिमा रहेकालाई सामुन्नेमा राखेर व्यंग्य कस्छन्, प्रदेशमा पनि त्यही नीति अख्तियार गर्दै छन् ।

> "म हास्यव्यंग्य क्षेत्रकै राष्ट्रपति र प्रधानमन्त्री हुन चाहन्छु । हरेक नागरिकले आ-आफ्नो क्षेत्रमा असल कर्म गरे भने देश बन्छ । सबै नेता बन्नु पर्दैन ।

हजारौंलाई हसाउने मनोजको व्यक्तिगत जीवनका यस्ता रोचक/घोचक प्रसंग छन्, जुन उनका खाँटी फ्यानलाई पनि थाहा नहुन सक्छ । जस्तो, एसएलसी पास गरून्जेल ११ वटा स्कुल बदल्नुपर्‍यो । ताप्लेजुङमा कखरा सिके, त्यसपछि पाँचथर, झापा, मोरङ हुँदै काठमाडौंको पद्मोदय स्कुलबाट एसएलसी सके । सानैमा बुबा बितेकाले पढ्नकै लागि आफन्तकहाँ 'पारिवारिक पर्यटक' हुनु परेछ । ०४५ को अन्त्यतिर राजधानी आए, त्यसपछि कलाकारिता घनीभूत हुन थाल्यो, सँगै राजनीति पनि । नजिकै आरआर र ल क्याम्पस थिए, त्यहाँ रोजै पञ्चायतविरूद्ध आन्दोलन हुन्थ्यो । मनोज नबिराई सहभागी हुन्थे, पञ्चायतमाथि व्यंग्य गर्थे, त्यो सर्कलमा हिट हुन थाले । भन्छन्, "आरआर र ल क्याम्पसको माहोल तथा अग्रज विद्यार्थीको सान्निध्यले मेरो कलालाई माझ्न सहयोग गर्‍यो ।"

क्याम्पसका कार्यक्रममा मच्चिदै व्यंग्य प्रस्तुति दिंदा मनोज फुच्चे नै थिए तर कहिल्यै धक मान्दैनथे । तत्कालीन घटनाक्रमबारे पूरापूर जानकारी राख्थे । थोरै तलमाथि हुँदा सत्ताले संकटमा पारिदिन सक्थ्यो । आन्दोलनकै दौरान मैतीदेवीमा गोलीको छर्रा लाग्यो, दस दिन अस्पताल बस्नुपर्‍यो । तैपनि मनोज हच्किएनन् । बरू यस्ता भोगाइले एकातिर कलाकारिताको गुणस्तर उकास्न भूमिका खेल्यो, अर्कातिर कमेडीलाई मनोरञ्जनमा सीमित गर्नुहुन्न भन्ने मान्यता विकास हुंदै गयो । साम्दे शेर्पा प्रेरणाको स्रोत छँदै थिए ।

नेपालको स्ट्यान्ड-अप कमेडीको जरा गाड्ने कलाकार हुन्, साम्दे । त्यसअगाडि नेपालमा एक्लै मञ्चमा उभिएर दर्शकलाई हसाइरहने कर्म र कलाकार खास थिएनन् । मनोज भन्छन्, "उहाँले हसाउने मात्र नभई, सामाजिक चेत र जिम्मेवारीबोधले भरिपूर्ण कमेडी गर्नुभयो । प्रस्तुतिमा शालीनता र शिष्टता हुन्थ्यो । म त्यसैबाट प्रभावित भएँ ।" यही गुणले हुनुपर्छ, हास्य कलाकारको भीडमा मनोजको पहिचान अग्लो छ । साम्देको सिको गर्दै स्ट्यान्ड-अप कमेडीलाई आत्मसात् गर्नु नै फलिफाप भयो । मह जोडी र सन्तोष पन्तको प्रहसन खुब हिट भएको जमानामा मनोज एक्लै मञ्चमा उभिएर दर्शकलाई घन्टौं हसाउन थाले । प्रहसन एउटै विषयमा केन्द्रित हुन्थ्यो, स्ट्यान्ड-अप अनेक विषयमा । दर्शकले नयाँ स्वाद पाए ।

सुरूआती दिनमा मनोजले कलाकारिता र राजनीति एकसाथ अगाडि बढाए । पद्मोदय स्कुल पढ्दा तत्कालीन एमाले निकट विद्यार्थी संगठनको प्रारम्भिक कमिटी अध्यक्ष थिए । ०४६ को आन्दोलनमा स्कुले विद्यार्थीको मोर्चाको संयोजन समितिमा बसेर काम गरे । ०४९ मा आरआर क्याम्पसमा स्ववियु सभापतिको उम्मेदवारी दिए, तत्कालीन संयुक्त जनमोर्चा निकट विद्यार्थी संगठनबाट । चुनाव सकियो, उनको प्रत्यक्ष राजनीति पनि सकियो । त्यसपछि कलाकारितामा पूर्णकालीन भए । कुनै पार्टी र भ्रातृ संगठनको सदस्यता नलिएको

दाबी गर्छन् । आफूलाई हास्य कलाकारभन्दा हास्यव्यंग्य अभियन्ता भन्न रूचाउँछन् । कसैले कार्यक्रमका लागि बोलाउँदा 'तपाईंको रेट कति हो' भनेर सोध्दा चित्त दुख्छ । भन्छन्, "हास्यव्यंग्य पसल होइन, मूल्य तोक्ने । कलात्मक अभिव्यक्ति हो, सामाजिक जिम्मेवारी हो, चेतना हो । मेरो कर्म पनि त्यतै निर्देशित छ ।"

हास्यव्यंग्यमा मनोजको विशिष्ट छवि निर्माण हुनुमा अनेक कारण छन् । कमेडीको नाममा होलसेलमा गाली गर्दैनन्, तथ्यमा आधारित आलोचना गर्छन् । उनका हास्यव्यंग्य पात्र जहिल्यै सत्ता र शक्तिशाली हुन्छन् । सीमान्तकृत र श्रमजीवीलाई सधैं सम्मान गर्छन्, उनीहरूको मजाक गर्दैनन् । मन्त्रीको पहिलो कार्यकालमा लालबाबु पण्डित लोकप्रिय भए । मनोजले सकारात्मक पात्रकै रूपमा लालबाबु बनेर हसाए । भन्छन्, "व्यंग्य गर्न सधैं नकारात्मक पात्र र गाली, आलोचना नै नचाहिंदो रहेछ । तर के गर्नु, हाम्रो देशमा सकारात्मक काम गर्ने नेता भेट्नै पो मुस्किल छ ।" आफूले व्यंग्य गरेको पात्रकै सामु प्रस्तुति दिनु मनोजको खुबी हो । त्यस्ता पात्रसँग तर्क र तथ्यसंगत बहस गर्न आफू सदैव तयार हुने बताउँछन् ।

मनोजलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय ख्याति दिलाएको हो, पूर्वराजा ज्ञानेन्द्रको क्यारिकेचरले । दोस्रो जनआन्दोलनताका तत्कालीन राजा ज्ञानेन्द्र बन्नु आफैंमा साहस थियो, त्यसमाथि उनले हास्य कलेबरमा ढालेर राजा र राजतन्त्रप्रति जनताको भित्री आक्रोश अभिव्यक्त गरे । ज्ञानेन्द्रका अनेक आनीबानी र व्यवहारको खिल्ली उडाए । त्यसपछि नै हो, क्यारिकेचरमा मनोज जम्न थालेको । अनि माधव नेपाल बने, प्रचण्ड बने । बाबा रामदेव र अमिताभ बच्चन बने । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नक्कल गरेपछि भारतीय मिडियामा छाए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको क्यारिकेचर गरेपछि त पश्चिमा मिडियाको नजर परे । अमेरिकी अनलाइन *सीबीएस न्युजले* संसारका १८ कमेडियनमा मनोजलाई पनि समेट्यो । भन्छन्, "यी सबै निरन्तर कर्मको फल हुन् । मलाई घमन्ड छैन, बरू चुनौती थपिएको आभास हुन्छ ।"

पछिल्लो निर्वाचनको पूर्वसन्ध्यामा मनोजले विभिन्न सहर पुगेर पार्टीलाई बहुमत दिलाउन सार्वजनिक लबिइङ गरेका थिए । स्थिर सरकारले मात्र विकास र समृद्धितर्फ मोड्ने तर्क थियो उनको । त्यतिबेला नाम प्रस्ट नलिए पनि नेकपालाई जिताउन लागिपरेका थिए । नभन्दै अहिले नेकपाको दुई तिहाइको सरकार छ । पार्टी निकट कलाकर्मीले धमाधम नियुक्ति खाइरहेका छन् । नेकपा, त्यसमाथि पूर्वएमालेका नेताहरूसँग मनोजको पहुँच कसैबाट छिपेको छैन । उनलाई नियुक्तिको प्रस्ताव नआएको होला कि उचित पर्खाइमा छन् ? यी सवाल सुन्नासाथ मनोज एकछिन मौन बसे र यतिचाहिं लेखिदिए हुन्छ भने, "नेताले कलाकारलाई घोडा बनाउँछन् । हामी घोडा भइदिन्छौं । दाना हामीलाई खुवाउँछन् तर नियुक्तिचाहिं अरूलाई खुवाउँछन् ।" उनलाई लाग्दो रहेछ, नेता मस्तिष्कले चल्छन्, गणितजस्तै हुन्छन् । स्रष्टा हृदयले चल्छन्, साहित्यजस्तै हुन्छन् । उनले थपे, "गणित र साहित्यको सम्बन्ध शत्रुतापूर्ण हुन्छ ।"

तर कलाकारलाई शक्तिमा पुग्न राजनीतिक पार्टीकै निगाह चाहिन्छ भन्ने होइन । गत वैशाखमा युक्रेनले नयाँ राष्ट्रपति पायो, भोलोदमिर जेलेन्स्की । जो हास्य कलाकार हुन्, मनोजजस्तै । देशको कार्यकारी पद सम्हालेको अभिनय गर्दै हसाउँथे । टेलिभिजनमा संयोगवश राष्ट्रपति बनेको पात्रको भूमिकामा देखिन्थे । त्यसको केही समयमै सम्पन्न राष्ट्रपतीय चुनावमा भारी मतका साथ विजयी भए । मनोजलाई पनि यस्तै रहर छ ? त्यसमाथि उनीसँग सक्रिय राजनीति गरेको अनुभव पनि छ । सुनाए, "छैन । मेरो बुद्धिको तहले नेता बन्न स्वीकार्दैन । म हास्यव्यंग्य क्षेत्रकै राष्ट्रपति र प्रधानमन्त्री हुन चाहन्छु । हरेक नागरिकले आ-आफ्नो क्षेत्रमा असल कर्म गरे भने देश बन्छ । सबै नेता बन्नु पर्दैन ।" ने

आफ्नै प्रिय क्यारिकेचर पात्र

ज्ञानेन्द्र

डोनाल्ड ट्रम्प

नरेन्द्र मोदी

प्रचण्ड

माधव नेपाल

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78-81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, **चावहिल :** एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

चीनका हिमाली कवि

पहिलो पटक परिचय पाउनुअघि नै मलाई लागेको थियो, यी सन्त पक्कै कवि हुन् । त्यो साँझ बेइजिङ नर्मल विश्वविद्यालयको साहित्यिक कार्यक्रमपछि हाम्रो गन्तव्य थियो, लु सुन सेन्टर । बेइजिङका व्यस्त बजार हुँदै एक घन्टापछि हाम्रो गाडी लु सुन सेन्टर छेउको पार्किङमा रोकियो । एउटा साँघुरो बाटो भई सेन्टरको मुख्य द्वारमा पुग्ने बेला खुड्किलोमा बेफिक्री बसिरहेका व्यक्तिलाई देखेँ । मानौँ, तिनी राजधानी सहरमा होइन, टाढा कुनै हिमाली गाउँको चकमन्न देउराली छेउ उभिएर अनन्तसम्म फैलिएका हरिया डाँडा नियालिरहेका थिए । मानौँ, स्वच्छ आकाशमा साइबेरियन हाँसले बनाइएका अदृश्य मार्गमाथि ध्यानमग्न थिए ।

६ जना कविको टोली नजिक पुगेपछि उनी हाम्रो स्वागतार्थ उभिए । लुसुन सेन्टरका निर्देशक उनै रहेछन् । अर्थात्, प्रख्यात चिनियाँ कवि जिदी माजिया ।

पहिलो भेटमै मैले उनको अनुहारमा अनौठो आत्मीयता देखेँ । पहिले पनि कहीँ भेटेजस्तो । उनको अनुहार पाटनका कास्यकर्मी नेवार दाजुभैँ वा अन्नपूर्ण क्षेत्रमा हिँडिरहेका बेला भेटेका कुनै गुरूङ साहूजीभैँ देखिन्थ्यो ।

अलिक पछि रेन्मेन विश्वविद्यालयमा माजियालाई भेटेको प्रसंग उप्काउँदा मेरी साथी योलेन्दा अचम्मित भएकी थिइन् । "माजिया चीनका लेजेन्ड कवि हुन्," उनले भनेकी थिइन्, "उनी यति ठूला हस्ती हुन् कि इमेलको जवाफ नदिए पनि मेरो कुनै गुनासो हुने छैन ।" तर योलेन्दाको भनाइको ठीकविपरीत केही सातापछि माजियाको इमेल पाएर म छक्क परेको थिएँ ।

'मेरो प्रिय भाइ, युयुत्सु ...' बाट सुरू भएको त्यो पत्र निकै आत्मीय थियो, आफन्तले नै लेखेजस्तो ।

माजिया चीनको मूल धार हान जातिको कुलबाट नभई सिचुआन प्रान्तको पहाडी भेगमा आदिकालदेखि बसोबास गर्दै आएका 'यी' प्रजातिका कवि रहेछन् । उनीबाटै उपहार प्राप्त कवितासंग्रह *वर्डस् अफ फायर* (आगोका शब्दहरू) पढ्दा माजिया चिनियाँ मात्र नभई हिमाली कविजस्ता अनुभूति भयो । माजियाले हिमाली कविले लेख्ने विषयवस्तु- आमा, पहाड, भ्फाँक्रीहरू, पूर्वज आत्मा, रक्सी र आफूले भेटेका वा भेट्न खोजेका कवि रहेछन् ।

माजियाका कवितामा जन्मस्थलका नोसुभाषीका पृथक् मिथक, लोकभाका, महाकाव्य र त्यसमा रहेका महानायकको स्तुतिगान गरिएको छ । यो संस्कृति मूल धारको हान जीवनपद्धति र नेपाली जनजातिको संस्कृतिसित मिल्दोजुल्दो रहेछ ।

नोसु संस्कृतिमा हुर्केका माजिया उच्च शिक्षाका लागि छेङ्दुस्थित साउथ वेस्ट नेस्नालिटिज कलेज गएछन् । त्यहाँ पढ्दा नै उनी एउटा नोसु कविका साथै चिनियाँ भाषा, राष्ट्रिय साहित्यिक धरोहर र विश्व साहित्यका सन्दर्भमा समेत स्थान बनाउन प्रयत्नरत थिए । स्नातकपछि उनी घर फर्के र कविता लेखन, प्रकाशनमा व्यस्त भए ।

चर्चित पत्रिका *स्टार*मा कविता प्रकाशन आफ्नो कवि करिअरमा एउटा महत्त्वपूर्ण घटनाको रूपमा रहेको उनको स्वीकारोक्ति छ । लगत्तै उनले १९८६ मा राष्ट्रिय कविता पुरस्कार जितेका थिए । पछि गएर प्रसिद्ध कवि आई क्विङको छत्रछायामा आधुनिक चिनियाँ कविताको असल उत्तराधिकारी बन्न सफल भए । साथै अन्तर्राष्ट्रिय मूल धारमा रहेका कवि लोर्का, पाज, नेरूदा, भेलाजिओ, आम्चाई, सिम्बोस्का, साइफर्ट र ल्याङ्स्टन ह्युजको प्रेरणामा पनि उनले कविता सिर्जना गरे ।

माजियाको लेखन परम्परागत नोसु संसार र मूल धारको चिनियाँ वाङ्मयबीचको सेतुका रूपमा रहेको छ । पश्चिमेली आलोचक तथा अनुवादक डेनिस मेयरका विचारमा आयरल्यान्डका गेलिक वा आइरिस भाषा क्षेत्रबाट आएका अंग्रेजीमा लेख्ने कविभैँ माजियाले चिनियाँ भाषामा लेखेका कवितामा आफ्नो जन्मस्थल र जनजातीय संसारको सुगन्ध भेटिन्छ ।

माजियाको काव्यसंसारमा आमाहरू अनि प्राचीन आत्माको गीत गाइरहेका भेटिन्छन् । उनको काव्यमा नोसु प्रान्तको स्तुतिगान सशक्त छ । यहाँ भ्फाँक्रीहरूले ढ्याङ्ग्रो ठोक्छन् र गीत सुनाउँछन्, जन्म र मृत्युको । आह्वान गर्छन्- सूर्य, तारा, खोलाको/प्राचीन नायक, देवता अनि तिनका दैवी शक्तिको ।

माजियाको प्रांगणमा देखिन्छन्, ऋतुको प्रार्थना र बुढु युवतीको छालाको रङबाट चिनिन्छ मातृभूमिको माटोका रङ । उनले गुनियालाडाका पर्वतका बाखाका खुर बजार्दै चकमन्न उपत्यकाका बाटोमा अद्भुत र जादूयी हिमाली संसारको प्रखर परिचय दिएका छन् । उनको जगत्मा एक पहाडी तरूनी छन् । लुगुताल र लायन नाम गरेको पहाड उनको अजर आमा । केही अज्ञात कारण आमाले छोरीलाई विवाह गरी पठाएकी छैनन् ।

यहाँ सुन्दर आमाहरूको गीत पवित्र, निक्खर र गहिरो बग्ने खोला रहेछ । आमाहरू अप्सराझैँ सुन्दर हुन्छन् । आमाको मृत्युपछि पनि उनको मृत शरीर दायाँतिर फर्काएर राखिन्छ मसानमा । भनिन्छ, यसले उनको देब्रे हात चर्खामा ऊन कात्नका निम्ति खाली हुनेछ, आत्मालोकमा पनि ।

त्यसो त एउटा जनजाति मात्रका कवि होइनन्, माजिया । उनी सम्पूर्ण चीनका प्रखर स्वर हुन् । उनी भन्छन्, "यो समय हो निर्णय गर्नका लागि । यही समय हो, नेता र नागरिकले आफ्ना भाग्य साझा गर्नका लागि । याद राख्नुस्, चीनमा यस युगले तपाईंहरूका हाडमा छाप छाडिदिनेछ ।"

पछिल्ला कवितामा माजिया इटालियन राष्ट्र निर्माता एवं महाकवि दाँतेको घर पुगी उनका ढोका ढकढकाउँछन्, अमेरिकी पेन्टर ओ किफीको कालो कपालमाथि कविता लेख्छन् र स्पेनिस कवि सिजर भेलाजिओको चिहानमाथि उभिएर उनको जीवन संघर्षमाथि चिन्तन गर्छन् ।

माजिया इतिहास परम्परा र आधुनिकताको द्वन्द्वको प्रश्नसित संघर्षरत काव्यरथी हुन् । उनी यी प्रजातिका कवि त भइहाले, सिंगो राष्ट्रका सुन्दर मानिस र विश्वभरिका अग्रज कविस्रष्टाको मुटुको ढुकढुकीको प्रखर स्तुतिगान गर्ने आधुनिक चीनका हिमाली कवि हुन् ।

■ **टिप्पणी र अनुवाद : युयुत्सु आरडी शर्मा**

माजियाका तीन कविता

स्वतन्त्रता

मैले एक नामी विद्वान्लाई सोधेको थिएँ–
के छ त स्वतन्त्रताको असली अर्थ ?
तिनको उत्तरमा सत्य वचन थियो

मलाई लागेको थियो कि उनका शब्दले
स्वतन्त्रतालाई सम्पूर्ण परिभाषित गरेका छन्

एक साँझ
नताली चरन क्षेत्रमा
मैले एउटा घोडा देखेँ, डुलिरहेको उन्मुक्त
एकदम स्वतन्त्र, निर्देशविहीन, दिशाविहीन
रक्सीले द्युत एक कज्जाक घोडसवार
उसको ढाडमाथि सुतिरहेको थियो
मस्त मुद्रामा

हो, मेरा लागि ती विद्वान्ले स्वतन्त्रतालाई
परिभाषित गरेका थिए
तर कसले बताउन सक्छ मलाई ?
नताली चरन क्षेत्रमा
कुनचाहिँ बढी स्वतन्त्र थियो
घोडा कि उसमा सवार कज्जाक ?



जवाफहरू

के तिमी अझै सम्झन्छौ
जिली बुटे जाने त्यो गोरेटो
एउटा महझैँ मधुर गोधूलि साँझ
उनले मलाई भनेकी थिइन्–
मेरो बुट्टा भर्ने सियो हराएको छ,
ल चाँडै त्यसलाई खोज्न मेरो मद्दत
गर्नुस् त !

(मैले चारैतिर खोजेँ त्यस गोरेटोमा)

के तिमी अझै सम्झन्छौ
जिली बुटे जाने गोरेटो
एउटा गहुँगो गोधूलि साँझ
मैले उनलाई भनेँ–



मेरो मुटुमा केही गडेको छ गहिरोसँग
के त्यो बुट्टा भर्ने सियो त होइन ?

लोकगीत

मानिस घर फर्किसके हाट बजारबाट
तर मेरो कविता फर्केको छैन
उसलाई मातेको देखिएको थियो
हतास मुद्रामा लडबडाइरहेको



स्केचहरू : जिदी माजिया

हातमा सुनौलो हारपिन बाजा लिएर
एउटा घरको पालीमुनि
साँझपख चौबाटोमा

भेडाहरू झरिसके डाँडाबाट
तर मेरो कविता अझै फर्केको छैन
नाइके भेडाले
यसलाई झलक्क देखेको थियो
सूर्य तलतिर ढल्केका बेला
यसले नियालिरहेको थियो रक्ताम्य पहाडहरू
र, छुन सक्ने बिन्दुभन्दा पर पुगिसकेको थियो
गहिरो शोकमा लिप्त हुँदै

सबै छिमेकी निदाइसके
तर मेरो कविता अझै घर फर्केको छैन
मूलढोकामा म बसिरहेको छु प्रतीक्षारत
कसरी बिर्सन सक्नु म यस्तो रात !

गुरुकुलको प्रत्यागमन

गोकर्ण गौतम



राजन काफ्ले

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः

यसको अर्थ हो, 'हाम्रो आत्मालाई न कुनै हतियारले टुक्राउन सक्छ, न आगोले जलाउन सक्छ । न पानीले गलाउन सक्छ, न त हावाले नै उडाउन सक्छ ।'

कञ्चटमा आफैँले गोली ठोक्नुअगाडि डा हरिहर सिग्देलले सहायक डा अतुल चौलागाईंलाई गीताका यी पंक्ति सुनाउँछन् । र, शरीर मरे पनि आत्मा जीवित हुने ठहर गर्दै आत्महत्याको बाटो रोज्छन् । हरिहरको आदेशबमोजिम अतुल उनको आत्मासँग कुरा गर्न चाहन्छन् तर प्रहरी बाधक बनिदिन्छ । अतुल मरिहत्ते गरिरहन्छन् ।

अनामनगरस्थित मण्डला थिएटरमा मञ्चन भइरहेको नाटक *मीमांसा*को दृश्य हो, यो । यसका मुख्य पात्र हरिहरले आत्माको खोजका लागि पागलपनको हद पार गरिदिन्छन् । खोजलाई निष्कर्षमा पुऱ्याउने जिम्मा अतुलको हुन्छ । शंकर लामिछानेको कथा *आत्माको मीमांसा*मा आधारित यस नाटकका निर्देशक हुन्, प्रवीण खतिवडा । नाट्य रूपान्तरण पनि प्रवीणकै । हरिहरको भूमिकामा सुनील पोखरेल छन् भने अतुलचाहिँ राजकुमार पुडासैनी । नाटक मृत्युपछि मान्छेको आत्माको अस्तित्वबारे शंका-उपशंका र तर्क-वितर्कमा केन्द्रित छ ।

स्तरीय र गम्भीर प्रकृतिका नाटकको खडेरी भइरहेको यो समय *मीमांसा* मञ्चन हुनु आफैँमा सुखद संकेत हो । यसलाई आरोहण गुरुकुलको पुनरागमन मानिएको छ । निर्देशक खतिवडा र कलाकार पुडासैनी गुरुकुलबाटै दीक्षित हुन् भने सुनील र पृष्ठभूमिमा आत्माको आवाज दिने निशा शर्मा गुरुकुलका गुरु । गुरुकुलको पुरानो छविलाई *मीमांसा*ले धुमिलिन दिएको छैन ।

खासमा *मीमांसा*को कथा हाम्रो दैनिक जीवनसँग नजिक छ तर अनेक भागदौड र लालसाका कारण त्यसलाई वास्तै गर्दैनौँ । जिन्दगीलाई जटिल बनाउँछौँ । मुख्य पात्र हरिहर आम सोचाइ र लोभभन्दा पर छन् । मरिसकेको महान् व्यक्तित्वको आत्मालाई सम्मोहन गरी जीवित व्यक्तिमा ल्याउन सके अनेकौँ रहस्य पत्ता लाग्ने र युगलाई नै देन हुने ठान्छन् । आत्माको संसारमा आफैँ डुलेर विभिन्न घटनाको गाँठो फुकाउने हुटहुटी राख्छन् । उनी आफ्नो चेला अतुललाई भन्छन्, 'न्युटन, आइन्स्टाइनलाई आत्माका माध्यमबाट सोध्न पाए, कार्ल मार्क्स र एरिस्टोटलले अहिलेका बारे बुझ्न पाए ? दरबार हत्याकाण्ड, ३३ किलो सुन प्रकरण, निर्मला काण्डजस्ता रहस्यमा राखिएका घटनाबारे पीडित वा मृतककै मुखबाट बुझ्न पाए ?'

अतुलले सम्मोहन गरेरै आफ्नो आत्मासँग वार्ता गरून् र नयाँ तथ्य पत्ता लागोस् भनेर हरिहरले ज्यानको तिलाञ्जली दिन्छन् । तर हरिहरको आत्मासँग अतुलको साक्षात्कार होला ? सम्मोहन र आत्माको गहिराइ नबुझेको प्रहरी प्रशासनले उल्टै अतुललाई बहुलाहा ठानिदिन्छ । यसले संसार कति सतही ढंगबाट चलिरहेको छ र नवीन प्रयोगमाथि कसरी निर्मम व्यवहार हुन्छ भन्ने देखाउन खोजिएको छ । तर नाटकमा 'ओपेन इन्डिङ' छ । पात्र दर्शकलाई नै घटनाबारे सोध्छन् । दर्शकलाई पनि नाटक हेरेको भान हुन्छ । खासमा यो पुरातन शैली हो । आत्माको खोज ठोस निष्कर्षमा पुग्न नसकिने भएकाले पनि निर्देशकले यो शैली पछ्याएका हुन सक्छन् ।

कन्टेन्टजस्तै सेट डिजाइन र प्रकाश संयोजनले नाटकलाई अब्बल बनाउन भूमिका खेलेको छ । आत्मासँग भलाकुसारी कलात्मक लाग्छ, दर्शकमा रोचकता पैदा हुन्छ । नाटकको अर्को बलियो पक्ष हो, अभिनय । नेपाली रंगमञ्चका भेट्रान सुनीलले आफ्नो अभिनयलाई फेरि पनि जीवन्तता दिएका छन् । आत्मासँग सम्मोहित भएर खोजमा समर्पित पात्रलाई जीवित बनाएका छन् । अर्का सशक्त कलाकार राजकुमार पनि उत्तिकै प्रशंसनीय लाग्छन् । मञ्चमा उनले देखाउने प्रायः व्यवहार असामान्य लाग्छ, भलै ती तर्क र तथ्यमा आधारित किन नहोऊन् ।

विजय बराललाई प्रहरी अधिकृतका रूपमा देख्न पाइन्छ । नेपथ्यमा निशाको आवाज सुनिन्छ । अभिनयमा निपुणता पस्किसकेका प्रवीणले निर्देशनमा फेरि एक पटक आफ्नो कुशलता पस्किएका छन् । उनले यति गहन कथा चयन गर्नु साहस हो भने त्यत्तिकै प्रभावकारी ढंगले नाट्य रूपान्तरण गर्नु खुबी ।

आत्माको रहस्यमयी संसारमा सयर गराउने र सवाल खडा गर्ने *मीमांसा* नेपाली रंगमञ्चले दीर्घकालसम्म सम्झनेछ । यसको मञ्चन ३२ साउनसम्म हुनेछ । ने

'बाह्रौं खेलाडीविहीन हामी'

सन् २०२२ मा कतारमा हुने विश्वकप फुटबल छनोटका लागि नेपालले भदौ अन्तिमदेखि खेल्दै छ । समूह बीमा रहेको नेपाल अस्ट्रेलिया, कुवेत, जोर्डन र चाइनिज ताइपेईसँग भिड्नेछ । बलियो समूहमा परेको नेपालले रंगशाला तयार नहुँदा घरेलु मैदानमा समेत खेल्ने छैन, सबै खेल विदेशी मैदानमै सामना गर्नेछ । कठिन समयको कप्तानी गरिरहेका छन्, विराज महर्जनले ।

होम गेम नखेलिने निश्चित भयो । यसले खेलाडीको मनोविज्ञानमा कस्तो असर गर्छ ?

ठूलो मानसिक दबाब पर्छ । ०७२ को भुइँचालोपछि नै हामीले आफ्नो रंगशालामा खेल्न पाइरहेका छैनौं । घरमै आफ्नो खेल देखाउने मौका पाएका छैनौं । खेलाडीका पीडा धेरै छन् ।

घरेलु मैदानमा नखेल्दा के फरक पर्छ ?

फ्यान सपोर्ट हाम्रा लागि बाह्रौं खेलाडी हो । उनीहरूको साथ र सहयोगले मैदानका खेलाडीलाई ठूलो हौसला र बल मिल्छ । दुर्भाग्यवश हामी बाह्रौं खेलाडीविहीन हुँदै छौं । घरमा खेल्दा बाहिर खेल्न सहज हुन्छ । सबै खेल देशबाहिर हुँदा आत्मविश्वास कमजोर हुन सक्छ ।

बलिया टिमसँग नेपालको खेल कस्तो होला ?

हामी सबै प्रतिद्वन्द्वीलाई बलियो मानेर मैदानमा उत्रन्छौं । कसैलाई पनि कम आँक्दैनौं । राम्रो खेल्ने र जित्ने आत्मविश्वासले खेलाडी मैदानमा उत्रिनुपर्छ ।

विश्वकप खेलिसकेका अनुभवी टिमसँग खेल्दा नेपाललाई के फाइदा हुन्छ ?

आफूभन्दा राम्रो टिमसँग खेल्दा धेरै सिक्न सकिन्छ । मैदानमा मात्र होइन, मैदानबाहिर पनि । उनीहरूको लवाइखुवाइका साथै आधुनिक फुटबलका प्रविधिबारे थाहा हुन्छ ।

कप्तानका रूपमा विशेष योजना के छ ?

आ-आफ्नो भूमिकामा बलियो रूपमा प्रस्तुत हुन टिमलाई एकताबद्ध गराउने हो । टिमलाई उच्च मनोबलमा राख्ने प्रयत्न गर्नेछु ।

विदेशी प्रशिक्षक आएपछि खेलमा केही सुधार भएको छ ?

नयाँ सेट बनेको छ । अभ्यासको तौरतरिकामा परिवर्तन भएको छ । आफ्नो पोजिसनमा दह्रोसँग खेल्ने र लामो पास खेल्नेबारे धेरै सिक्यौं ।

नेपालको फुटबलको स्तर कहाँनेर छ ?

जबसम्म सरकारले खेल क्षेत्रको स्तर उकास्न ध्यान दिंदैन, तबसम्म खेलाडीले मात्रै केही गर्न सक्दैनन् । सरकारले खेलको मूल्य र महत्त्व बुझ्न सक्नुपर्‍यो । खेलाडीको भविष्य सुनिश्चित हुनुपर्‍यो । अनि मात्र हामीले विश्व खेल जगत्सँग आफूलाई दाँज्न सक्छौं ।

खेल नउक्सिनुको दोषी सरकार मात्रै हो त ?

मुख्यतः सरकारको सोच र कार्यशैली नै हो । हामीलाई खेल्ने पूर्वाधार नै छैन । बिनापूर्वाधार कसरी खेलाडी उत्पादन हुन्छन् र खेलको स्तर उकासिन्छ ?

नेपालले विश्वकप फुटबल कहिले खेल्न सक्ला ?

प्रतिकूलता हुँदाहुँदै पनि नेपाली खेलाडीले अन्तर्राष्ट्रिय लिगमा स्थान पाइरहेका छन् । सरकारले खेल क्षेत्रलाई उकास्न चाहे २५/३० वर्षमा खेल्न सकिन्छ । त्यो क्षमता खेलाडीमा छ । विश्वकप खेल्ने सपना धेरै देखियो । तर घरेलु वातावरण त्यस्तो खालको भएन ।

घरेलु वातावरण भन्नाले ?

कुनै पनि मुलुकको फुटबलको स्तर थाहा पाउन त्यहाँको घरेलु लिगको हैसियत हेर्नुपर्छ । हाम्रो घरेलु लिग नै नियमित छैन । फुटबल व्यावसायिक भएकै छैन । निकै दुःख लाग्छ ।

▪ मनबहादुर बस्नेत

द्वन्द्वको मर्मस्पर्शी चित्र

माधव बस्नेत

खुलासा एक

'...०५९ जेठ ६ मध्याह्नतिर संकटकालपूर्व *जनदिशा* दैनिकमा कार्यरत अतिन्द्र न्यौपानेले मेरो पेजरमा फोन गर्नुभयो । मैले फर्काएपछि उहाँले एक पटक भेट्नुपर्ने काम छ भन्नुभयो ।... मैले ५ बजेतिर टेकुमा भेटौँला भनेँ ।

...साँझ करिब पौने ५ बजेतिर अतिन्द्रलाई भेट्न जान्छु भनेर हिंड्न लाग्दा देवी दाइले बाटोबाटोमा भेट्न मिलाउँदा 'फसिएला है, ख्याल गर्नू' भन्नुभयो । उहांको भनाइ नसकिंदै मैले 'दाइ यो ज्यानले संकटकाल पचाउन सिकिसक्यो, ६ महिनाको संकटकाल त पचाइयो भने अब त के होला र' भनेँ ।...

साथी भेट्न गएकी मैले एक्कासि प्रहरीको फन्दामा परेपछि सोचेँ, सायद बाहिरी संसार देख्नु यति नै हो । चारैतिर हेरेँ र उनीहरूले रोकेर राखेको ट्याक्सीमा चढेँ । म जसलाई भेट्न आएकी थिएँ, ट्याक्सीभित्र उनै पो रहेछन् ।'

खुलासा दुई

...यत्तिकैमा सेन दाइले परिचित स्वरमा सोध्नुभयो,

'संगीता बैनी, तपाईं कति बेला गिरफ्तार हुनुभएको ?'

यो आवाज सुनेपछि झसंग भए । अब भने सेन दाइ पनि यहीं हुनुहुंदो रहेछ भन्नेमा शंका बाँकी रहेन । मैले दाइको प्रश्नको जवाफ दिँदै भनेँ, 'आज ५ बजे दाइ ।'

मैले उहाँलाई सोधिहालेँ, 'दाइ तपाईं कहिले र कसरी गिरफ्तार हुनुभयो ?'

म पनि आज दिउँसो गिरफ्तार भएको हुँ । मलाई शिवजीले ल्याउनुभयो बैनी ।'

...मजस्तै उहाँ पनि आफ्नै साथीको गद्दारीका कारण गिरफ्तार हुनुभएको रहेछ ।

तत्कालीन नेकपा (माओवादी) को सशस्त्र युद्धमा कलममार्फत सक्रिय सहभागिता जनाएकी पात्र हुन्, संगीता खड्का । खासगरी ०५७ देखि तत्कालीन माओवादीको मुखपत्र *जनादेश* साप्ताहिकमा आबद्ध खड्काको पुस्तक *युद्धका ती दिन*मा यस्ता धोकाधडीका घटना समेटिएका छन् ।

युद्ध भयको क्षेत्र त हो नै, त्योभन्दा ठूलो अनिश्चयको साधन हो । पुस्तकमा उनले आफू र आफू आबद्ध युद्धभित्रका यति विदीर्ण वर्णन समेटेकी छन् कि पढ्दै जाँदा मन-मष्तिष्क आङ नै सिरिंग हुन्छ । माओवादीभित्रको प्रवृत्ति कस्तो थियो, गिरफ्तार गरिएका नेता/कार्यकर्तालाई सुरक्षा निकायका व्यक्तिबाट कसरी बर्बर यातना दिइन्थ्यो- पुस्तकले मान्छेभित्रको राक्षसीपन उजागर गर्दा आँखामा आँसु टल्पलिन्छ । खड्का लेख्छिन्, 'गिरफ्तार भएका साथीहरू नै यातना खप्न नसकेर गद्दार बनेपछि त झन् कसको के लाग्दथ्यो र ! यसकै परिणाम थियो, सेन दाइ र मेरो गिरफ्तारी ।'

कृष्ण सेन इच्छुक माओवादीका समर्थक त थिए नै, त्योभन्दा बढी एक पत्रकार र स्थापित कविसमेत थिए । उनी ०५८ को संकटकालपछि सरकार, माओवादीबीच वार्ता गराउन पहल गर्ने एक पात्र पनि थिए । सरकारका तर्फबाट माओवादी नेताहरूलाई 'कुरा' पुर्‍याउने एक सम्पर्क-सेतु थिए । तिनै सेनलाई ६ जेठ ०५९ मा काठमाडौंको मध्य बानेश्वरबाट पक्राउ गर्न सफल भयो, प्रहरी । यसपछि उनले फेरि यो संसार देख्न पाएनन् । माओवादी आफू पक्राउ गरेपछि आफ्नै सहकर्मीलाई कसरी फन्दामा पार्थे भन्ने जानकारी यो पुस्तकको सशक्त पक्ष हो ।



युद्धका ती दिन
(एक पत्रकारको भोगाइ)
लेखक : **संगीता खड्का**
प्रकाशक : **सांग्रिला पुस्तक प्रालि**
पृष्ठ : २४८
मूल्य : **३८४ रुपैयाँ**

पुस्तकमा समेटिएका विषय अध्ययन गर्दै जाँदा जिज्ञासा उठ्छ, के नेपाली समाजले नै यस्ता दिन भोग्नुपरेको थियो ? छिट्टै उत्तेजनामा आउने र चाँडै बिर्सने बानी भएकालाई अतीतको स्मरण गराउँछ । जसले युद्ध रोजिरहेका छन्, तिनीहरूले अध्ययन गर्ने हो भने विरक्ति पनि जगाउँछ । खड्का माओवादी आन्दोलनमा कसरी संलग्न हुन पुगिन्, युद्ध र त्यसमा सहभागी एउटा सदस्यका कारण उसका परिवार, आफन्तले समेत कति धेरै सास्ती पाउँछन् भन्ने उदाहरण पनि हो यो पुस्तक ।

युद्ध कति निर्मम हुन्छ भन्ने अनुभव संग्रह हो, यो पुस्तक । युद्धको प्रत्यक्ष मार नदेख्ने/नभोग्नेका लागि राम्रो खुराक छ यसमा । युद्ध संवाददाताका रूपमा भूमिगत रेडियोमा संलग्न भएर काभ्रे, मकवानपुरतिर चहार्दाका कहानी रोचक छन् ।

सर्वसाधारणलाई समेत यातना दिएर माओवादी र त्यसका सहयोगी हुँ भन्न बाध्य पारिन्थ्यो भन्ने खुलासा हुन्छ । खड्काले आफ्नो प्रेम, विवाहदेखि पाल्पालगायत लडाइँसम्म समेटेकी छन् । युद्धको कोलाहल, विपत्ति, यातना, भय, त्रासको खसोखास रिर्पोताज हो यो । पुस्तकमा केही अंश र शब्द बारम्बार दोहोरिएका छन् । लेखन/सम्पादनमा त्यति ध्यान पुग्न नसकेको देखिन्छ । ने

तीन किताब

हाङ्युग अज्ञात | कवि

हिटलर र गीता

होमरका *इलियड* र *ओडिसी* तथा पूर्वीय महाकाव्य *रामायण* र *महाभारत*तिरको प्रवेशद्वार नै *श्रीमदभगवद्गीता* हो, मेरा लागि । विश्वका ठूल्ठूला विद्वान्ले समेत पढेको *श्रीमदभगवद्गीता*को दार्शनिक पक्षले मलाई सधैं आकर्षित गर्छ ।

हिन्दी भावानुवादसहितको संस्कृत *श्रीमदभगवद्गीता* सुरुमा आम बुझाइजस्तै श्रीकृष्णलाई 'भगवान्' को तहमा राखेर पढेको थिएँ भने पछिल्लो समयचाहिँ उनलाई विद्वान् मानिसकै रूपमा बुझ्छु । श्रीकृष्णको पूजा गर्दै विश्व शान्तिको कुरा गर्नु भने शोभनीय हुँदैन । विश्वेश्वरप्रसाद कोइरालाको *हिटलर* र *यहुदी*मा पनि गीताबाट प्रभावित भएर युद्ध गरेको दाबी गर्छन्, हिटलर । त्यसैले गीतालाई राम्ररी बुझ्न सकिएन भने विश्वमै हिंसा मात्रै हुने भयो ।

धर्मको नाममा मान्छे मार्दा फरक नपर्ने तर्क गर्छन्, श्रीकृष्ण । यदि कोही कसैलाई देवत्वकरण नगरीकन धार्मिक ग्रन्थ पढ्न नसकिने परिस्थिति आइलागे अर्जुनलाई 'भगवान्' बनाउँदा हुन्छ । अर्जुनले रणमैदानमा सबै आफन्तजन देख्छन् । अझै बृहत्तर ढंगले सोच्ने हो भने कसलाई मार्नु, सबै मान्छे हुन् भन्ने मनोभावले अर्जुनलाई निर्देशित गरेको देखिन्छ । चीनमा पनि सुन जूको प्रसिद्ध पुस्तक *द आर्ट अफ वार*बाट प्रभावित भएर माओले युद्ध गरेको दाबी सुनिन्छ ।

गीता पढ्दापढ्दै मैले पश्चिममा दर्शनको इतिहास चहारें । साथै यताका उपनिषद् पनि हेरें । सोपेनहावरजस्ता जर्मन दार्शनिकले उपनिषद्बाट आफ्नो विचारलाई विकास गरेको देखिन्छ । उपनिषद्लाई शुद्ध हिन्दु दर्शनको रूपमा पाएँ, जहाँ आफ्नो अस्तित्व खोज्ने प्रयास गरिन्छ । लाग्यो, यी ग्रन्थभित्र म र मेरो समुदाय छैन । मेरै समुदायचाहिँ केमा छ ?

स्कुल अध्ययनमै फाल्गुनन्दको जीवनी पढिसकेको थिएँ । पछि काठमाडौंमा *मुन्धुम* खोजेर पढें । हिन्दुको आदिग्रन्थ वेदकै समयमा मुन्धुम पनि रचिएको हुनुपर्छ । *रामायण* र *महाभारत*मा वर्णित समाज विकसित लाग्छ तर *मुन्धुम*का कथा निकै आदिम लाग्छ । त्यसैले मुन्धुमलाई किरातको वेद पनि भनियो होला । जसरी वेद र उपनिषद्का हाँगा अनेक हुन्छन्, त्यस्तै मुन्धुम पनि धेरै छन् ।

बैरागी काइँलाकृत *सृष्टिवर्णन* भने पृथ्वीको उत्पत्तिकथामा केन्द्रित छ । मैले अन्य मिथकका पुस्तकमा हेर्दा- जुनसुकै समुदायको पनि आफ्नै खाले धारणा हुँदो रहेछ, लिखित या श्रुति परम्परामा । जस्तो, बाइबलले यो सृष्टि सात दिनमा सम्पन्न भएको मान्छ भने कुरानले आठ दिनमा । अफ्रिकी मिथक भन्छ, बुमा भगवान्को मुखबाट यो सारा संसार सृष्टि भयो । अस्ट्रेलियाली मिथकअनुसार त्यहांको मानव पुर्खा आकाशबाट झर्‍यो । पछिल्ला कालमा विकसित वैकल्पिक सिद्धान्त भन्छ, पृथ्वीमा मानव जाति अर्कै ग्रहबाट ल्याइयो ।

मुन्धुमको *सृष्टिवर्णन*अनुसार यो सृष्टि गर्ने क्रममा आकाशगंगा, सौर्यमण्डल र ग्रह बनाउँदा-बनाउँदै समय सकिएकाले मूल ईश्वरले अर्को देउतालाई जिम्मा दिन्छन् । पानी, रूखपात, आगो आदि-इत्यादि बनाउने काम गर्दागर्दै अर्को देउताको पनि समय सकिएपछि फेरि अर्कोलाई हस्तान्तरण गरिन्छ । यसलाई हामीले धार्मिकभन्दा सांकेतिक रूपमा बुझ्नु उपयोगी हुन्छ । राजनीतिकर्मीले मुन्धुम पढिदिएमा युवा पुस्तालाई देश निर्माणको जिम्मेवारी हस्तान्तरण गर्थे कि !

मुन्धुम वैज्ञानिक नभएको तर्कसँग म सहमत छैन । १२ वटा घाम लागेको लयदार र रोचक कथा छ, मुन्धुममा । कथामा कल्पनाको मात्रालाई पनि बेवास्ता गर्न सकिँदैन । तर त्यो समय पनि अहिलेजस्तै बढ्दो वैश्विक तापक्रमले सताएको थिएन भन्न सकिन्न । *मुन्धुम*ले जीवको विकास लेउबाट भयो भन्छ भने विज्ञानले पनि पानीबाट भएको दाबी गर्छ । बाघ र मान्छे दाजुभाइ रहेको कथा पढ्दा लिम्बू लाटोसोझो समुदाय भन्ने नै लाग्दैन । मौखिक मुन्धुमलाई पछिल्लो कालमा बैरागी काइँलाले लिपिबद्ध गरिदिएकाले हाम्रो पुस्तालाई सजिलो भएको छ । उनले मुन्धुमी लयमा कविता लेखेर हाम्रा मिथक र विम्बलाई अमर मात्रै बनाएका छैनन्, आफैंतिर फर्कन प्रेरित गरेका छन् ।

विद्यालयमा छन्दकविता पढिरहेको म *बैरागी काइँलाका कविता* पढ्दा अर्थ खुट्याउन नसके पनि छक्कै परेको थिएँ । काइँलाका कविताको प्रभाव यति धेरै गडेछ कि पछि मैले आफ्नै कवितामा उनको लय ल्याउने प्रयत्न गरें । रिमाल, भूपीदेखि समकालीनसम्मका कविमा पश्चिमा प्रभाव छ तर काइँला मौलिक ढाँचाको बाटो हिंडे । आफ्ना कवितालाई भव्य बनाउन चाहने नेपाली कविले उनलाई नपढी धरै छैन ।

उनका कतिपय कवितामा लिम्बू येबाले फलाक्ने मुन्धुमी मन्त्रको आरोह-अवरोह भेटिन्छ । लाग्छ- त्यो कविता विश्व घुम्छ, तत्कालीन विम्बको वायुपंखी घोडा चढेर । नेपालमा वर्गीय विभेद मात्रै छैन, जातीय, सांस्कृतिक, क्षेत्रीय र लैंगिक विभेद पनि छन् । यी मुद्दा नबुझी लेख्नु बेकारै हो । काइँलाले सांस्कृतिक विम्बको प्रयोग गरेर कविताको पुरानो एकल जातीय साम्राज्यलाई धक्का दिए ।

■ प्रस्तुति : गुरुङ सुशान्त

महेश प्रधान

क्युट तमन्ना

छोटो कालो वन पिस अनि सुनौलो रङको हिल जुत्ता । मोडल तमन्ना केसी आकर्षक देखिएकी छन् । फूलबुट्टे घाँघरमा तमन्ना प्यारी देखिन्छिन् । त्यसमाथि खुलेको लामो कपालले उनलाई अत्यन्तै सुहाएको छ ।

टहरा पुरस्कृत

चलचित्र समाजको छाया हो भने वृत्तचित्र ऐना । त्यसैले त होला, वृत्तचित्रले सहजै दर्शकको मन छुने । यस्तै मन छुने विषयमा दीपक तोलाङेले बनाएको वृत्तचित्र *टहरा (सेल्टर)* ले नेपाल-अमेरिका इन्टरनेसनल फिल्म फेस्टिभलमा विशेष पुरस्कार हात पारेको छ ।

थापाथलीको पुलमुनि झुपडीमा बस्ने सुकुम्बासीको दिनचर्यामा आधारित वृत्तचित्रमा आमाछोरीको संघर्षको कथा छ । फोटो पत्रकारसमेत रहेका तोलाङे भन्छन्, "पहिलोपल्ट फोटो खिच्ने क्रममा थापाथलीको सुकुम्बासी बस्ती पुग्दा पाल, प्लास्टिकले बनाएको घर, बत्ती-पानी केही थिएन । उनीहरू बिजोगमा बसेको देखेर तस्बिर मात्र होइन, तिनको कथा बाहिर ल्याउनुपर्छ भन्ने लाग्यो ।"

टहरा बनाउँदा उनले ७ वटा सुकुम्बासी बस्ती भ्रमण गरेका थिए । २ वर्ष लगाएर बनाएको वृत्तचित्रले सातौँ नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ट गैरआख्यान पुरस्कार जितेको थियो । भिजुअल एन्थ्रोपोलोजीमा स्नातकोत्तर तोलाङेले सुकुम्बासी बस्तीका बालबालिकाका लागि एकहप्ते फिल्ममेकिङ कार्यशाला गर्दै छन् ।

पी फर पिज्जा

भनिन्छ, दोस्रो विश्वयुद्धताका इटालियन सेना अरू देशमा बस्न थालेपछि उनीहरूको प्रिय खाना पिज्जा बन्न थाल्यो । पछि पिज्जा विश्वव्यापी रूपमा फैलियो ।

फ्यान्सी खानाका रूपमा रहेको पिज्जा नेपालीमाझ एकदमै चर्चित छ । पिज्जा हट नेपालको पिज्जा उत्कृष्ट मानिन्छ । अन्तर्राष्ट्रिय फुडचेनका रूपमा रहेको पिज्जा हटमा शाकाहारी तथा मांसाहारी दुवै स्वादका पिज्जा पाइन्छन् । लसिलो पिठोमा माथिबाट चिज, तरकारी तथा मासु र ससेज आदि राखी ओभनमा पिज्जा बनाइन्छ । यसरी बनेको तात्तातो पिज्जा कोल्ड ड्रिंक्ससँग खान खुब मज्जा आउँछ । पिज्जा हट रेस्टुराँ थापाथली र दरबारमार्गमा छ ।

छुटेकी प्रियंका

विकास आचार्यका हरेक फिल्ममा झुल्किन्छिन्, प्रियंका कार्की । *हजार जुनीसम्म* पनि छुटिनन् । मुख्य कलाकारमध्ये उनी पनि एक हुन् । सिक्किम पुगेर सुटिङ गरेकी उनलाई ३० साउनमा प्रदर्शन हुने फिल्मको प्रमोसन सामग्रीमा स्थान दिइएको छैन ।

पोस्टरमा आर्यन सिग्देल, सञ्चिता लुइँटेल, स्वस्तिमा खड्का, सलोन बस्नेतलगायत आधा दर्जन कलाकार अटाएका पनि प्रियंकाको नामोनिशान छैन । ट्रेलरमा पनि उस्तै हालत छ । एक त निर्माण पक्षसँग उनको मनमुटाव छ, अर्को उनी अभिनीत पछिल्ला फिल्म व्यावसायिक रूपमा असफल छन् । निर्माण पक्षलाई बहाना मिलिहाल्यो ।

नोटबुक

यम बम

एडीबी पर्खिएको विकास

सुदूरपश्चिम प्रदेशको अस्थायी मुकाम धनगढीमा मुख्यत: ३ समस्या छन्- साँघुरा सडक, अव्यवस्थित ढल र फोहोरमैला । सवारी चाप बढ्दो छ तर वर्षौंदेखि सडक विस्तार हुन सकेको छैन ।

धनगढी उपमहानगरपालिका र सुदूरपश्चिम प्रदेश सरकार धनगढी बजारमै छन् तर न्यूनतम पूर्वाधार निर्माणसमेत ठप्प छ । भित्री सडक स्तरोन्नति नगरेको वर्षौं भयो, मुख्य सडकको हालत पनि दयनीय छ । एसियाली विकास बैंक (एडीबी) को ऋण लगानीमा सहरी विकास आयोजना सन् २०१७ मै सुरु हुनुपर्ने हो ।

तर स्थानीय सरकारको लाचारीका कारण लम्बिँदै आयो । एडीबीको सर्त थियो- ल्यान्डफिल साइट अगाडि बढेपछि मात्र पूर्वाधार निर्माणका काम सुरु हुन्छन् । तर फोहोरमैला व्यवस्थापनका लागि ल्यान्डफिल साइट कहाँ बनाउने टुंगो छैन । बरु उपमहागनरपालिकाले बडेमाको भवन ठड्याएको छ, सटर भाडामा लगाउन । सडकका नालीका ढकनी उप्किएका छन् ।

स्तरोन्नति गरिने सडकको दायाँबायाँ पानी निकासका लागि नाली, फुटपाथ, सडक बत्ती, रेलिङलगायतका संरचना हुने सपना देखाइएको थियो, धनगढीबासीलाई । आयोजनालाई देखाएर वर्षौंसम्म बस्ने तर गाँठो नफुकाइदिनाले कायल बनेको एडीबी एक कदम पछि हटेको छ ।

एडीबी आफ्नो पूर्ववर्ती सर्तबाट पछि हटेपछि सहरी विकास आयोजना र धनगढी उपमहानगरपालिकाबीच योजना कार्यान्वयन गर्ने विषयमा बल्ल समझदारी भएको छ । चिन्ताको अर्को पक्ष के भने जसरी काठमाडौंमा फोहोरमैला व्यवस्थापन सधैंको समस्या बनेको छ, धनगढी पनि अछूतो नहुने कि भनेर । एडीबीले ऋण लगानी गरिरहेका बेला ल्यान्डफिल साइट कहाँ बनाउने भनेर टुंगो लगाउन नसक्नुले उपमहानगर र त्यहाँका जनप्रतिनिधिको लाचारीपन प्रस्ट्याउँछ ।

पाँच वर्ष अवधिको यो आयोजनाको दुई वर्ष त्यत्तिकै खेर गयो, अब ३ वर्षमा कति काम हुन्छ, हेर्न बाँकी छ ।

मेयरको होर्डिङ बोर्ड मोह

पूर्वपश्चिम राजमार्गले जोडेको अत्तरिया । धनगढी र महेन्द्रनगर मात्र होइन, सुदूरपश्चिम पहाडका ७ जिल्ला जोड्ने पनि त्यही अत्तरिया । अत्तरिया चोकको हालत भने उदेकलाग्दो छ । चोकमा रहेको सानो उद्यान पनि कुरुप बनाइयो, व्यापारिक विज्ञापन राखेर । र, त स्थानीयले ती विज्ञापन च्यातिदिए ।

सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित पर्यटन भ्रमण वर्ष मनाउने सरकारको योजना छ । गोदावरी नगरपालिकाले पनि चोकमा व्यापारिक होर्डिङ बोर्ड राख्नुभन्दा सुदूरपश्चिमका गन्तव्यअंकित सामग्री राखे के जान्थ्यो होला । मेयरसापलाई लाग्ला, नाफामुखी होर्डिङ बोर्ड हटाएर पर्यटनमुखी सामग्री राखेर के गर्नु ?

बरु नयाँ योजना ल्याएछन्, ७० प्रतिशत व्यापारिक र ३० प्रतिशत धार्मिक पर्यटकीय क्षेत्र झल्काउने विज्ञान राख्ने । यो विषयमा हालै मात्र सहमति भएछ । नगरपालिकाको तर्क रहेछ- आम्दानीको स्रोत बढाउनु परेन ? त्यही भएर गोदावरी नगरपालिकाले १५ वर्षका लागि निजी कम्पनीलाई सुम्पेछ, त्यो चोक ।

बसमै अर्गानिक आँप

विषादीरहित तरकारी र फलफूलको खुबै चर्चा छ, काठमाडौंमा । भारतबाट आयातीतको विषादी अनिवार्य परीक्षण र लगत्तै स्थगनको निर्णयपछि जनजिब्रोमा झुन्डिएको शब्द हो, अर्गानिक ।

काठमाडौंमा त अर्गानिक बिरलै पाइन्छ । तर यस पटक बसमै चाख्न पाइयो, बगैंचाबाट टिपेको ताजा आँप । धनगढी-काठमाडौं रात्रि बस यात्रामा यस्तै संयोग मिल्यो । काठमाडौंमा अध्ययनरत छोरालाई भेट्न हिंडेका एक वृद्ध लम्कीदेखि 'सिट पार्टनर' बन्न पुगे ।

संयोग कस्तो भने म उनको मातृ (थारु) भाषा बुझ्न र बोल्न सक्ने भएकाले चाँडै घुलमिल भयौं । झोलाबाट आँप झिक्दै उनले भने, "विषादी हालेर पकाएको होइन, बगैंचाबाट टिपेको आँप ।"

हुन पनि अक्का स्वादिलो रहेछ आँप । अचेल त गाउँघरका बगान (बगैंचा) हराएको गुनासो थियो उनको । हुन पनि कुनै बेला गाउँघरमा आँपका ठूलूला बगैंचा हुन्थे, सिजनमा आफ्नो गाउँघरकै स्वाद चाख्न पाइन्थ्यो । ने

*शर्तहरु लागू हुनेछ

- **पेरोल सेभिङ्**
  - रु. ५ लाख को दुर्घटना बीमा
  - निशुल्क ए.टी.एम कार्ड/एस.एम.एस/इन्टरनेट बैंकिङ्ग
- **कर्पोरेट स्यालरी**
  - एक महिनाको अग्रीम तलब (रु. १ लाख सम्म)
  - रु. ५ लाख को दुर्घटना बीमा
  - निशुल्क ए.टी.एम कार्ड/एस.एम.एस/इन्टरनेट बैंकिङ्ग
- **सुपर सेभिङ**
  - निशुल्क ए.टी.एम कार्ड
  - निशुल्क एस.एम.एस/इन्टरनेट बैंकिङ्ग
- **समृद्धि बचत खाता**
  - बैंकको तर्फबाट रु.१०० खातामा
  - मोबाइल/इन्टरनेट/एस.एम.एस बैंकिङ्ग

एभरेष्ट बैंक लिमिटेड

EVEREST BANK LIMITED

(A joint-Venture with punjab national bank, India)

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
Since 1760
Lewis Berger
Paint your imagination
SILK GLAMOR
LUXURY INTERIOR EMULSION
Wall हरू हैन यादहरू हुन्
CRYSTAL REFLECTIVE TECHNOLOGY
Berger express painting
Faster. Cleaner. Better.
TOLL FREE NO.
16600123436
Type <Xp> and send to 33377